# सहयोगी हातहरूको समूह
# (सहास)-नेपाल

## बार्षिक प्रतिवेदन २०६५/६६





सहास-नेपाल

“सक्षम र प्रभावकारी सहास, गरीब र उपेक्षितहरूको विकास”

# धन्यबाद ज्ञापन

सहयोगी हातहरुको समूह (सहास) नेपाल नेपालको ग्रामीण भेगका समूदायहरुको सेवामा निरन्तर लागि रहेको एक नाफा रहित राष्ट्रिय स्तरको गैसस हो । स्थापना काल देखि हालसम्म ओखलढुङ्गा जिल्लाको २८ वटा गा.वि.स.हरुमा एकिकृत सामुदायिक विकासका परियोजनाहरु कार्यान्वयन गर्दै आइरहेको छ । यस्ता परियोजनाहरुले स्थानीय समूदायहरुको खाद्य सुरक्षाको अवस्थामा सुधार ल्याई समूदायमा आधारीत संजाल संस्थाको गठन गरेका छन् । यस्ता ४ वटा संस्थाहरु ग्रामीण महिला जागरण समूह, लिखु देम्बा सामुदायिक बिकास मञ्च, कोटगढी शिखर समाजले ओखलढुङ्गा जिल्लाको १९ वटा गा.वि.स.मा सामुदायिक विकासका परियोजनाहरुलाई निरन्तर सञ्चालन गरीरहेका छन् ।

समूदायहरुको आवश्यकता र समस्यालाई थाहा पाउन समूदायहरु संगै बसी उनीहरुका समस्या स्थानीय साधन, श्रोत र सिपको विश्लेषण गरी उनीहरुको योजनामा सहयोग गर्ने मान्यता यस संस्थाले आत्मसाथ गर्दै आइरहेको छ। जस अनुरुप विभिन्न विकासका गतिविधिहरु (मानबिय विकास, सामुदायिक शसक्तिकरण, संस्थागत विकास आयआर्जन र सीप विकास, शिक्षा, स्वास्थ्य, कृषि, पशु र पूर्वाधार विकास) समूदायहरुको सहयोग र सकृयतामा सञ्चालन गर्न सकेका छन् । यसले गरीब र सामाजिक रुपमा पछाडि पारीएका समूदायहरुलाई एकिकृत गर्न सकेको छ । उनीहरु आफ्नो हक अधिकार र स्थानीय स्तरमा भएका श्रोतहरुको पहिचान र परीचालन गरी बिकासका गतिबिधि संचालन गर्न सफल भएका छन् ।

संस्थाले ओखलढुङ्गा जिल्लाबाट सिकेका अनुभव, सिकाईलाई अन्य जिल्लामा पनि विस्तार गर्दै लैजाने योजना अनुरुप रणनीतिक योजनाको विकास गरेको थियो । जस अनुसार उदयपुर जिल्लामा खाद्यसुरक्षा कार्यक्रमलाई विस्तार गर्न सकेको छ । त्यस्तै गोरखा, तनहु र धादिङ्ग जिल्लाको १५ वटा गा.वि.स.मा नागरीक शिक्षा र ६ वटा गा.वि.स.मा स्थानीय प्रयासद्धारा जीविकोपार्जन सुधार परियोजना कार्यान्वयन गर्दै आइरहेको छ । यस क्रममा समूदायबाट प्राप्त अनुभब, सिकाई र सुझावले संस्थाको भाबी कार्यक्रमलाई थप प्रभाबकारी र सेवा मुखि बनाउन ठूलो भूमिका खेल्ने आशा लिएको छु ।

संस्थाद्धारा सञ्चालित परियोजना सफल बनाउन सहयोग पुऱ्याउनु भएका सम्बन्धित जिल्लाका जिल्ला विकास समिति, विकाससंग सरोकार राख्ने सरकारी कार्यालयहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु प्रति आभार प्रकट गर्दछु। संस्थाका सदस्य बिभिन्न परीयोजनामा कार्यरत कर्मचारीहरुको प्रतिवद्धता, इमान्दारीता, लगनशिलता र जटिल अवस्थामा पनि समूदायहरु संगै बसी कामलाई सफल बनाउन खेल्नु भएको भूमिका प्रति धन्यबाद दिन चाहन्छु। नेपालको दुर्गम क्षेत्र र गरीब समूदायलाई विशेष महत्व दिई सहयोग पुऱ्याइरहनु भएका विभिन्न देशका दातृ संस्थाहरुलाई सहयोगको लागि हार्दिक धन्यबाद दिन चाहन्छु ।

डा. सुरेन्द्र कुमार श्रेष्ठ

अध्यक्ष


सहास नेपाल

## सारांश

सहयोगी हातहरुको समूह (सहास) नेपाल विगत १४ वर्ष देखि ओखलढुङ्गा जिल्लाको दुर्गम गा.वि.स.हरुमा विभिन्न सामुदायिक विकासका गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ। यस संस्थाले ओखलढुङ्गा जिल्लामा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको साझेदारीमा खाद्य सुरक्षा कार्यक्रम, जैविक इन्धन परियोजना, ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम, स्थानीय झोलुङ्गे पूल कार्यक्रम, पहाडि मकै अनुसन्धान परियोजना, घर बगैचा परियोजना, नागरीक शिक्षा परियोजना, नेपाल स्कूल अफ शान्ति कार्यक्रम समेत कार्यान्वयन गर्दै आइरहेको छ। संस्थाले आफ्नो रणनीतिक योजनामा उल्लेख भए अनुसार जिल्ला विस्तार गर्ने योजना अनुरुप उदयपुर जिल्लामा खाद्य सुरक्षा कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। त्यस्तै तनहु, धादिङ्ग र गोरखामा समेत नागरीक शिक्षा र स्थानीय प्रयासद्धारा जीविकोपार्जन सुधार परियोजना प्रत्येक जिल्लाको २/२ वटा गरी ६ वटा गा.वि.स.मा कार्यान्वयन गर्दै आइरहेको छ। सहास नेपाल दुर्गम क्षेत्रका गरीब समूदायहरु संग मिलेर एकिकृत सामुदायिक विकासका गतिविधि कार्यान्वयन गर्न सफल भईरहेको छ। कार्यक्षेत्र पनि विभिन्न जिल्लाहरुमा विस्तार गर्दै आफ्नो संस्थाको पहिचान र सिकाईलाई गरीब समूदायहरु संग पुऱ्याउन सकिरहेको छ। समूदायहरुको सकृयतामा सञ्चालन भइरहेको विभिन्न गतिविधिहरुले समूदायहरुको जीवन स्तर सुधार भई हिजोको अवस्था भन्दा खाद्य सुरक्षाको स्थितिमा परिवर्तन आउन थालेको छ। भौतिक पूर्वाधार विकासले (खानेपानी निर्माण, स्कूल मर्मत, सिंचाई मर्मत, साना जलविद्युत बाँध निर्माण आदि) स्थानीय स्तरमा जीर्ण रहेका पूर्वाधारहरुमा धेरै परिवर्तनहरु देख्न पाइन्छ। यस्ता गतिविधि संगै विभिन्न समूह, मूलसमितिहरु र सञ्जाल संस्था गठन भई संस्थागत विकासद्धारा विकासका गतिविधिहरुलाई दिगो रुपमा सञ्चालन गर्न आधार तयार भईरहेको छ।

## विषय सूची


| विषय सूची | पेज |
|---|---|
| १. संस्थागत गतिविधिहरु | १ |
| २. कर्मचारी विकास तालिम/गोष्ठी | ७ |
| ३. स्थानीय प्रयासमा खाद्य सुरक्षा कार्यक्रम | ११ |
| ▪ ओखलढुङ्गा, इलाका ९ | ११ |
| ▪ ओखलढुङ्गा, इलाका १० | २३ |
| ▪ उदयपुर | ३३ |
| ४. स्थानीय झोलुङ्गे पूल कार्यक्रम | ६४ |
| ५. जैविक इन्धन परियोजना | ६५ |
| ६. पहाडी मकै अनुसन्धान परियोजना | ६८ |
| ७. ग्रामीण खानेपानी तथा सरसफाई सहयोग कार्यक्रम | ६८ |
| ८. नागरीक शिक्षा परियोजना | ६९ |
| ९. घर बगैचा परियोजना | ७१ |
| १०. स्थानीय प्रयासद्धारा जीविकोपार्जन सुधार परियोजना | ७२ |
| ११. समूदायमा आधारीत सञ्जाल संस्था क्षमता विकास | ७२ |
| १२. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रसंग साझेदारी | ७३ |




## संस्थागत गतिविधिहरु

### संस्थाको तेह्रौं साधारण सभा

संस्थाको विधान अनुसार वार्षिक रुपमा सम्पन्न गर्नुपर्ने संस्थाको तेह्रौं साधारण सभा सम्पन्न भयो । साधारण सभा दुई सत्रमा विभाजन गरी सम्पन्न गरीएको थियो । प्रथम सत्रमा साझेदार संस्थाका प्रतिनिधिहरुको सहभागीता (इकार्डस, आर.आर.एन., सि.एम.सी., फेल्म प्रतिनिधि) रहेका थिए । साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्ष डा. सुरेन्द्र श्रेष्ठले





गर्नु भएको थियो । संस्थाद्धारा सञ्चालित कार्यक्रमको प्रगती प्रतिवेदन, आगामी कार्यक्रमको अनुमोदन र लेखापरीक्षक नियूक्ति गरी सम्पन्न भएको थियो । संस्थाको भावी योजना बारे अध्यक्षज्यूबाट प्रकाश पारिएको थियो ।

### दातृ प्रतिनिधिले आयोजना गरेको अभिमुखीकरण गोष्ठीमा सहभागी

सहास नेपालले गरीब समूदायको सहयोगको लागि विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्थाहरुसंग साझेदारी गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यस क्रममा फेल्मले नेपालमा रहेका फेल्म साझेदार संस्थाहरुलाई दुई दिने अभिमुखिकरण गोष्ठीको आयोजना गरेको थियो । गोदावारीमा सञ्चालन भएको उक्त गोष्ठीमा फेल्मको कार्यप्रकृया र प्रस्ताव पेस तथा प्रतिवेदनको लागि फेल्मले प्रयोग गर्ने विभिन्न फर्मेटको वारेमा छलफल गराइएको थियो । १२ वटा संस्था प्रतिनिधिले भाग लिएको उक्त गोष्ठीमा फेल्मको तर्फबाट अनु र मार्कुस र मार्कुले सहजीकरण गर्नु भएको थियो । उक्त गोष्ठीबाट फेल्मको कार्यप्रकृया वारे थाहा पाउनुको साथै सम्बन्ध विस्तारमा सहयोग पुगेको थियो ।

## दातृ प्रतिनिधिसंग बैठक



सहास नेपालको कार्यालय ललितपुरमा फेल्म प्रतिनिधि अनु, मार्कुस र मार्कुसंग बैठकको आयोजना गरीयो। उक्त बैठकमा सहास नेपालका अध्यक्ष डा. सुरेन्द्र श्रेष्ठले सहासको छोटो चिनारी र उदयपुर कटारीमा भइरहेको कार्यक्रमको बारेमा प्रस्तुत गर्नु भएको थियो । यस अन्तरकृयात्मक बैठकमा फेल्म प्रतिनिधिले विशेष गरी सहास नेपालको कार्यप्रकृया बारेमा जिज्ञासाहरु राखेका थिए। छलफल पश्चात फेल्मसंग साझेदारीमा काम गर्नलाई थप मद्दत मिल्नुको साथै एक आपसको संस्थागत सम्बन्ध विकासमा टेवा पुग्ने आशा गरिएको छ।

## संस्थाका अध्यक्ष तथा दातृ प्रतिनिधिको कार्य क्षेत्र भ्रमण



संस्थाका कार्यसमितिका सदस्यहरु समय समयमा कार्यक्रम र परियोजनाको कार्यक्षेत्रमा गई समूदायसंग प्रत्यक्ष अन्तरक्रिया गरि समुदायको अनुभव तथा सिकाईलाई आदान प्रदान गर्दै आइरहेका छन् । कटारी कार्यालयमा ओखलढुङ्गा इलाका ९ का मूल समितिका प्रतिनिधिसंग दातृ प्रतिनिधि क्रिस्टीन गेट तथा मार्टीन र अध्यक्ष डा. सुरेन्द्र कुमार श्रेष्ठसंग प्रत्यक्ष अन्तरक्रिया भएको थियो। संस्थाद्वारा संचालित क्रियाकलापले समूदायमा पारेको प्रभाव बारे छलफल र अनुभवको आदान-प्रदान भएको थियो। त्यसै गरि उदयपुर जिल्लाको कटारी र रिस्कु गा.वि.स.मा सञ्चालन भईरहेको कार्यक्रमको बारेमा छलफल हुनुको साथै समूहले गरेका कामको प्रत्यक्ष अवलोकन र लक्षित समूदायहरुसंग अनुभव तथा उपलब्धीको आदान प्रदान गरिएको थियो । गरीब, विपन्न, भूमिहिन समूहहरुको सदस्यहरुसंग प्रत्यक्ष छलफलबाट समूदायले विगतमा भोगेका समस्या र हाल भएका परिवर्तनका बारेमा सहभागी टोलीलाई जान्ने मौका समेत भएको थियो । यसबाट संस्थाका कर्मचारीलाई थप उत्साह मिल्नुको साथै समूदायका व्यक्तिहरुलाई आफूले गरेको कामको प्रगती संस्थाका अध्यक्ष तथा दातृ प्रतिनिधिलाई सुनाउन पाउँदा खुशी व्यक्त गरेका थिए।



## छात्रबृत्ति सहयोग



संस्थाले नियमित रुपमा आफ्नो आन्तरिक श्रोतबाट सञ्चालन गर्दै आएको छात्रवृत्ती कार्यक्रम हाल उदयपुर र ओखलढुङ्गा जिल्लामा गरी जम्मा १४ जना छात्र तथा छात्राले सहयोग पाइरहेका छन् । यस कार्यक्रमले आर्थिक अवस्था कमजोर भएको, द्वन्दबाट पिडित, दलित र जनजातिका विशेष गरी महिलालाई आधार बनाई सहयोग गर्दै आइरहेको छ। यस सहयोगले छात्र बृति पाएका छात्र तथा छात्राले एस.एल.सी. सम्मको पढाइलाई निरन्तरता दिन सकेको छ । छात्रबृति सहयोग कार्यक्रम समाप्ती पछि पनि पढाइलाई निरन्तरता दिदै स्नातक तह सम्मको पढाइ समेत सकिसकेको पाइएको छ। कतिपय त आफ्नो खुट्टामा उभिन सक्ने समेत भएर विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुमा जागिरेको रुपमा काम समेत गर्न थालेका छन्।

## परामर्श सेवा प्रदान

सहास नेपाल आफ्ना सदस्य तथा कर्मचारीहरुसंग भएको सीप र दक्षता प्रयोगमा ल्याउन साझेदार संस्थाहरुलाई विभिन्न विषयहरुमा तालिम गोष्ठी मार्फत सहयोग प्रदान गर्दै आइरहेको छ। यस क्रममा कार्त्तिक २६ देखि ३० गते सम्म सामरी सेवा अन्तर्गत उत्थान कार्यक्रमले विराटनगर वविया विर्ता गा.वि.स.मा पाँचदिने आयोजना गरेको सामुदायिक विकास अवधारणा तालिममा सहजीकरण गर्ने कार्य सम्पन्न गरियो । उक्त तालिममा १० जना महिला सहित २० जना समूहका अगुवा सहभागीहरुको सहभागिता रहेको थियो। तालिम सहभागिता मूलक प्रक्रियाबाट सञ्चालन गरिएको थियो। तालिमका सहभागीहरुले आफ्नो टोलमा फर्किएपछि समूह गठन गर्ने र विभिन्न विकासका गतिविधिहरु सञ्चालन गर्ने प्रतिवद्धता जनाएका थिए।

यसै गरी सामरी उत्थान सेवा अर्न्तगत उत्थान कार्यक्रमले विराटनगर वविया वृत्ता, हुक्लावारी लगायतका गा.वि.स.मा सञ्चालन गरेको कार्यक्रममा समूहका अगुवाहरुलाई २०६५ चैत्र ९ गते देखि १४ गते सम्म छदिने समूह अवधारणा तालिमको आयोजना गरिएको थियो । यस तालिममा जम्मा ३४ जना समूहका अगुवा महिलाहरुको सहभागिता रहेको थियो । तालिम पश्चात सहभागी सदस्यहरुले समूह सञ्चालनमा सहयोग पुग्ने कुरा व्यक्त गरेका थिए।

यस्तै सामरी उत्थान सेवा अन्तर्गत आयोजित सर्लाहिको नेत्रगञ्ज/पुनरवासका विभिन्न समूह, क्लब, संस्थामा कार्यरत स्वयं सेवक र कर्मचारीहरुको सहभागितामा २ चरणमा गरी ३/३ दिनको "मातृ शिशु

स्वास्थ्य" सम्बन्धि तालिम मिति २०६६ जेठ १० गते देखि १५ गते सम्म सञ्चालन गरिएको थियो । उक्त तालिममा ५३ जना महिला र पुरुष ७ जनाले भाग लिएका थिए । समूदायको वास्तविक समस्यालाई सहभागीमूलक छलफल र विश्लेषण गरेका थिए । मातृ शिशु स्वास्थ्यको बारेमा आवश्यक ज्ञान दिन विभिन्न खेल घटना श्रव्य दृश्य साधनको प्रयोग गरिएको थियो । समुदायको वास्ताविक समस्यालाई न्यूनिकरण गर्न सहयोग पुग्ने विषयवस्तु प्रतिको ज्ञानले सहभागीहरुले तालिम प्रभावकारी भएको कुरा व्यक्त गरेका थिए । आफुले सिकेका ज्ञानलाई समूह मार्फत लागु गर्न कार्ययोजना समेत बनाएका थिए भने भाषाको समस्याले केहि सहभागीहरुलाई बुझाईमा असहज भएको महसुस गरियो ।

## वार्षिक समिक्षा तथा योजना तर्जुमा

संस्थाले वार्षिक र अर्ध वार्षिक रुपमा संस्थाको गतिविधि र संस्था अन्तर्गतका विभिन्न परीयोजनाहरुको समिक्षा गर्ने र भावी योजना तर्जुमा गर्ने कार्य नियमित रुपमा गर्दै आइरहेको छ । यस क्रममा २०६५ श्रावण १९ गते ललितपुरमा १ दिने समिक्षा बैठक आयोजना गरीयो । जसमा कार्यसमितिका सदस्य तथा कर्मचारीहरुको सम्लग्नता रहेको थियो । बैठकमा विगतमा गरीएको योजना के कति पुरा भए, के समस्या आयो र सिकाई के भयो भन्ने सन्दर्भमा छलफल गरी आगामी वर्षको लागि योजना तर्जुमा गर्ने कार्य गरीएको थियो । उक्त बैठक प्रत्यक्ष रुपमा समुदायसंग संलग्न रहेर काम गर्ने कर्मचारी साथीहरुको सहभागीता रहने हुदाँ संस्था र कर्मचारीको सम्बन्ध दरीलो हुनको साथै योजनामा आफ्नोपना हुने महशुस गरीएको थियो । उक्त समिक्षामा संस्थाका पदाधिकारीसंग बसी आवश्यक सुझाव र योजनामा थप घट गर्ने कार्य समेत भएको थियो । समिक्षा बैठकमा कर्मचारी विच अनुभव तथा सिकाईको आदान प्रदान हुने मौका मिलेको थियो ।

## नयाँ कार्यक्षेत्र भ्रमण - गोरखा, तनहुँ र धादिङ्ग



सहास नेपालले आफ्नो कार्यक्षेत्र विस्तार गर्दै नेपालको विभिन्न जिल्लाहरुमा काम गर्ने रणनीतिक योजना अनुरुप यस संस्थाका अध्यक्ष श्री डा. सुरेन्द्र कुमार श्रेष्ठ, संयोजकहरु मवीन घले, टंक गौतम र सबन श्रेष्ठले गोरखा, तनहु र धादिङ्ग जिल्लाको विभिन्न गा.वि.स.हरुमा भ्रमण गरेको थियो । यस भ्रमणको मूख्य उद्देश्य सम्बन्धित गा.वि.स.को वस्तु स्थिति बुझ्नु रहेको थियो । यस अवसरमा कार्य क्षेत्रका स्थानीय समूदायहरुसंग प्रत्यक्ष भेटी अन्तरकृया तथा संघ संस्थाका प्रतिनिधि अगुवासंग छलफल समेत भएको थियो । विशेष गरी चेपाङ्ग जातिहरु यस क्षेत्रमा धेरै वर्ष देखि बस्दै आएको भएतापनि आफ्नो अधिकारमा केहि पनि जग्गा र नागरीकता समेत नभएको हुनाले यो एउटा ठूलो समस्याको रुपमा समूदायहरुले व्यक्त गरेका थिए । त्यस्तै यस भेगमा आय आर्जनमा बृद्धि गर्नको लागि विभिन्न आयमूलक कृयाकलापहरु पनि सञ्चालन गर्नुपर्ने सुझाव दिएका थिए । आफुले उत्पादन गरेका सामाग्रीहरु स्थानीय बजारमा लगेर बेच्नलाई कुनै पनि समस्या नहुने हुँदा छिटो आम्दानी दिने कृयाकलापहरुलाई अगाडि बढाउनु पर्छ भन्ने मान्यता समूदायले राखेका थिए ।

## लि-वार्ड संग साझेदारी सम्झौता

संस्थाले कार्यक्रम र कार्यक्षेत्र विस्तार गर्ने क्रममा विभिन्न संस्थाहरुसंग साझेदारी गर्दै परियोजनाहरु कार्यान्वयन गर्दै आइरहेको छ । यसै अनुरुप धादिङ्ग, गोरखा र तनहुँ जिल्लामा **Enhancing Livelihood Through Local Efforts Project ( स्थानीय प्रयासद्धारा जिविकोपार्जन सुधार परियोजना ) लि-वार्ड** संगको साझेदारीमा यहि २०६६ साल जेष्ठ महिनादेखि ६ वटा गा.वि.स.मा परियोजना शुरु भएको छ । परियोजना सञ्चालन गर्न यस संस्थाको अध्यक्ष डा. सुरेन्द्र कुमार श्रेष्ठ र लि-वार्ड का कार्यकारिणी निर्देशक रन्जु मल्लले २ वर्षको अवधिको लागि द्धिपक्षिय सम्झौता सम्पन्न भएको छ । यस सम्झौता अनुसार लि-वार्डले कृषि, प्राकृतिक श्रोत व्यवस्थापन र प्राविधिक पक्षमा सहयोग पुऱ्याउने र सहास नेपालले सामाजिक, मानविय विकास, संस्थागत विकास र पूर्वाधार विकासमा सहयोग पुऱ्याउने योजना रहेको छ । यस साझेदारद्धारा समूदायको जीवन स्तरमा सुधार ल्याउन ठूलो सहयोगीको भूमिका खेल्ने छ ।

## मध्य पश्चिमाञ्चल र सुदुर पशिमाञ्चलका जिल्लाहरु भ्रमण

यस संस्थाले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने क्रममा नेपालको विभिन्न दुर्गम, खाद्य सुरक्षाको अभाब भएका जिल्लाहरुमा गई आवश्यक सूचनाहरु संकलन गर्ने प्रकृया अगाडि बढाउदै आइरहेको छ । यसै अन्तर्गत सुदुर पशिमाञ्चल र मध्य पशिमाञ्चल जिल्लाहरु (बाजुरा, मुगु, कालिकोट र दैलेख) मा यहि २०६६ साल बैशाख २२ गते देखि २८ गते सम्म जिल्लाको सदरमुकाममा भएका सरकारी तथा गैरसरकारी संस्थाहरुमा भ्रमण गर्ने कार्य भएको थियो । यस भ्रमणको मुख्य उद्धेश्य जिल्लामा कुन-कुन संस्थाहरुले के काम गर्दै आइरहेको छ र भविष्यमा काम गर्दा कस्तो प्रकारको कृयाकलापहरु सञ्चालन गर्न सकिन्छ भन्ने थाहा पाउनु रहेको थियो । जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीसंग भेट गरी जिल्लाको बस्तुस्थितिको बारेमा जानकारी लिई बढीमात्रामा खाद्य असुरक्षित गा.वि.स.हरुको नाम सहितको सीफारीश पत्र समेत लिने काम भएको थियो । यस भ्रमणले जिल्लाको भौगोलिक, सामाजिक, आर्थिक, पूर्वाधारको अवस्थाको जानकारी र संस्थाले काम गर्दा कस्तो प्रकृया

अवलम्वन गर्नु पर्छ भन्ने बारेमा समेत थाहा पाउने मौका भएको थियो । यस जिल्लाहरुमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न क्षेत्रमा लामो समयदेखि सहयोग पुऱ्याउदै आइरहेका छन् । यस्तो अवस्था हुँदाहुँद पनि स्थानीय विकास अधिकारी लगायत अन्य सरकारी कार्यालयका प्रतिनिधिहरुले जिल्लामा समस्याहरु धेरै भएको र सामाजिक संस्थाहरुले विकासका गतिविधिहरुलाई दुर्गम गा.वि.स.हरुमा लानु पर्ने कुरामा जोड दिएको थियो । यस भ्रमणमा संस्थाका अध्यक्ष डा. सुरेन्द्र कुमार श्रेष्ठले मुगु जिल्ला, टंक गौतमले कालिकोट जिल्ला, मविन घलेले बाजुरा जिल्ला र सबन श्रेष्ठले दैलेख जिल्लाको भ्रमण गर्नु भएको थियो । यसरी जिल्लाको जानकारी संकलन पश्चात प्रस्ताब पत्र विकास गरी बिभिन्न साझेदार संस्था र दातृ निकायमा पेस गर्ने कार्य सम्पन्न गरीएको छ ।



# कर्मचारी विकास तालिम

## अधिकारमा आधारीत विकास अभिमुखीकरण गोष्ठी



सहास नेपालले गरीब समूदायको खाद्य अधिकार सुनिश्चित गर्न विभिन्न पहल र वहस चलाउँदै आइरहेको छ। यस क्रममा संस्थाका कर्मचारीहरुलाई अधिकारमा आधारीत विकास अवधारणा वारे क्षमता विकास गर्ने उद्देश्यले एकदिने अभिमुखिकरण गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा सहजिकरण गर्न श्री उत्तम उप्रेतीले सहयोग पुऱ्याउनु भएको थियो । गोष्ठीमा विकासका गतिविधिहरुमा समूदायका अधिकार कसरी सुनिश्चित गर्न सकिन्छ र विश्व घोषणा पत्रमा उल्लेख गरीएका सन्धि तथा अभिसन्धिको वारेमा छलफल भएको थियो । गोष्ठीबाट विकासको कुरा कसरी अधिकारसंग जोडिन्छ र हामी जस्ता संघ संस्थाले समूदायको अधिकार सुनिश्चित गर्न खेल्नु पर्ने भूमीकाको वारेमा प्रष्ट हुने अवसर मिलेको थियो । गोष्ठीले परियोजनाको क्रियाकलापमा अधिकारमूखी गतिविधि सञ्चालन गर्न र सिमान्तिकृत समूदायलाई आफ्नो हक अधिकारको खोजी गर्न सचेत बनाउनको लागि उत्प्रेरित गर्न कर्मचारीको सीप अभिवृद्धि भएको थियो ।

## प्रशिक्षक प्रशिक्षण तालिम



संस्थाले समय समयमा कर्मचारीहरुको क्षमता विकासको लागि विभिन्न तालिम गोष्ठीहरुको आयोजना गर्दै आईरहेको छ। यस्ता कृयाकलापहरुले कर्मचारीहरुको क्षमता विकास हुनुको साथै नयाँ नयाँ सीप, ज्ञानमा समेत बृद्धि गर्न सहयोग पुऱ्याउदै आइरहेको छ । यस क्रममा संस्था अन्तर्गत सम्पूर्ण कार्यक्रम/परियोजनामा कार्यरत कर्मचारीहरुको लागि काभ्रेको वुडोलमा २०६५, श्रावण १२ देखि १६ गतेसम्म प्रशिक्षक प्रशिक्षण तालिमको आयोजना भएको थियो । तालिमको

सहजिकरण श्री चेतनाथ कडेलले गर्नु भएको थियो । आवासिय तालिम भएकोले सम्पूर्ण सहभागी साथीहरुमा एक आपसमा घुलमिल भई सिकाइलाई बाँडचुँड गर्ने राम्रो मौका मिलेको थियो । तालिम पश्चात सहभागीहरुमा सहजीकरण गर्ने सीप विकास भएको थियो । तालिममा व्यवहारीक अभ्यासले गर्दा आफ्नो सीप खार्ने अवसर मिल्नुको साथै नयाँ कर्मचारी साथीहरुको लागि तालिम सञ्चालन तथा सहजिकरणमा क्षमता विकास भएको थियो ।

## मनोसामाजिक तालिम

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालको सहयोग र सहास नेपालको आयोजनामा मंसिर १३ देखि १७ सम्म ओखलढुङ्गामा मनोसामाजिक तालिमको आयोजना गरीएको थियो । यस तालिममा ६ जना महिला सहित जम्मा १९ जना विभिन्न संस्थाका प्रतिनिधि तथा समूदायका व्यक्तिहरुको सहभागिता रहेको थियो । मानसिक रोगको समस्यामा परेका कार्य क्षेत्रका समूदायहरुलाई परामर्श सेवा प्रदान गर्ने सीपको विकास गर्नु उक्त तालिमको मुख्य उद्देश्य रहेको थियो । ओखलढुङ्गा तथा उदयपुरबाट सहास नेपालका कर्मचारीले उक्त तालिममा भाग लिएका थिए । व्यवहारीक अभ्यासले सिकाईलाई प्रभावकारी बनाएको थियो । सहभागीहरुले सिकेको कुरा अधिकारमा आधारित साक्षरता कक्षा र समूहको बैठकमा छलफल गराउने र १/१ वटा मानसिक समस्या परेको व्यक्तिलाई परामर्श गर्ने योजना बनाएका थिए । योजना अनुसार समूहको बैठकमा मानसिक समस्या आउनुका कारण र रोकथामको उपाय बारे छलफल गराइएको थियो । त्यस्तै महिला स्वस्थ्य स्वयंसेविका तालिममा मानसिक समस्या भएका व्यक्तिलाई परामर्श सेवा दिने तरीकाको बारेमा छलफल गराइएको थियो । जस अन्तर्गत उदयपुरबाट मानसिक समस्या भएका २ जना व्यक्तिलाई उपचारको लागि ओखलढुङ्गा अस्पतालमा पठाइएको थियो ।

## सजिवन विरुवा रोपण तालिम

पूर्नजागरण समाजले सिराहा जिल्लाको लहानमा मिति २०६६ साल जेष्ठ २६ गते देखि ३० सम्म आयोजना गरेको तालिममा यस संस्थाका जैविक उर्जा परियोजनामा कार्यरत सहजकर्ता मन बहादुर राईले भाग लिएको थियो । यस तालिमबाट सजिवन विरुवा कति उचाई सम्म लगाउदा राम्रो हुने, सजीवनको प्रजाति, खेती गर्ने प्रविधि, जैविक रुपमा प्रयोग गर्ने तरीका बारेमा सिक्ने मौका भएको थियो । यस तालिममा सहभागी भएपछि संस्था आफैले ओखलढुङ्गा जिल्लाको ७ वटा गा.वि.स.मा विगत २ वर्षदेखि सजिवन खेती प्रवर्द्धन परियोजनाको कार्यान्वयन गर्दै गरेको हुनाले सहभागीलाई तत्काल सिकेको कुराहरुलाई व्यवहारमा प्रयोग गर्न सजिलो भएको थियो ।



## सामाजिक उत्तरदायित्व गोष्ठी

ग्रामीण खानेपानी तथा सरसफाई विकास कोष समितिको आयोजनामा चितवनको नारायणगढमा आयोजना भएको जनजागरण तालिममा यस संस्थामा कार्यरत कर्मचारी श्री मेघ जित राईले भाग लिनु भएको थियो । ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिको साझेदार संस्थाहरुलाई यस तालिममा सहभागी गराइएको थियो । यस तालिममा निर्माणाधिन खानेपानीलाई चुस्त र दुरुस्त तरीकाले प्रभावकारी रुपमा कसरी सम्पन्न गर्न सकिन्छ भन्ने बारेमा छलफल भएको थियो । खाने पानी निर्माण गर्दा समूदायको र संस्थाको जिम्मेवारी र भूमिका कसरी बाँडफाँड गर्ने साथै जनलेखा परिक्षण कसरी गर्ने भन्ने बारेमा जान्ने मौका भएको थियो । तालिमका सहभागीहरुले आफ्नो क्षेत्रमा फर्केपछि सिकेका कुराहरुलाई व्यवहारमा प्रयोग गर्न कार्ययोजना बनाएका थिए ।

## व्यवसाय शुरु तथा सुधार (TOT) तालिम

Industrial Enterprise Development Institute को आयोजनामा काठमाडौंमा भएको व्यवशाय शुरु तथा सुधार (TOT) तालिममा यस संस्थामा कार्यरत कर्मचारी श्री गोमा सिग्देलले भाग लिनु भएको थियो । यस तालिमले नयाँ व्यवसाय शुरु गर्दा कसरी प्रभावकारी योजना बनाउन सकिन्छ, कस्ता-कस्ता कुराहरुलाई ध्यान दिनु पर्छ भन्ने सिकाई भएको छ । तालिमबाट सहजिकरण सीप बृद्धि भएको थियो ।

## मकै उत्पादन तथा वजार व्यबस्थापन तालिम

राष्ट्रिय बालि अनुसन्धान कार्यक्रमद्धारा चितवनमा आयोजना गरेको दुईदिने तालिममा यस संस्थाबाट श्री अजय कार्कीले भाग लिनु भएको थियो । यस तालिमले सहभागीलाई मकै उत्पादन तथा सम्वन्धित प्राविधिक पक्ष र गुणस्तरीय विऊ उत्पादन र बजार व्यबस्थापनको बारेमा जान्ने मौका भएको थियो । तालिमले प्राविधिक ज्ञानको थप विकास गर्न मद्धत पुगेको थियो । यस तालिमबाट ओखलढुङ्गा जिल्लामा कार्यान्वयन भईरहेको पहाडि मकै अनुसन्धान परियोजना कार्यान्वयन गर्न थप सहयोग पुगेको छ ।

## खाद्य अधिकार तालिम

FIAN नेपालको प्राविधिक सहयोग र YAC- Nepal को आयोजनामा काठमाडौंमा आयोजना भएको चारदिने खाद्य अधिकार तालिममा यस संस्थाबाट १ जना कर्मचारी सहभागी हुनु भएको थियो । यस तालिमले सहभागीहरुमा खाद्य अधिकार सम्वन्धि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको बारेमा जानकारी भएको र समूदायमा हुने खाद्य अधिकार हनन् सम्वन्धि दस्तावेजीकरण गर्ने सीप प्राप्त भएको थियो । तालिम पश्चात आफ्नो क्षेत्रमा विशेष गरी खाद्य अधिकार सम्वन्धि कुरालाई कसरी समूदायहरु माझ लान सकिन्छ भन्ने बारेमा छलफल समेत भएको थियो ।

## झोलुङ्गे पूल सीप अभिबृद्धि तालिम

स्थानीय झोलुङ्गे पूल निर्माण कार्यक्रम, काठमाडौंको आयोजनामा दोलखाको जिरीमा सञ्चालन भएको ३५ दिने झोलुङ्गे पूल निर्माण तालिममा यस संस्थामा कार्यरत प्राविधिक श्री गंगा कार्की सहभागी हुनु भएको थियो। समूदाय स्तरमा पूल निर्माण गर्दा शुरु देखि निर्माण समाप्त नहुन्जेल सम्म के-के प्रकृयाहरु अपनाउनु पर्छ भन्ने कुराको सैद्धान्तिक र व्यवहारीक रुपमा सिकेर स्थानीय स्तरमा सिकेका सीपहरुलाई परिचालन गर्न थालेका छन्। यस तालिममा सहभागीमा पूल निर्माणमा आत्मविश्वास बढ्नको साथै नयाँ सीप, ज्ञान समेत बृद्धि भएको महशुस गरेका थिए। संस्थामा पूल निर्माण गर्ने दक्ष जनशक्तिको विकास भएको छ।



# स्थानीय प्रयासमा खाद्य सुरक्षा कार्यक्रम - इलाका ९

सहयोगी हातहरुको समूह (सहास)-नेपाल ओखलढुङ्गा जिल्लामा बिगत १४ बर्ष देखि सामुदायिक बिकासको कार्य गर्दै आइरहेको छ। यस क्रममा खाद्य सुरक्षा कार्यक्रम मार्फत ओखलढुङ्गामा आर्थिक बर्ष ०६५/०६६ मा समूदायको सक्रियता र सहास नेपालको सहयोगमा सम्पन्न क्रियाकलापहरु निम्न बमोजिम रहेका छन्।

## तरकारी खेती



समूहका सदस्यहरुलाई व्यवस्थित तरकारी खेती गरी आम्दानी बृद्धि गर्न उत्प्रेरित गर्ने उद्देश्यले तीनदिने तरकारी खेती तालिमको आयोजना गरीयो। तालिममा १८ जना सहभागीले भाग लिएका थिए। परम्परागत रुपमा गर्दै आइरहेको तरकारीहरु (स्कुस, फर्सी आदि) भन्दा फरक तरीकाको तरकारीहरु लगाएर फलाउन पाउँदा समूदायहरु उत्साहित भएका छन्। तरकारीको विऊ उत्पादन तालिम आयोजना गर्नको लागि प्रस्ताव समेत राखेका छन्।

तरकारी खेती गर्न थालेपछि कृषकहरुले आफ्नो स्वास्थ्य सुधारमा समेत सहयोग पुगेको महशुस गर्न थालेका छन्। यसबाट अन्य कामहरु गर्नमा सहयोग पुगी विभिन्न कामहरुबाट आयआर्जन भई गरिव कृषकहरुको खाद्य सुरक्षामा समेत सहयोग पुगेको छ। यसले तरकारी किनेर खाने पैसाको बचत भई अन्य खाद्य बस्तुहरु किन्नमा सहयोग पुगेको छ। कुपोषित बच्चालाई पोषणको स्थितिमा सुधार आएको छ। समूदायहरुको आम्दानीमा वृद्धि भएको छ।

## हाट वजार व्यवस्थापन समिति बैठक

स्थानीय समूदायद्धारा आफ्नो ठाउँमा उत्पादन भएका विभिन्न दैनिक उपभोग्य सामाग्रीहरुलाई एक ठाउँमा लगेर बेच विखन थलो हाटवजार विगतदेखि नै राम्रो माध्यम बन्दै आइरहेको छ। स्थानीय समूदायहरुले हाट वजारलाई व्यवस्थित रुपमा व्यवस्थापन गर्न नसक्दा बजारमा किन्न आउने र सामाग्री बेच्ने व्यक्तिहरुलाई वजार व्यवस्थित नहुँदा फोहर बढनुको साथै आवत जावत र बजारको

सरसफाई सुधारमा सहयोग गर्ने उद्देश्यले बजार व्यवस्थापन समितिको बैठक आयोजना गरीयो । उक्त बैठकमा बजारलाई व्यवस्थित गर्न समितिले गर्नु पर्ने काम बजार सुधारको लागि गर्नु पर्ने कार्यको योजना बनेको थियो । बजारलाई व्यवस्थित र प्रभावकारी रुपमा चलाउन लिखित नीति नियमहरु नभएको हुँदा सञ्चालन प्रकृया अव्यवस्थित भएको र आगामी समयमा सम्पूर्ण कुराहरुलाई प्रभावकारी रुपमा चलाउन विभिन्न कार्य गर्ने गरी कार्ययोजनाको विकास भएको छ। लिखित नीति नियम बनाई सबैलाई सूचना दिने, फोहर फाल्ने खाल्टो निर्माण गर्ने र सार्वजनिक शौचालय निर्माण गर्ने योजना बनाएको थियो । जसबाट बजारको सर सफाइमा सुधार आएको छ ।

## अधिकारमा आधारीत साक्षरता कक्षा



विगत वर्षदेखि विभिन्न कारणले पढ्न नसकेका प्रौढ समूदायहरु त्यसमा पनि महिलाहरुलाई लक्षित गरी अधिकारमा आधारित साक्षरता कक्षा सञ्चालनको लागि समूदायलाई सहयोग गर्दै आइरहेको छ। यस कक्षाले निरक्षर समूदायहरुको साक्षरतामा बृद्धि गर्न ठूलो सहयोग पुऱ्याउदै आइरहेको छ। यस कक्षाले लेख्न र पढ्न मात्र नसिकाई आफ्नो गाउँ टोलको समस्याहरुलाई छलफल गरी समस्याको समाधान गर्न योजना बनाउने माध्यम बनेको छ। जसले गर्दा व्यवहारीक ज्ञानको आर्जन गर्न सहयोग पुगेको छ। कक्षा सञ्चालनको लागि समूहले छनौट गरेका १४ जना सहयोगी कार्यकर्तालाई पूर्व तयारी तालिमको आयोजना भएको थियो । यस तालिममा प्रौढहरुलाई कसरी प्रभावकारी रुपमा पढाउन र बुझाउन सकिन्छ भन्ने बारेमा विभिन्न सीपहरु साथै ज्ञानहरु समेत सहयोगीहरुलाई दिइएको थियो । तालिम पश्चात सहयोगीहरुमा उत्साह साथै आफ्नो केन्द्रमा सञ्चालन हुने प्रौढ कक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रतिवद्ध भएर काम गरेका थिए ।

सहयोगीहरुले तालिममा सिकेका कुराहरुलाई क्रमबद्ध रुपमा सिकाउदै गरेको र सहभागीहरुमा पनि सहयोगीहरुले पढाएको कुराहरुलाई मेहनत साथ सिकेर छोटो समयमा नै पढ्न र लेख्न थालेका छन्। सहभागीहरुले हामी प्रौढ भए पनि सिक्यो भने जानिदो रहेछ भन्ने कुराको महशुस गरेका छन्। लेख्न र पढ्न मात्र सक्यो भने पनि समाजमा विकासका समस्याहरु साथै आवश्यक परे विभिन्न संघ संस्थाहरुमा समेत भेट गरेर आवश्यक कुरा राख्न सक्ने समेतको विकास भएको उनीहरुले बताएका थिए। विकासका गतिविधिहरुमा महिलाहरुको संलग्नता बृद्धि गर्दै लान थालेका छन्। प्रौढहरु सहभागी हुने यस कक्षामा उनीहरुले शुरुमा हामीले पढेर के गर्न सक्छौ भन्ने मान्यता रहेकोमा अहिले आएर पढ्न भनेको अक्षर चिन्न मात्र नभई अन्य व्यबहारीक ज्ञान हासिल गर्न पनि रहेछ भन्ने महशुस गर्न थालेका छन्। कक्षामा सिकेका कुरालाई व्यवहारमा उतार्ने क्रममा घर वरिपरिको सरसफाइ, बच्चाको सरसफाइ, फोहोर फाल्ने खाल्टा निर्माण, खाल्टे चर्पिको निर्माण, वृक्षा रोपण जस्ता कार्य महिलाहरु मिलेर गर्दै आइरहेका छन्। महिलाहरु समूहको बैठकमा आफ्नो कुरा नडराइ र नलजाइकन राख्ने र समूहमा अगुवाइको भूमिका लिएर कार्य गर्न थालेका छन्।

## विद्यालय शिक्षण



विद्यालयमा पढ्ने विद्यार्थीहरुलाई शिक्षा र स्वास्थ्य सम्वन्धी चेतनामूलक शिक्षा दिने उद्धेश्य अनुरुप प्राथमिक र नि.मा.वि.का विद्यार्थीहरुलाई निरन्तर रुपमा कक्षामा गई विभिन्न खेल खेलाएर, पोष्टरहरु देखाएर, शिक्षा र स्वास्थ्य सम्वन्धी छलफल गराउदै आइरहेको छ । समय समयमा यस्ता छलफलले विद्यार्थीहरुमा पनि सरसफाई र स्वास्थ्य सम्वन्धी चेतनाको विकास भएको पाइएको छ। विद्यार्थीहरु आफ्नो घरमा गई अभिभावकहरुलाई चर्पि बनाउन अनुरोध गर्ने र आफ्नो सरसफाईमा ध्यान दिन थालेको पाइएको छ।

## भरिया सहयोग अनुगमन

कटारी देखि ओखलढुङ्गा सम्मको मोटरबाटो बनेपछि हजारौं भारी बोकेर आफ्नो पेशा अंगाली जीवन निर्वाह गरीरहेका भरियाहरुको दैनिक गुजारामा ठूलो असर पुगेको छ । जसले गर्दा आफ्नो दैनिकी गुजारा गर्न समेत साह्रै गाह्रो भइरहेको छ । सहास नेपालको कार्यक्षेत्र भित्र पनि लगभग ५०० जना भरियाहरु पेशा अंगाली जीवन निर्वाह गर्दै आइरहेका थिए। जब मोटरबाटो बनेपछि उनीहरुको पनि आयआर्जन गर्ने बाटो समेत खोसिएको छ। यसले गरीब समूदायहरुलाई झन गरीब बनाउदै लगिरहेको छ । अति गरीब भरियाहरुको छनौट समूहको सीफारीस मार्फत गराई संस्थाले रु. ५,००० घुम्ती कोषको रुपमा सहयोग गरेको छ। यस रकमले स्थानीय स्तरमा गर्न सक्ने व्यवसायहरु (पसल, खाद्य, फलफूल, तरकारी) शुरु गरेका छन्। यस रकमलाई व्यवस्थित रुपमा परिचालन गरी स्थानीय स्तरमा पाईने विभिन्न खाद्य बस्तु, फलफुल, दलहन, कुखुराहरु बेची आम्दानी लिन थालेका छन्। जब पेशा खोसीएपछि केहि गर्नलाई आर्थिक समस्या पर्ने भएको र यस रकमले केहि व्यवसाय अगाल्न पाउँदा अहिले दैनिक जीवन निर्वाहमा ठूलो सहयोग पुगेको वताएका छन्। उनीहरुको दैनिक जीवन निर्वाहमा बेचेर आएको नाफाले बिहान र बेलुका के खाने भन्ने समस्या टरेको कुरा प्रत्यक्ष रुपमा व्यक्त गरेका थिए। खाद्य सुरक्षाको अवस्थामा समेत फरक आएको छ। हिजो केहि पनि पेशा नहुँदा थोरै अवधिको

लागि मात्र खान पुग्थ्यो जसले गर्दा विहान खाएर बेलुका के खाने समस्या थियो तर यस कृयाकलाप पश्चात आय बृद्धि भई किनेर खान थालेका छन्। जसले गर्दा उनीहरुको दैनिक खाने बानीमा समेत परिवर्तन आउन थालेको छ। हाल उनीहरुले यस सहयोग मार्फत प्रत्यक्ष लाभ पाएको अनुभूति गरेका छन्। भविष्यमा यस्ता कृयाकलापहरुलाई निरन्तर रुपमा अगाडि बढाउदै लैजाने प्रतिवद्धता व्यक्त गरेका छन्। मोटर बाटो बनेपछि खोसिएको भरियाहरुको रोजीरोटी यस सहयोग मार्फत व्यवस्थित रुपमा परिचालन गर्न सक्यो भने आम्दानी लिन सकिदो रहेछ भन्ने उदाहरण देखाएका छन्।

## साना किसान



खाद्य सुरक्षा कार्यक्रमले गरीब र उपेक्षित समूदायहरु मध्ये समूहहरुको छनोटमा अति गरीब समूहका सदस्यहरुलाई सहभागी गराई साना किसान समूह गठन गर्दै आइरहेको छ। महिला, गरीब, पछाडि पारिएका, दलित सदस्यहरुको सहभागिता यस समूहमा रहेको छ। दैनिक जीवन निर्वाहमा आय श्रोतमा बृद्धि गर्न सकोस भन्ने उद्देश्यका साथ स्थानीय स्तरमा पाइने बाख्रा र सुँगुर सहयोग गर्दै आइरहेको छ। यस सहयोगबाट सदस्यहरुले बाख्रा र सुँगुर बेचेर आम्दानी लिन थालेका छन्। यस आम्दानीबाट उनीहरुको दैनिक जीवन निर्वाहमा ठूलो सहयोग पुगेको छ। २ वटा बाख्रा र सुँगुरको सहयोगबाट शुरुवात गरेको यस कृयाकलापलाई निरन्तर गर्दै १० वटा संख्यासम्म पुऱ्याउन सकेका छन्। यस कृयाकलाप पश्चात आम्दानीको श्रोत बढेको र खाद्य बस्तुहरु खरीद गरी खाने बानीमा समेत परिवर्तन गर्न सहयोग पुगेको छ। जसले गर्दा खाद्य सुरक्षामा समेत ठूलो सहयोग पुगेको कुरा साना किसान सदस्यहरुले बताएका थिए। बाख्रा र सुँगुरको मललाई व्यवस्थित गरी जग्गामा लगाउदा पहिलाको भन्दा खाद्य उत्पादनमा बृद्धि हुन थालेको छ। साहुको चर्को व्याजबाट ऋृण लिने प्रक्रिया घटेको छ। च्यानाम गा.वि.स.को वडा नं. ७ मा १५ घरपरिवारका महिला सदस्यहरुलाई सामूहिक बाख्रा पालनको लागि यस संस्थाले १७ वटा बाख्रा किनेर वितरण गर्ने कार्य सम्पन्न भएको छ। यस समूहमा दलित ५, जनजाति २ र अन्य ९ जना सदस्यहरुको सहभागिता रहेको छ। सामूहिक रुपमा बाख्रा पालन गर्न पाउँदा यस समूहका सदस्यहरुमा खुसी हुनुको साथै व्यवस्थित रुपमा खोर बनाई धेरै भन्दा धेरै आम्दानी लिने योजना यस समूहका सदस्यहरुको रहेको छ।



### बाख्राको कमाइले भैसी जोड्यो

पत्याउन गाह्रो पर्ला ? कसरी बाख्राले भैसी जोड्यो ? साच्चिकै यथार्त हो ओखलढुङ्गा जिल्ला मूलखर्क गा.वि.स. वडा नं. ३ निवासी श्री शुक्रे तामाङ्गको २ छोरी गरी ४ जनाको परिवार छ। पेशाले उनी कृषक हुन। सम्पत्तिको नाममा घर घडेरी सहित ३ रोपनी पाखा बारी मात्र छन्। उनी आफ्नो दैनिक जीवन मिस्त्री काममा विताउँछन्। विगत ३ वर्ष अगाडि सहास नेपालको सहजीकरणमा शान्ति नामक समूह गठन भयो र उनी पनि त्यस समूहमा आवद्धता भए। समूहले बचत, ऋण परिचालन र नियमित बैठक बस्न थाल्यो र निरन्तर रूपमा अगाडि बढ्दै गयो। यसै क्रममा सहास नेपालको साना किसान सहयोग अन्तर्गत बाख्रा पालन त्यस समूहमा सहयोग गर्ने निर्णय भयो र समूहले उनलाई नै छान्यो र २ वटा स्थानीय बाख्रा सहयोग भयो। हालसम्म उनले बाख्रा पाए पछि रू. ४,००० को २ वटा बोका बेची १ वटा थोरे भैसी जोडे भने समूहलाई दिनु पर्ने २ वटा बाख्रा पनि दिइसकेका छन् भने उनी संग हाल २ वटा माउ बाख्रा र रू. ३,००० पर्ने १ वटा खसी पनि छ। उनलाई अगाडि देखि नै भैसी पाल्ने रहर थियो उनी भन्छन् अव यसको सन्तान जोड्छु र बृद्धि गर्छु। समूहका अध्यक्ष धन कुमार तामाङ्ग भन्नु हुन्छ हाम्रो समूहले यस्तो शुक्रे जस्तालाई अगाडि बढाउने लक्ष्य राखेको छ। साना किसान शुक्रे सहास नेपालले मेरो भैसी पाल्ने रहर पुरा गरि दिएकोमा धन्यबाद दिन पछि परेनन्।



## खानेपानी निर्माण र मर्मत

समूहले आफ्नो टोलको आवश्यकताको महशुस गरी प्राथमिकीकरण अनुसार विभिन्न सामुदायिक विकासका गतिविधिहरु गर्दै आइरहेका छन्। खानेपानी जुन दैनिक उपभोगमा अनिवार्य चाहिन्छ। ग्रामीण भेगका समूदायहरु विशेष महिलाहरुले धेरै काम माया मारेर टाढासम्म खानेपानी लिन जानुपर्ने बाध्यता छ। जसले गर्दा उनीहरुको स्वास्थ्यमा समेत असर पुऱ्याइरहेको छ। संस्था र समूहको छलफल मार्फत आवश्यक ठाँउहरुमा खानेपानी निर्माण कार्य हुँद आइरहेको छ। बाह्य सामग्री संस्थाबाट र अन्य सम्पूर्ण सामग्रीहरु स्थानीय उपभोक्ताको योगदानमा खानेपानी प्रभावकारी रुपमा सम्पन्न हुन सकेको छ। यसरी सञ्चालित योजनामा ६० देखि ७० प्रतिशत सम्म समूदायहरुले





योगदान गरेर कार्य पूरा भएको छ। योगदानले खानेपानी हाम्रो भन्ने भावनाको विकास गर्न ठूलो सहयोग पुगेको छ। खानेपानी निर्माण समयमा सम्पन्न गर्न सम्वन्धित गा.वि.स., जि.वि.स र अन्य सहयोगी संस्थामा गई श्रोत खोजी समेत गर्न सकेका छन्। खानेपानी बनेपछि विशेष गरी महिलाहरुलाई धेरै टाढा सम्म पानी लिन जाने समयको बचत, घर भित्र र वरिपरिको सर सफाइमा सुधार आएको छ। यस समयलाई अन्य काममा लगाउन सकेका छन्। जस्तै : आफ्नो बच्चाहरुलाई हेरचाह गर्न सकेको, विहान बेलुका नजिकै बारीमा काम गर्न सकेको, अन्य उत्पादक मूलक कृयाकलापहरु गर्न सकेको छ। खानेपानी बनेपछि आफ्नो घर वरीपरी तरकारी खेतीलाई बृद्धि गर्दै लान थालेका छन्। यसले गर्दा चाहेको समयमा विभिन्न तरकारी खान पाई स्वस्थ जीवन व्यतित गर्न थालेका छन्। उत्पादनबाट बढी भएको तरकारी बजारमा लगेर बेच्ने समेत बानीको विकास हुन थालेको छ। तरकारी बेचेर आएको रकमबाट अन्य उपभोग्य लगायत बच्चाहरुको स्कूल फिस, कापी कलम किन्नलाई ठूलो सहयोग पुगीरहेको छ। यसरी सञ्चालित खानेपानी योजनाहरुको सामाग्री ढुवानी घुर्मी देखि करिव एकदिन लाग्ने बाटोसम्म बोकेर योजना सम्पन्न गरेका छन्। विकासका कृयाकलापहरुमा समूदायहरुको सामूहिक भावना, जनसहभागिता र हाम्रो हो भन्ने भावनामा विकास भएको पाइएको छ।

### नगरेर पो रहेछ त ? गरेपछि त हुँदो रहेछ नी !

जलश्रोतको धनी देश नेपाल तर समूदाय स्तरमा स्वच्छ र सफा पिउने पानीको अभाव प्रशस्त मात्रामा देखिन्छ। सरकारी तथा गैर सरकारी पक्षबाट केहि योजनाहरू धेरै अगाडि सञ्चालन भएका र हाल आएर मर्मत नहुँदा अव्यवस्थित भएका ठाँउहरूमा स्थानीय स्तरमा सीप र श्रोतको अभावमा केहि पनि नगरेको पाइन्छ। जसले गर्दा समूदायहरूलाई पानीको धेरै ठूलो समस्या परिरहेको छ। यस्तै योजनाहरू मध्ये कटुन्जे गा.वि.स.को १ नं. वडामा धाराहरू थिए तर धारामा पानी आउदैनथ्यो। यस योजना २०५२ सालमा ADB को सहयोगमा निर्माण भएको थियो। त्यस गा.वि.स.का मूल समितिले मर्मत सम्भारको लागि आवश्यक सामग्री जुटाइदिन पहल गर्ने गरी सहास नेपालसंग छलफल र कार्ययोजना बनाइयो। यसपछि द्धिपक्षीय सम्झौता भयो। संस्थाले निर्माणको लागि बाह्य सामग्री सहित सामाजिक र प्राविधिक पक्षमा नियमित रूपमा सहयोग र समूदायहरूको आफ्नो योगदान (पाइप लाइन खन्ने, संरचना निर्माण, स्थानीय सामग्रीहरूको व्यबस्थापन) ले गर्दा यो योजना समयमा नै सम्पन्न हुन सक्यो। विग्रेर बसेको धारामा नियमित रूपमा पानीको उपभोग गर्न पाउँदा समूदायहरूमा हौसला मिलेको छ। यस योजनामा सहास नेपालको तर्फबाट रू. ६५,७२८.०० को सहयोग भएको थियो।

हाल उपभोत्ताहरू भन्छन्: पहिले नै यसरी काम गरेको भए त अहिले मर्मत गर्नु पर्दैन थियो होला। पिउने पानीको अभावका कारण पानी बोक्न घन्टौ जानु पर्ने भैसीगौडाका समूदायहरूको घर नजिकै धारामा पानी आउँदा खुसी देखिन्छन।



## विद्यालय निर्माण र मर्मत

विद्यालयको भौतिक अवस्थालाई सुधार गरी पढाईको गुणस्तर साथै विद्यार्थीहरुलाई सहज रुपमा स्कूलमा पढ्ने वातावरणको सृजना गर्न भौतिक अवस्थामा नाजुक रहेको स्कूलहरुको मर्मत कार्य समूह सदस्यहरुको सकृयतामा गर्दै आइरहेको छ। विभिन्न संस्थाबाट श्रोतको बाँडफाँडद्धारा गरिदै आएको यस्ता कृयाकलापहरुले विद्यार्थी, शिक्षक र अभिभावकहरुलाई प्रत्यक्ष फाइदा पुगिरहेको छ। स्कूलहरुको



अवस्था नाजुक हुँदा समेत बाध्यतावश पढन र पढाउन जानु पर्दथ्यो। यसले न त पढ्ने र पढाउने वातावरण नै बन्दथ्यो। स्कूलको मर्मतपछि विद्यालयमा विद्यार्थीहरुको संख्यामा पनि बृद्धि भएको छ भने शिक्षकहरु पनि ढुक्कसंग स्कूलमा पढाउन थालेका छन्। शिक्षाको स्तरलाई बृद्धि गर्न यस्ता मर्मत सम्भार कृयाकलापहरुले समुदायहरुलाई सचेत गराउन सकेको छ। यस आर्थिक वर्षमा ८ वटा विद्यालय मर्मत कार्य सम्पन्न गरिएको छ। यसबाट १५०० जना विद्यार्थी लाभान्वित भएका छन्।

## चर्पी निर्माण



संस्थाले समूहमा मात्र चर्पी निर्माणमा सहयोग गरेको छैन की विद्यालय वा अन्य संस्थाहरुमा पनि व्यवस्थित रुपमा चर्पीहरुको निर्माण गर्दै आइरहेको छ। विद्यालय, स्थानीय स्तरका सरकारी कार्यालय लगायत सामुदायिक भवनमा भौतिक रुपमा जीर्ण अवस्थामा रहेका चर्पीहरुको लागि सहयोग गर्दै आइरहेको छ। लिखित रुपमा समूहबाट सहयोगको लागि माग भई आएका स्थानहरुमा समूह र सहास नेपालको संयुक्त प्रयासमा २ कोठे चर्पी निर्माण हुंद आइरहेको छ। स्थानीय सामग्रीहरु

समूदाय आफै र अन्य बाह्य सामग्री र प्राविधिक सहयोग संस्थाको रहदै आइरहको छ । चर्पीको निर्माण पश्चात अन्य विकासका गतिविधिहरु कार्यान्वयन गर्न हौसला मिलेको छ । यस क्रममा ३ वटा चर्पी निर्माण कार्य सम्पन्न भए । स्कूलको वातावरणीय सरसफाईमा सुधार आएको छ । बाल बच्चाहरुको चर्पीमा दिसा पिसाब गर्ने बानिको विकास भएको छ । आफ्ना अभिभाबकहरुलाई घरमा चर्पी बनाउन अनुरोध गर्न थालेका छन् । बच्चाले चर्पीमा दिशा पिसाब गर्दा रोग लाग्नबाट बच्ने कुरा सिकेका छन् ।

## कामको लागि खाद्यान्न कार्यक्रम



समूदाय स्तरमा सञ्चालन हुने विभिन्न सामुदायिक कृयाकलापहरुमा गरीब, दलित र आर्थिक अवस्था कमजोर समूदायहरुलाई सहयोग गर्दै आईरहेको छ । अति गरीब समूदायहरुसंग पूर्वाधार विकासका गतिविधिहरु सञ्चालन गर्दा गरिब समूदायको दैनिक जीवन निर्वाहमा असर पर्ने हुनाले उनीहरुको सहभागीता जुटाउन गाह्रो हुन्छ । सधै अर्काको बनी बुतो गरेर विहान बेलुका छाक टार्नु उनीहरुको बाध्यता हो । यस अवस्थामा दैनिक जीवन गुजारा गर्न सहयोग पुगोस र पूर्वाधार विकासका गतिविधिहरु पनि सम्पन्न होस् भन्ने लक्ष्यका साथ संस्थाले कामको लागी खाद्यान्न सहयोग गर्दै आइरहेको छ । यस प्रकृयाले काम पनि समयमा नै सम्पन्न हुन सकेको र दैनिक जीवन निर्वाहमा सहयोग पुग्नाले उनीहरुको सहभागिता जुटाउन सजिलो भएको थियो । बलखु गा.वि.स.वडा नं. ४ मा निर्माण सम्पन्न भईसकेको देउराली खानेपानी योजनामा सहास नेपालको तर्फबाट बालुवा ढुवानी बापत रु. ५,७०० सहयोग गरी कामको समयावधि सम्म खाद्यान्न उपलब्ध गराई कामलाई सहज रुपमा सम्पन्न गर्न ठूलो सहयोग पुगेको थियो । त्यस्तै कटुन्जे गा.वि.स. वडा नं. ४ को खाल्टे खानेपानी योजनामा पनि रु. ६,००० बरावरको खाद्यान्न सहयोग गरी कामलाई समयमा नै सक्न सहयोग पुगेको थियो । यस्ता प्रकारको सहयोगले उपभोक्ताहरुमा उत्प्रेरणा बृद्धि भई विकासका गतिविधिहरु सञ्चालनमा हौसला मिलेको कुरा व्यक्त गरेका थिए । कामको लागि खाद्यान्न कार्यक्रमले ४४ घरपरिवार लाभान्वित भएका थिए । उक्त कार्यक्रमबाट गरीब समूदायको सफा पिउने पानी प्रयोग गर्ने अधिकार सुनिश्चित भएको छ ।

## लैङ्गिक सचेतीकरण

समूदायहरुमा भईरहेको विभिन्न परम्परागत रुढीवाढीहरुलाई कमी गर्दै विकासका गतिविधिहरुमा समान सहभागिता र छुवाछुतको भावनामा समेत कमी ल्याउन समूदाय लक्षित लैङ्गिक सचेतना





तालिमको आयोजना गरीएको थियो । मूल समितिका प्रतिनिधिहरुलाई श्री शिला योगीको सहयोगमा ओखलढुङ्गामा ४ दिने लैङ्गिक सचेतीकरण तालिमको आयोजना भएको थियो । यस तालिममा ९ जना महिला र ११ जना पुरुषहरुको सहभागिता थियो । तालिममा छलफल भएका विषयहरुले सहभागीहरुलाई उत्प्रेरणा जगाउनको साथै आफ्नो गाँउ घरमा भएका विकृतिहरुलाई फर्केर हेर्ने मौका समेत भएको थियो । हामी किन एक आपसमा भेदभावको भावनालाई वढावा दिदैछौं र यसको कमी गर्न हामी आफै तयार भएर किन अगाडि आउदैनौ भन्ने कुराको बुझाई सहभागीहरुमा राम्रो तरीकाले भएको थियो । यस तालिमले सहभागीहरुको बुझाईलाई परिवर्तन गर्न सकेको हो कि भन्ने महशुस तालिम पश्चात उनीहरुले जनाएका प्रतिवद्धताबाट प्रष्ट हुन्थ्यो । किनकी उनीहरुको कार्ययोजनामा आफ्नो क्षेत्रमा भएका विकृतिहरुलाई परिवर्तन गर्न विभिन्न कार्यक्रमहरु राखेका थिए । यस तालिमलाई समूदाय स्तरसम्म पनि पुऱ्याउन आवश्यक रहेको छ भन्ने निचोड तालिम सहभागीहरुले निकालेका थिए ।

## लेखा तथा लेखापालन



सहास नेपालको सहयोग र समूदायहरुको आफ्नो सकृयतामा गठन भएको समूहहरुले निरन्तर रुपमा समूह चलाई राख्न र आवश्यकता परको समयमा तुरुन्त सस्तो व्याजदरमा पैसा चलाउन सामूहिक वचत गर्दै आइरहेका छन् । यस्ता बचत प्रकृयाले समूहलाई पर्ने समस्याहरुको समाधान साथै सामूहिक कृयाकलापमा समेत लगानी गर्न सजिलो भइरहेको समूदायहरुले बताएका छन् ।  सामूहिक बचत गर्ने बानीको विकास भएको छ । समूहको हिसाब किताब व्यबस्थित राख्न सहयोग पुऱ्याउने उद्धेश्यले समूदायहरुको अनुरोधमा संस्थामा कार्यरत व्यबस्थापक श्री राजीव के.सी.ले इलाका ९ को प्रत्येक गा.वि.स.मा गई साधारण रुपमा हिसाव किताव राख्न सक्ने गरी २, २ दिनको तालिममा सहयोग पुऱ्याउनु भएको थियो । समूहका कोषाध्यक्षहरुलाई बोलाई तालिम सञ्चालन गरेको हुनाले तालिम पश्चात आफ्नो समूहमा गई तुरुन्तै सिकेको कुरा कार्यान्वयन गर्न पाउँदा र व्यवस्थित रुपमा हिसाब खाता राख्न सजिलो भएको महशुस गरेका छन् । कोष परीचालन नियम बनाई समूहमा कार्यान्वयन गरेको पाइएको छ ।

## बार्षिक समीक्षा तथा योजना तर्जुमा

सहयोगी हातहरुको समूह (सहास) नेपालले इलाका ९ को ५ वटा गा.वि.स.मा काम गर्न थालेको ४ वर्ष पुगिसकेको छ । यस अवधिमा समुदायहरुको सहयोगमा विभिन्न प्रकारका कृयाकलापहरु कार्यान्वयन हुँदै आइरहेको छ । सांगठनिक रुपमा प्रत्येक गा.वि.स.मा मूल समितिको विकास भई सञ्जाल संस्था स्थापनाको लागि आवश्यक प्रकृयाहरु अगाडि बढ्दै गइरहेको छ । यसरी कार्यान्वयन भईरहेको कृयाकलापहरु र खर्चको बिस्तृत विवरणहरु समेटेर प्रत्येक वर्ष गर्दै आइरहेको बार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी यस आर्थिक वर्षमा पनि सम्पन्न भएको छ । यस्ता गोष्ठीहरुले समुदायमा के-कस्ता कृयाकलापहरु सम्पन्न भयो र आगामी समयमा के-के कृयाकलापहरु गरिदैछ भन्ने बारेमा प्रत्यक्ष रुपमा जानकारी पाएका छन् । समुदाय र संस्था विचमा विश्वासको बातावरणमा अझ बृद्धि गर्न यस्ता गोष्ठीले सहयोग पु¥याउदै आइरहेको छ । उक्त गोष्ठीमा सम्पन्न कृयाकलाप र खर्च भएको बजेटको छलफल हुने हुँदा समुदायलाई पारदर्शिता रुपमा काम गर्न सिकाई बढेको पाइएको छ ।

## मूल समिति अध्ययन भ्रमण



समुदायहरुको सीप, ज्ञानलाई बढाउदै लैजान र अन्य संघ संस्थाहरुको काम गर्ने तौरतरीका र सिकाइहरुको बारेमा जानकारी लिन समय समयमा अध्ययन भ्रमणको आयोजना गर्दै आइरहेको छ । प्रत्यक्ष रुपमा गएर अनुभव लिनको लागि इलाका ९ को ५ वटा गा.वि.स.का मूल समिति प्रतिनिधिहरु मध्ये जम्मा २५ जनालाई नेपालको विभिन्न ठाँउमा १० दिनको अध्ययन भ्रमणको आयोजना गरीएको थियो । यस अध्ययन भ्रमणको क्रममा भिन्न भिन्न प्रकारको संस्थाहरुको काम गर्ने तौर तरीका र गर्दै आइरहेको कृयाकलापहरुको बारेमा अनुभव गर्न र देख्दा समुदायहरुमा ग¥यो भने सम्भव हुदो रहेछ भन्ने कुराको महशुस हुन थालेको छ । स्थानीय समूहहरुको सकृयतामा गठित मूल समिति र सञ्जाल संस्थाको गठन प्रकृयाबाट बनेको संस्थाको प्रत्यक्ष भेट्ने अवसर पाएका थिए । यसबाट भविष्यमा आफ्नो इलाकामा बन्ने सञ्जाल संस्थाको बारेमा धेरै कुराहरु थाहा पाउने मौका समेत मिलेको थियो । संस्थाहरुले आफ्नो गाँउ टोलको विकासका गतिविधिहरुलाई आफैले सञ्चालन गरेको देख्दा उनीहरुमा हौसला बढेको पाइएको छ । भ्रमणमा सहभागीहरुले आफ्नो ठाँउमा फर्केर समूहमा आफुले देखेका कुराहरुलाई बाँडचुड गर्दै हामी आफैले विकासका गतिविधिहरु सञ्चालन गर्नुपर्छ भन्ने कुराहरु समूहमा सिकाउन थालेका छन् । सामुदायिक विकासको कृयाकलाप अगाडी बढाउन थप हौसला मिलेको पाइएको छ ।



## फलफुल खेती



समुदायहरुले परम्परागत रुपमा नै आफ्नो घर वरिपरी केही न केही फलफुल खेती गर्दै आइरहेका छन् । यसरी लगाउदै आइरहेको फलफुलहरु हाल आएर धेरै मात्रामा मरेको, भएको विरुवाहरुमा फल राम्रोसंग नदिने आदि कारणहरुले गर्दा फलफुल खेती नै हराएर जान सक्ने सम्भावना रहेको छ । समुदायहरुसंग बसी परम्परागत रुपमा लगाउँदै आइरहेको फलफुल खेतीलाई निरन्तरता दिदै किन लगाउन छाडेको भन्ने बारेमा छलफल भएको थियो । यस छलफल पश्चात समुदायहरुले नयाँ विरुवाहरु ल्याएर आफ्नो आफ्नो ठाँउमा लगाउने भन्ने कार्ययोजनाको विकास गरेका थिए । जिल्ला कृषि विकास कार्यालय संगको समन्वयमा विभिन्न जातका विरुवाहरु (सुन्तला, कागती, जुनार, आँप तथा लिचि) जम्मा ११०७ वटा धनकुटा र लहानबाट ल्याई समुदायमा वितरण गर्ने कार्य सम्पन्न भएको छ । यसरी सहज रुपमा विरुवाहरु आफ्नो ठाँउमा नै उपलव्ध भएकोमा किसानहरुमा फलफूल विरुवा लगाउने उत्साहमा बृद्धि भएको छ भने जिल्ला कृषि विकास कार्यालयसंगको सम्बन्ध र समन्वयमा समेत थप सहयोग पुगेको छ ।

## प्याकेज तरकारी खेती

व्यवसायिक रुपमा तरकारी खेती गरी समुदायलाई आम्दानी बढाउने उद्धेश्यले कृषकहरुलाई तीनदिने व्यवसायिक तरकारी खेती तालिमको आयोजना गरीएको थियो । यस तालिममा १३ महिला र ८ जना पुरुषहरुको सहभागिता थियो । यस तालिममा व्यवसाय तरकारी खेतीको फाइदा, लगाउने तरीकाको बारेमा छलफल भएको थियो । तालिममा आफुले लगाउदै आइरहेको तरकारी खेतीलाई रुपान्तरण गरेर अझ बढी आम्दानी दिने तरकारी कसरी लगाउन सकिन्छ भन्ने बारेमा बढी चासो राखेका थिए । सहभागीहरुले यस तालिमबाट व्यवहारीक र प्राविधिक ज्ञान सीप सिकेर व्यवसाय तरकारी खेती गर्न उत्प्रेरित भई कार्ययोजना समेत विकास भएको छ । तरकारी खेती बाट एक सिजनमा रु. १,००० देखि रु. १,५०० सम्म प्रति परिवार आम्दानि गर्न सफल भएका छन् ।

## फलफूल काँटछाँट

स्थानीय स्तरमा लगाउदै आइरहेको फलफुलहरुको उत्पादन बृद्धिमा सहयोग पुगोस भन्ने लक्ष्यका साथ दुईदिने इलाका स्तरीय तालिमको आयोजना भएको थियो । यस तालिममा जम्मा ६ जना सहभागीहरुको सहभागिता थियो । सहभागीहरुले फलफुल कुन कुन समयमा काँटछाँट गर्नु पर्छ, रोग किरा लाग्दा कस्तो उपचार गर्नु पर्छ भन्ने बारेमा सीप र ज्ञान पाएका थिए । यस तालिमले सहभागीहरुमा आफुले लगाउदै आइरहेको फलफुलको विरुवाहरुको व्यवस्थित रुपमा काँटछाँट गर्ने योजना समेत बनाएका थिए । तालिमको अन्तिम दिन काँटछाँट गर्ने सामग्रीहरु प्रत्येक सहभागीहरुले पाएका थिए ।

## स्थानीय समूदायमा आधारीत संजाल संस्था

सहास नेपालले ओखलढुंङ्गा जिल्लाको इलाका ९ को ५ वटा गा.वि.स.मा स्थानीय प्रयासमा खाद्य सुरक्षा कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको करीव ४ वर्षको अवधि पुगिसकेको छ । यस अवधिमा यस क्षेत्रमा विभिन्न एकीकृत (सामाजिक, आयमूलक र सीपमूलक, शिक्षा र स्वास्थ्य, कृषि र पशु, पूर्वाधार विकास आदि) सामुदायिक विकासका गतिविधिहरु समूदायहरुले विभिन्न प्रकारका समूहहरु गठन गरी गर्दै आइरहेका छन् । यसरी सञ्चालित विकासका गतिविधिहरुलाई स्थानीय समूदायमा आधारीत सन्जाल संस्था दर्ता गरी इलाका ९ का विकासका गतिविधिहरु उनीहरुद्धारा नै गर्ने गराउन गरी यहि २०६६ साल असार १० गते ओखलढुङ्गामा मूल समितिबाट प्रतिनिधित्व गर्ने सदस्यहरुसंग एकदिने छलफलको आयोजना गरीएको थियो । यस छलफलको मूख्य उद्धेश्य तदर्थ समिति गठन गर्ने रहेको हुँदा यस छलफलबाट तपसिल बमोजिमको पदाधिकारीहरुको छनौट भई आवश्यक कार्ययोजनाको समेत विकास भएको छ ।

| | | | |
|---|---|---|---|
| १. | श्री नर बहादुर कटुवाल | - अध्यक्ष | - च्यानाम गा.वि.स. |
| २. | श्रीमती मुना श्रेष्ठ | - उपाध्यक्ष | - कटुन्जे गा.वि.स. |
| ३. | पेशल अधिकारी | - सचीव | - बलखु गा.वि.स. |
| ४. | राधा देवी थापा मगर | - सह सचीव | - सिस्नेरी |
| ५. | पन्च बहादुर तामाङ्ग | - कोषाध्यक्ष | - मूलखर्क गा.वि.स. |
| ६. | दुर्गा कुमारी तामाङ्ग | - सदस्य | - बलखु गा.वि.स. |
| ७. | विर बहादुर वि.क. | - सदस्य | - सिस्नेरी गा.वि.स. |
| ८. | पन्ची माया तामाङ्ग | - सदस्य | - मूलखर्क गा.वि.स. |
| ९. | तुलाराम पराजुली | - सदस्य | - कटुन्जे गा.वि.स. |
| १०. | श्रीमती चित्र माया कटुवाल भुजेल | - सदस्य | - च्यानाम गा.वि.स. |
| ११. | कमान खत्री | - सदस्य | - सिस्नेरी गा.वि.स (मनोनित) |



# स्थानीय प्रयासमा खाद्य सुरक्षा कार्यक्रम -इलाका १०

## टोल सर्भे, तथ्याङ्क संकलन र तालिकीकरण



सहयोगी हातहरुको समूह (सहास) नेपालले आफ्नो कार्यक्षेत्र इलाका १० को ४ वटा गा.वि.स. (मानेभन्ज्याङ्ग, थाक्ले, माधवपुर र टोक्सेल) मा विस्तार गरेपछि विभिन्न सामुदायिक गतिविधिहरु सञ्चालन भईरहेका छन् । जस अन्तर्गत लक्षित समूदाय पहिचान गर्न विभिन्न गा.वि.स.मा टोल सर्भे गरी जम्मा ४० वटा लक्षित समूह पहिचान गरी तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न भएको छ । यस सर्भे र तथ्याङ्क संकलनले समूदायहरुमा के-कस्ता समस्या र लक्षित समूदायहरुको पहिचान साथै कृयाकलापहरु कस्ता लानु पर्ने भन्ने कुराको विश्लेषण गर्न ठूलो सहयोग पुगेको छ । विभिन्न गा.वि.स.को समूदायहरुको घर घरमा गएर भेटघाट गर्दा सम्बन्ध विस्तार र विश्वासको वातावरणमा सहयोग पुगेको छ । समूदायमा गएर समूदायसंग बसी विभिन्न प्रश्नावली मार्फत छलफलद्धारा आएको तथ्याङ्कहरुलाई क्रमिक रुपमा तालिकीकरण गर्ने काम सम्पन्न भएको छ । जसले गर्दा कर्मचारीहरुलाई कुन ठाँउमा कस्ता कार्यक्रम र कुन जातजातिहरुलाई लक्षित गर्न सकिन्छ भन्ने बारेमा पनि थाहा पाउन सजिलो भएको छ ।

## समूह गठन



सहास नेपालले दिगो सामुदायिक विकासलाई निरन्तरताको लागि स्थानीय स्तरमा समूदायहरुसंग बसी उनीहरुको सहयोगमा समूह गठन गर्दै आइरहेको छ । इलाका १० का ४ वटा गा.वि.स.मा हालसम्म समूदायहरुको सकृयतामा ३४ वटा समूहहरु गठन भई सकेका छन् । समूह भनेको के हो ? समूहको आवश्यकता किन ? समूहमा कस्ता-कस्ता समूदायहरुको सहभागिता हुनु पर्छ र समूहले आफ्नो गाँउ टोलमा के-कस्ता विकासका गतिविधिहरु सञ्चालन गर्न सक्छ भन्ने बारेमा उत्प्रेरणा जगाई समूह बन्न हौसला प्रदान कर्मचारी साथीहरुद्धारा भएको थियो। विगतमा पनि केही समूहहरुमा बसी अनुभवहरु संगाली सकेका सदस्यहरुले समूह बनाउनु पर्छ भन्ने कुरामा उत्प्रेरणा

जगाउन सहयोग पुऱ्याउदै आइ रहेका छन् । यसरी हालसम्म महिला समूह ९, जनजाति समूह ११, मिश्रित समूह ८ र दलित ६ गरी जम्मा ३४ वटा समूह गठन भईसकेका छन् ।

### समूह सामूहिक काम तर्फ अग्रसर छन्

सृजनसिल महिला टोक्सेल ७, सहास नेपालको सहजीकरणमा गत २०६५ साल भाद्र ५ गते गठन भएको समूह हो । यो समूहमा शुरूमा ३५ जनाको सहभागिता थियो । समूहको महत्व थाहा पाए पछि शुरूमा टोलका समूहमा बस्न नचाहने व्यक्ति पनि समावेश हुन थालेका छन् र हाल यो समूहमा ४० जनाको संलग्नता छ । यस समूहमा विशेष गरेर सामाजिक, आर्थिक, शैक्षिक साथै विभिन्न अवसरबाट वन्चित मगर समूदायका महिलाहरू समावेश छन् ।

समूह गठन भए पछि यसले समूह सञ्चालन गर्ने नीति नियमको विकास, सामान्य विवाद समाधान, बाटो घाटो र धारा सरसफाई तथा मर्मत संभार गर्ने काम गर्नुको अतिरिक्त सदस्यहरूमा बचत गर्ने बानीको विकास गर्न प्रतिव्यक्ति महिनाको रू.१० को दरले बचत संकलन गर्ने कार्य पनि गर्न थालेको छ । यसै सिलसिलामा गत तिहारमा यो समूहले द्यौसी खेलेर १६००० नगद संकलन गर्न पनि सफल भएको छ । जुन रकमबाट महिलाहरूले आफ्नो बाल बच्चा पढ्ने विद्यालय श्री शिवदुती प्रा.वि.लाई कक्षा कोठा थप गर्न रू. १५०० नगद प्रदान गरी नमुना कार्य गरेको छ । साथै समूह आत्मनिर्भर बनाउन समूहलाई आवश्यक पर्ने बत्ति साथै अन्य सामग्रीहरू पनि यो समूहले खरीद गर्ने काम गरिसकेको छ । खर्च गरेर बाँकी रहेको रकम रू. १४,४९० सस्तो व्याजदरमा समूहका अति विपन्न सदस्यहरूको आय आर्जन गर्न र जिविकोपार्जन सहज बनाउन लगानी गर्ने काम पनि यो समूहले गरेको छ ।

समूहका कुरा सुनाउदै समूह अध्यक्ष तिल कुमारी मगर भन्नु हुन्छः पहिला हामी अनपढ, कुनाका महिलाहरूलाई एक जुट भएर अगाडि बढ्नु पर्छ भनेर बाटो देखाउने कोही पनि थिएन अहिले सहास नेपालले हामीलाई बाटो देखाउने काम गरेको छ । हामी महिलाहरूले समूहमा बसेर चार महिना मै यतिका काम गरेका छौ, महिला त होनी त्यसै बस्न नहुने रहेछ एक जुट भएर अगाडि बढदा थुप्रै काम गर्न सकिने रहेछ, हामीले यो समूहलाई भविष्य सम्म टिकाएर राख्छौ र समूहबाटै हाम्रो टोलको विकास गर्छौ ।

## समूह सवलीकरण तालिम

समूहको आवश्यकता महशुस गरी गठन भएका समूहलाई दिगो रुपमा निरन्तर परिचालन कसरी र साच्चै समूहको दायित्व के हो भन्ने बारेमा प्रत्येक गा.वि.स.मा समूह सबलीकरण तालिमको आयोजना भएको थियो । यस तालिमले गठन भएका समूहका सदस्यहरुको जिम्मेवारी र भूमिका के हो ? हाम्रो टोलको समस्यामा समूहको भूमिका के हुनुपर्छ आदि बारेमा स्पष्टता बनाउन सहयोग पुऱ्याएको थियो । तालिम पश्चात सहभागीहरुमा समूह हाम्रो हो र दिगो बनाउने जिम्मेवारी पनि हाम्रै हो भन्ने महशुसीकरण भएको थियो । समूहको महत्वको बारेमा राम्ररी बुझेर अव हामी साच्चै हाम्रो टोलको समस्याको समाधान हामी आफै गर्न सक्छौ भन्ने भावनाको समेत विकास गराउन सहयोग पुगेको छ ।



## समूह बैठक



समूदायहरुको आफ्नै सकृयतामा गठन भएका समूहहरुले आफ्नो टोलको समस्याहरुको बारेमा छलफल र विभिन्न उपायहरु निकाल्नको लागि निरन्तर रुपमा बैठक बस्दै आइरहको छ । यसले गर्दा उनीहरुमा एकताका भावनाको विकास हुनुको साथै विकासका गतिविधिहरु पनि सञ्चालन गर्न सहयोग पुगेको छ । यसले दिगो विकासमा समेत सहयोग पुग्ने कुरा समुदायहरुले महशुस गर्दै आइरहेको छ । शुरुको अवस्थामा हामी बैठक बसेर के गर्ने, बैठक कसरी सञ्चालन गर्ने भन्ने कुराको द्विविधा परिरहेका समूदायहरु हाल आएर समूह परिचालनको लागि बैठक महत्वपूर्ण रहेछ भन्ने बुझाइको विकास हुन थालेको छ । कर्मचारीहरुले विभिन्न बैठकमा आवश्यकता अनुसार सहजीकरण गर्दै सहयोग पुऱ्याइरहेको छ । यस बैठक पश्चात समूहमा निति नियमको विकास, स्पष्ट हिसाव किताव, कार्ययोजना तर्जुमा, निर्णय प्रकृया र निर्णय लेखन कार्यमा सहयोग पुगेको महशुस समूहले गर्दै आइरहेको छ ।

## हाटबजार व्यवस्थापन समिति बैठक

स्थानीय समुदायद्धारा आफ्नो ठाँउमा उत्पादन भएका विभिन्न दैनिक उपभोग गर्ने सामग्रीहरुलाई एकठाँउमा लगेर बेच विखन गर्ने गरी परम्परागत रुपमा हाटवजार सञ्चालन हुँद आइरहेको छ । स्थानीय हाटवजारलाई विगत भन्दा अझ राम्रो कसरी गर्न सकिन्छ भन्ने बारेमा छलफलको लागि एकदिने व्यवस्थापन समितिसंग अन्तरकृया कार्यक्रम आयोजना भएको थियो । हाट वजारलाई व्यवस्थित रुपमा लगाउन के कस्ता प्रकृयाहरु अपनाउदै आइरहेको छ र कस्ता कस्ता नीति नियमहरुको विकास गरी आम्दानीको श्रोतलाई कसरी परिचालन गर्दै आइरहेको छ भन्ने बारेमा पनि छलफल भएको थियो । छलफल पश्चात लिखित नीति नियमहरु र प्रभावकारी रुपमा चलाउनको लागि आवश्यक केहि पनि नभएको पाइएको थियो । आगामी समयमा सम्पूर्ण कुराहरुलाई प्रभावकारी रुपमा चलाउन विभिन्न कार्य गर्ने गरी कार्ययोजनाको विकास भएको छ ।

## अधिकारमा आधारीत साक्षरता कक्षा

इलाका ९ र १० गा.वि.स.का गरी जम्मा १४ जनालाई अधिकारमा आधारीत साक्षरता कक्षा सहयोगी तालिमको आयोजना भएको थियो । यस तालिममा अनपढ प्रौढहरुलाई कसरी प्रभावकारी रुपमा पढाउन र बुझाउन सकिन्छ भन्ने बारेमा विभिन्न सीपहरु साथै ज्ञानहरु समेत सहयोगीहरुलाई दिइएको थियो । सहयोगीहरुले

तालिममा सिकेका कुराहरुलाई क्रमबद्ध रुपमा सिकाउदै गरेको र सहभागीहरुमा पनि सहयोगीहरुले पढाएको कुराहरुलाई मेहनत साथ सिकेर छोटो समयमा नै पढन र लेख्न थालेका छन् जसले सहभागीहरुमा हामी प्रौढ भए पनि सिक्यो भने जानिदो रहेछ भन्ने कुराको महशुस गरेका छन्। प्रौढ कक्षा पढ्न थालेपछि सहभागीहरुले लाज, डरमा कमी भई आफुलाई विभिन्न बैठक र सभाहरुमा बोल्न सक्ने भएका छौ भन्ने कुराहरु पनि बताएका थिए। सहभागीहरुमा व्यबहारीक ज्ञान सीपलाई व्यवहारमा उतार्न समूह बैठकमा छलफल गरी जाड रक्सी नियन्त्रण, नगदे खेती र चर्पी निर्माण लगायताका अन्य कुराहरुमा समेत कार्ययोजना बनाइ काम गर्न थालेका छन्।

### खुले आँखा सर्भे र नन्दी मायाको

थाक्ले ९ जाक्मा निवासी सर्भे वि.क.को उमेर ४५ वर्ष पूरा भईसकेको छ र उनको श्रीमती नन्दी माया वि.क. पनि ४० वर्ष पुगेको बताउनु हुन्छ । यतिका वर्ष सम्म उनीहरूको जीवन छोराछोरीको लागि दानापानी जुटाउने, आफ्नो एक छाक टार्ने काममै वितेर गयो । उनीहरूलाई कालो अक्षर भैसी बराबर भन्ने उखान जस्तै भएको थियो । उनीहरूलाई न लेख्न न पढ्न नै आउथ्यो । सर्भे भन्छन : पढ्न लेख्न मन त थियो नि गरीब भएकोले सानो छदा बुवा आमाले पढाउनु भएन, पेट पालनको लागि सानै देखि बुवा आमासंग काम गर्न जानु पर्थ्यो त्यसैले दुइवटा आँखा भए पनि लेखापढि नभए पछि अन्धो सरह भइयो ।

हाल उक्त दम्पत्ति जाक्मा उत्पादक समूहमा आवद्ध भएका छन् । उनीहरू समूहमा बसेर वचत गर्नुको साथै विभिन्न आयआर्जनको काम पनि गरेका छन् त्यसका अतिरिक्त सहास नेपालको सहयोगमा समूहले सञ्चालन गरिरहेको अनौपचारीक प्रौढ कक्षामा पढ्ने मौका पाएका छन् । जसबाट उक्त दम्पत्तिको आँखा खुलेका छन् । उनीहरू कनि कनि भए पनि शव्दहरू पढ्छन् र हात कमाई कमाई भए पनि लेख्न थालेका छन् जसबाट उनीहरू दँग छन् । यति मात्र नभएर उनीहरूको विभिन्न व्यबहारीक ज्ञान सीपमा पनि बृद्धि भएको छ ।

श्रीमति नन्दि माया खुसी व्यक्त गर्दै भन्नु हुन्छ : पहिला पहिला त महिलाले पढ्यो भने बोक्सी हुन्छ भन्थे अहिलेत नहुने रहेछ भन्ने थाहा भयो । सहासले सहयोग गरेर पढ्न पाइएको छ, ९ महिना सम्म त धेरै सिकिन्छ होला ।

सर्भे र नन्दि माया मात्र होइन उनीहरू जस्ता अनपढ २५ जना महिलालाई यो प्रौढ कक्षाले प्रत्यक्ष फाइदा पुऱ्याएको छ । उनीहरूले घरको काम भ्याएर फुर्सदको समयमा आफ्नै घर आँगनमा आफ्नै टोलका सहयोगीबाट सिक्ने मौका पाएकोमा प्रसन्नता व्यक्त गर्छन । उक्त मौकाको सदुपयोग गर्दै आफ्नो टोल विकासको लागि सदा आफै सकृय भएर अगाढि बढ्ने सोचको विकास भएको पाइन्छ यहाँका महिला दिदी बहिनीहरुमा ।

## ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम

सहास नेपालले स्थानीय स्तरमा नै परिचालन हुने गरी स्थानीय समूदायहरुको क्षमता विकास गर्दै समूदायहरुको सेवामा निरन्तर लागिरहोस भन्ने उद्धेश्यले समय समयमा विभिन्न सीप मूलक कृयाकलापहरुमा समूदायलाई सहभागीता गराउदै आइरहेको छ । यस्ता कृयाकलापहरुले समूदायहरुमा दक्ष जनशक्तिको विकास हुँद आइरहेको छ । यसबाट स्थानीय स्तरमा नै समूदायहरुले प्रत्यक्ष विभिन्न सेवाहरु पाइरहेको छ । यसै कार्यक्रम अनुरुप इलाका १० का



४ वटा गा.वि.स.हरु बाट १, १ जना गरी जम्मा ४ जना सहभागीहरुलाई तालिम तथा परामर्श सेवा संस्था पोखराबाट संचालित ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिममा सहभागी भएको थियो । मिति २०६५ साल फाल्गुण १३ देखि चैत्र १७ सम्म पोखरामा सञ्चालन भएको तालिम जम्मा ३५ दिनको थियो । यस तालिममा विशेष गरी पुश पंक्षिहरुको उपचार कसरी गर्न सकिन्छ भन्ने कुराको सीप, ज्ञान सहभागीहरुले प्राप्त गरेका थिए । स्थानीय स्तरमा नै दक्ष जनशक्तिको विकास गरी गाँउ घरमा पर्ने समस्याहरुको लागि टाढा टाढासम्म जान नपरोस भन्ने मूख्य उद्धेश्य थियो । यस तालिममा सहभागीहरुले अति प्रतिवद्ध, मेहनत साथ तालिम अवधिभर सिकेर आफुलाई सक्षम ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको रुपमा उभ्याउन सफल हुनु भएको छ । यस इलाकाका गा.वि.सहरुमा हाल सम्म स्थानीय स्तरमा नै उपचार गर्ने दक्ष कार्यकर्ता नभएको हुनाले आफ्नो पशुपंक्षीहरु विरामी हुँदा गाँउ घरमा नै उपचार गरेर बस्ने जसले गर्दा धेरै पशुहरु मरेर दिक्क मानेका थिए । यस्तो अवस्थाबाट गुज्रिरहेको समूदायहरुमा आफ्नो ठाँउमा नै पशुहरुको उपचार गर्न सक्ने कार्यकर्ता उत्पादन भएकोमा स्थानीय समूदायहरु खुसी भएका छन्। कार्यकर्ताहरुले जिल्ला स्तरमा समेत पहिचान बढाउन जिल्ला पशु सेवा कार्यालयबाट समेत स्वीकृती लिई प्रत्येक गा.वि.स.मा औषधि पसल समेतको स्थापना गरी सकेका छन्। तालिम पश्चात आफ्नो क्षेत्रमा फर्केपछि हाल सम्म १४१ वटा पशुहरुको उपचार गरी सकेका छन् जसबाट हाल सम्म रु. ५०० देखि ५,००० सम्मको आम्दानी गरेर आफ्नो उपचारलाई समूदायहरु माझ फैलाउन सकेका छन्। यसरी उपचार गर्दा उनीहरुले केहि आम्दानी पनि गर्न सकेका अनुभवहरु सुनाएका थिए।

## बाखा पालन

समूहहरुले आफ्नै सकृयतामा गठन गरेका समूहहरु मध्ये विभिन्न कारणले पछाडि परेका समूहहरुको छनौट गरी सामूहिक बाखा पालनमा यस संस्थाले सहयोग गर्दै आइरहेको छ। ४ वटा समूहमा ४० वटा बाखाहरु वितरण गरी सहयोग गरेकोमा हाल सम्म ७ वटा बाखा थप बृद्धि गर्न सकेका छन् । जसले गर्दा उनीहरु बाखा पालनमा उत्साहित हुन थालेका छन्। सामुहिक भावनाको विकासमा अझ सहयोग पुगोस भन्ने हेतुले १ वटा बाखा बेचेर सामूहिक कोषको समेत स्थापना गरेका छन्। कोष रकमको महत्वको बारेमा बुझ्न थालेका छन्। यस सहयोगबाट गरीब समूदायहरुले व्यवस्थित रुपमा बाखा पालन गरी आय आर्जनमा बृद्धि गर्न सकेका छन्। जसले गर्दा दैनिक जीवन निर्वाहमा सहयोग पुगेको छ। यस्ता पशु पालनले गरीब समूदायहरुको दैनिक गुजारामा ठूलो सहयोग पुगेकोले गर्दा खाद्य सुरक्षामा समेत सहयोग पुग्दै आइरहेको छ। हामी सानो कृयाकलाप भनेर त्यत्ति चासो दिन मान्दैनौ तर सानो कृयालकलापले पनि आफ्नो दैनिकीमा ठूलो सहयोग पुऱ्याउने रहेछ भन्ने कुरा सदस्यहरुले बताएका थिए।

## भरियाबाट सिलाई पसल

घुर्मीबाट ओखलढुङ्गा मोटरबाटो चल्न थालेपछि यहाँका भारी बोकेर गुजार गर्ने भरियाहरू समस्यामा परेका छन् । यसरी भारी बोकी गुजारा चलाउने भरियाहरूको लागि सहास नेपालले भरिया सहयोग कार्यक्रम शुरू गरेको छ ।

थाक्ले गा.वि.स. वडा नं. ३ निवासी पवित्रा परियारलाई भारी बोकेर आफ्नो परिवारको लालन पालन गर्न साह्रै कठिन परेको थियो । सहास नेपालको सहजीकरणमा पवित्राको गाँउमा भरिया समूह गठन भयो । उक्त समूहले सहास नेपालबाट भरियाको आय आर्जन बृद्धि गर्न रू. ५००० नगद प्राप्त गरेको छ । यस रकमबाट पवित्राले नया कपडा, धागो, टाक, जीपर जस्ता समान ल्याई सिलाई पसल खोल्नुका साथै तयारी पोशाक तयार पारी बेच विखन गर्ने काम शुरुवात गरेकि छिन । यस कामबाट पवित्राले पहिलो महिनामै रू. १००० नाफा आर्जन गर्न सफल भईन ।

पवित्रा प्रसन्न हुँद भन्छिन्: मलाई यो कमाइबाट परिवारको भोक टार्न र बालबच्चाहरूको कापी, कलम किन्न सहयोग पुगेको छ ।

हाल आएर पवित्राको श्रीमान्ले पनि उक्त कामको लागि सक्दो सहयोग गरेका छन् । उनीहरूको यो पेशालाई अझ प्रभावकारी रूपमा भविष्यसम्म निरन्तरता दिने योजना रहेको बताउनु हुन्छ ।

## कुल बहादुरले कमाउन थाले

६ वर्षको कलिलो उमेर देखि नै अर्काको घरमा गोठालो बस्न बाध्य भएका अति गरीब परिवारका कुल बहादुर थापा मगर ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ्ग ९ निवासी हुन् । अर्काको घरमा काम गर्दै कक्षा ५ सम्म अध्ययन गरेका कुल बहादुरको जीवनमा त्यस भन्दा माथि पढ्ने मौका कहिल्यै आएन । किनकी उनका बाबु भरिया भएर अर्काको भारी बोक्थे भने जम्मा भएको १ हलको बारीको उत्पादनले बढीमा दुइ महिनासम्म मात्र खान पुग्छ । बिस्तारै कुल बहादुरको उमेर बढ्दै गयो त्यसपछि गोठालो बस्न छोडेर उनी पनि बाबु संग भारी बोक्ने काममा तल्लिन रहे । ९ जनाको परिवारको गर्जो दुःखका साथ टार्दै गरेका कुल बहादुर मिस्त्री काममा खुब चासो राख्थे । बाटोमा बिग्रेर मर्मत गर्दै गरेको मोटर तथा गाडीहरू हेर्न र सहयोग गर्न अगाडि सर्थे ।

व्यवशायिक तथा सीप विकास तालिम केन्द्र ओखलढुङ्गाले २०६४ श्रावण देखि ६ महिने मोटरसाइकल मर्मत तालिम सञ्चालन गर्ने भन्ने कुरा सहास नेपाल मार्फत कुल बहादुरलाई थाहा दिए पछि अति नै खुसी हुनु भयो सहास नेपालको कर्मचारी र कुल बहादुर विच बसेर आपसी छलफल गरे पछि तालिममा प्रतिवद्धरूपमा सिक्ने र सिकेको सीपहरूलाई तत्काल व्यवहारमा प्रयोग गर्ने भने पछि सहास नेपालले बस्ने र खानेको व्यवस्था मिलाई दियो । त्यसपछि उनमा झन नयाँ हौसला थप भयो र सहास नेपालले आवश्यक मर्मत औजार खरीद गरीदिएमा नियमित रूपमा मानेभन्ज्याङ्गमा मोटरसाइकल वर्कशप खोल्ने भन्ने योजना अनुरूप संस्थाले आवश्यक सामग्री खरीदको लागि रू. १०,००० बराबरको सामग्री खरीद गरीदियो । यस अवधिसम्म २१ वटा भन्दा बढी मोटरसाइकल मर्मत गरी सकेका छन् त्यसबापत रू. ५००० भन्दा बढी आम्दानी समेत गरी आफू लगायत आफ्नो परिवारलाई जीविकोपार्जनमा सहयोग पुऱ्याउदै आइरहनु भएको छ । त्यतिमात्र नभइकन आफुलाई मोटरसाइकल मर्मत गर्न श्रोत व्यक्तिको रूपमा समेत उभ्याउन सफल हुन भएको छ ।



कुल बहादुरले भन्न थालेका छन् लगनशील भई परिश्रम गरेमा आफ्नो खुट्टामा आफै उभीन सकिदो रहेछ भन्ने कुरा सिकेका छन् ।



## व्यबसायीक तरकारी खेती



समूहको माग र स्थानीय स्तरमा वजारको समस्या नभएको हुनाले ६ जना सहभागिहरुलाई व्यबशायिक तरकारी खेती तालिमको आयोजना गरीएको थियो । यस तालिममा महिला १ र पुरुष ५ जनाको सहभागिता थियो । नजिकका बजार सम्म तरकारीको ढुवानीबाट तरकारीको मागलाई परिपूर्ति गर्न सकोस भन्ने उद्धेश्यका साथ संचालित यस तालिममा सहभागीहरुमा उत्साह देखिन्थ्यो । आम्दानीको मूख्य श्रोत तरकारी पनि हो भन्ने कुरालाई आत्मासाथ गरेका यस भेगका समूदायहरुमा यस तालिमले नयाँ प्राविधिक सीप र व्यवसाय तरकारी खेतीको लागि ज्ञान हासिल गर्न सहयोग पुऱ्याएको छ । आफ्नो ठाँउको हावापानी सुहाउँदो नयाँनयाँ तरकारीहरु लगाउन उत्सुक सहभागीहरुले यस व्यवसायीक तरकारी खेतीलाई व्यवस्थित रुपमा अगाडि बढाउन बार्षिक कार्ययोजना समेतको विकास गरेका छन् । यस क्षेत्रबाट ओखलढुङ्गा सदुरमुकाम र उदयपुरको घुर्मी बजारसम्म मोटरबाटो भएको हुँदा उत्पादित सामग्रीहरु बेच्न समस्या नआउने देखिन्छ ।

## नगदे खेती तालिम



यस क्षेत्रमा नगदे खेतीलाई प्रोत्साहन गर्न सक्यो भने आम्दानीको राम्रो श्रोत बन्न सक्छ भन्ने उद्धेश्यका साथ संचालित यस तालिम अदुवा र खुर्सानी खेतीको बारेमा थियो । आम्दानीको श्रोत नभएका, खेती गर्न बढी इच्छुक देखिएका कृषकहरुलाई यस तालिममा सहभागिताको लागि छनौट गरीएको थियो । यस तालिममा ४८ जना कृषकहरुलाई ५०० के.जी. अदुवा र ४० जना कृषकहरुलाई ४ के.जी. खुर्सानीको विऊहरु वितरण गरीएको थियो । विऊहरु स्थानीय स्तरमा नै खरीद गरीएको थियो । परम्परागत रुपमा आफुले जति सक्यो त्यत्ति लगाउदै आइरहेका यस भेगका कृषकहरुले हालसम्म कुनै पनि व्यवसायिक तरकारी खेती तालिम नपाएको कुरा वताएका थिए । हाल बजारमा १ के.जी. सुकेको खुर्सानी रु. १,००० सम्म विक्रि गरी आम्दानी गर्न थालेका छन् ।

## पोषण परिक्षण



दुर्गम क्षेत्रका बालबालिकाहरु विभिन्न कारणले गर्दा पोषण युक्त खाना खान पाइरहेका हुँदैनन् भने गर्भवती अवस्थामा रहेको महिलाहरुले पनि पोषणको महत्वलाई ध्यान दिएको पाइएन जसको असर बच्चा जन्मेपछि देखिदै आइरहेको छ । यस्तो स्थितिबाट गुज्रिरहेको अवस्थालाई परिवर्तन गर्न विशेष गरी महिला र बच्चाहरुको चेतनाको स्तरमा विकास गर्न अति आवश्यक रहेको महसुस गरी समूदायहरुलाई पोषणको अवस्थाको बारेमा जानकारी गराउन इलाका १० का ४ वटा गा.वि.स.मा पोषण परिक्षण कार्यक्रम सम्पन्न भयो । सार्वजनिक स्थानमा गरीएको हुँदा यस कार्यक्रममा समूदायहरुको सहभागिता एकदम राम्रो थियो । यस परिक्षणमा जम्मा ४४४ जना बालबालिकाहरुको सहभागिता थियो भने ५९ जना बालबालिकाहरुको अवस्था खतरा र १२९ जना बालबालिकाहरुको अवस्था सामान्य कुपोषित पाइएको थियो । यस परिक्षणले अविभावकहरुमा आफ्नो बच्चाहरुको अवस्थाको बारेमा प्रत्यक्ष थाहा पाउने मौका भएको थियो । उक्त अवसरमा अभिभावकहरुलाई पोषण शिक्षा दिने कार्य भएको थियो । उक्त कार्यक्रमबाट स्थानीय स्तरमा पाइने साग दानादुनी पोषणको लागि उपयोगी हुने शिक्षा प्रदान गरीएको थियो । हाल चाउचाउ, बिस्कुटको साटो सर्बोत्तम पिठो बनाई बच्चालाई खुवाउने चलन बढेको छ ।

## खानेपानी सम्भाव्यता अध्ययन



समूदायहरुले सामुदायिक विकासका गतिविधि अन्तर्गत विभिन्न चेतनामूलक, सीपमूलक र अन्य आयआर्जनका कृयाकलापहरु सञ्चालन गर्दै आइरहेका छन् । जसले समूदायहरुको चेतनाको स्तर माथि उठाउन र आम्दानीको श्रोतमा बृद्धि गर्न समेत सहयोग पुगेको छ । सामाजिक गतिविधिसंग संगै पूर्वाधार विकासमा पनि समूदायहरुले चासो देखाउदै आइरहेको छ । संस्थाका कर्मचारीहरुसंग बसी संस्थाले गर्न सक्ने र समूदायहरुले पुऱ्याउन सक्ने योगदानको बारेमा छलफल पश्चात इलाका १० को २ वटा गा.वि.स.को २ वटा ठाँउमा खानेपानीको सम्भाव्यता अध्ययन भएको थियो । यस अध्ययनले खानेपानी योजना बनाउनको लागि श्रोतको वर्तमान अवस्था कस्तो छ भन्ने बारेमा जानकारी गराएको थियो भने समूदायहरुसंग बसी बिस्तृत छलफल समेत भएको थियो ।



## लेखा तथा लेखापालन तालिम

समूदायहरुले आफ्नो सकृयतामा समूह गठन गर्न थालेपछि आफुले सकेको रकम पनि जम्मा गर्न थालेका छन् जसले उनीहरुको समस्या समाधानको लागि ठूलो सहयोग पुऱ्याउदै आइरहेको छ । शुरुमा जम्मा थोरै रकम हुँदा हिसाव किताव राख्न समस्या थिएन तर पछि समूहको कोषको रकम बढ्दै जान थालेपछि समूहहरुले व्यवस्थित तरीकाले राख्न अप्ठ्यारो परेको महशुस गर्न थालेको छ । उनीहरुले संस्थामा लिखित निवेदन दिई तालिमको आवश्यकताको लागि माग राखेका थिए । जस अनुसार प्रत्येक गा.वि.स.मा २/२ दिनको लेखा तथा लेखापालन तालिमको आयोजना गरीएको थियो । यस तालिममा जम्मा ४१ जना महिला र २३ जना पुरुष गरी ६४ जना सहभागीहरुको सहभागिता थियो । तालिममा विगतमा राख्दै आएका लेखा प्रणालि, भोगेका समस्याहरु र व्यवस्थित लेखा प्रणाली कसरी राख्ने भन्ने बारेमा छलफल भएको थियो । तालिम पश्चात सहभागिहरुले लेखा तथा लेखापालनको महत्वको बारेमा थाहा पाएको साथै व्यवस्थित लेखा कसरी राख्न सकिन्छ भन्ने बारेमा समेत सीप पाएको कुरा बताएका थिए । आफ्नो समूहमा फर्केपछि व्यवस्थित रुपमा खाता सञ्चालन गर्ने कुरालाई कार्ययोजना बनाएर प्रस्तुत समेत गरेका थिए ।

## आँखा शिविर



जिल्लामा अवस्थित नेपाल रेडक्रस शाखा कार्यालय ओखलढुङ्गा अन्तर्गत सामुदायिक आखाँ केन्द्रको सहयोगमा १ दिने आँखा शिविरको आयोजना गरेको थियो । यस आँखा शिविरको मूख्य उद्धेश्य समूदायहरुलाई आँखा हाम्रो संवेदशिल अंग भएको हुनाले यसको हेरचाह गर्ने हाम्रो कर्तव्य हो भन्ने उत्प्रेरणा जगाउन रहेको थियो । यस शिविरमा जम्मा १८२ जना व्यक्तिहरुले सेवा पाएका थिए । जस मध्ये १३ जनालाई सल्य कृयाको लागि समेत सीफारिश गरेको थियो । यस आँखा शिविरबाट विरामीहरुले निःशुल्क औषधि उपचार र सल्लाह सुझाव पाई गरीब तथा असहायहरुले प्रत्यक्ष लाभान्वित भएका थिए । इलाका स्तरीय रुपमा आयोजना गरेको हुनाले मानिसहरु टाढाटाढादेखि हिडेर आई आँखाको उपचार गराएका थिए ।

## राहत वितरण

समय समयमा प्राकृतिक प्रकोपले दुर्गम भेगका समूदायहरुलाई दुःख दिदै आइरहेको छ । यस्ता घटनाले गरीब समूदायहरुलाई झन गरीब अनि परिवारको विचल्ली पार्दै आइरहेको छ । थाक्ले गा.वि.स.मा ठूलो आगलागिबाट २५ घरपरिवारमा ठूलो विपत्ति आइपरेको थियो । यस घट्नामा एक जना व्यक्तिको मृत्यु समेत भएको थियो । यस आगलागिमा परेर धनजनको ठूलो क्षति भएको थियो जसले उनीहरु बस्ने घर समेत जलेर खतम भएको थियो । तत्काल

राहतको लागि नेपाल रेडक्रस शाखा कार्यालय ओखलढुङ्गा, जिल्ला विकास समिति, नेपाली सैनिक, जिल्ला प्रशासन कार्यालयबाट सहयोग गरेको थियो। सहास नेपालको कार्यक्षेत्र भएको हुनाले प्रत्येक परिवारलाई १/१ बोरा चामल किनेर वितरण गरीएको थियो भने मृत्यु भएका घरपरिवारलाई सहास नेपालले रु. ५,००० नगद समेत सहयोग पुऱ्याएको थियो।

### समस्याहरु

- योजनामुखि समूह बन्नु
- आर्थिक कारोवारमा मात्र समूह केन्द्रित हुनु
- तालिममा सहभागीहरुको स्तर फरक
- समूदायहरुको आशा ठूलो
- कार्यक्षेत्रको विकट भौगोलिक अवस्था

### सिकाईहरु

- निरन्तर भेटघाटले स्थानीय स्तरका समूदायहरुसंगको सम्बन्ध र समन्वयमा ठूलो सहयोग पुगेको।
- समान स्तर समान उमेर भएका सहभागीहरुलाई तालिम सञ्चालन गर्दा सिकाई प्रभावकारी हुने रहेछ।

### प्रत्यक्ष रुपमा देखिने परिवर्तनहरु

- समूह बैठक, तालिम, गोष्ठी र अन्य कृयाकलापहरुमा महिलाहरुको उल्लेखनीय उपस्थित
- समूहहरुले उद्धेश्य सहितको नीति नियम विकास गरी सो अनुसार समूह परिचालन गर्न थालेका
- समूदायहरुका समस्या सकेसम्म समूहबाट नै समााधान गर्न शुरुवात गरेका
- समूहहरुले कार्ययोजना बनाई सामूहिक काम गर्न थालेका
- छुवाछुतको भावनामा सकारात्मक परिवर्तन आउन थालेका
- स्थानीय स्तरमा सम्वन्ध र समन्वय प्रभावकारी
- दलित तथा महिलाहरुले आफ्नो अधिकारको बारेमा थाहा पाई खोजी गर्न थालेको
- सामाजिक समावेशीकरणमा बृद्धि
- विद्यालय भवन निर्माण भई स्कूलको भौतिक सुधार र विद्यार्थीहरु ढुक्क भई स्कूल जान थालेका
- खानेपानी निर्माण भई स्वच्छ पानी पिउन थालेको
- विभिन्न स्थानीय स्तरका समूह, संस्था र गा.वि.स. संगको श्रोत साझेदारीमा कृयाकलापहरु सम्पन्न
- विकास प्रकृयामा महिलाहरुको सहभागिता
- स्थानीय स्तरमा कार्यरत गैसस र सरकारी निकायका कार्यालयहरुसंग सुमधुर सम्बन्ध स्थापना
- जिल्लामा रहेका गैसस र सरकारी निकायहरुसंग निरन्तर भेटघाट र समन्वय



## खाद्य सुरक्षा कार्यक्रम, उदयपुर

सहयोगी हातहरुको समूह (सहास) नेपालले कार्यक्रम विस्तार गरी उदयपुर जिल्लामा खाद्य सुरक्षा कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ। यस क्रममा उदयपुर जिल्लाको रिस्कु र कटारी गा.वि.स. र वडा तहको परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ। यस छलफलबाट छनौट भएका अथवा गठन गरिएका वार्डहरुको पनि लक्षित टोलहरुमा घरभेट कार्यक्रम मार्फत तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न भई सकेको छ। लक्षित टोलहरुमा (दलित, जनजाति, महिला, गरीब तथा सिमान्तकृत आदि) समूदायहरुलाई संगठित गर्दै कटारी गा.वि.स.मा १८ वटा समूह र रिस्कू गा.वि.स.मा १९ वटा गरी जम्मा ३७ वटा समूह गठन भएका छन्। गठित समूहहरुलाई संस्थागत गर्न साथै क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया, छलफल र निरन्तर/नियमित भेटघाट भइरहेको छ। समूहको बैठकहरुमा सहजीकरण गरी समूह कार्य र समूह क्षमता विकासलाई दिगो रुप दिन समूहको नीति नियम, उद्देश्य निर्माण र कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने कार्यहरु भैरहेको छ। समूदायहरु आफ्नो समूहको क्रियाकलापलाई निरन्तरता दिदै सामुदायिक विकासका गतिविधिहरु अगाडि बढाइरहेका छन्। आफ्नो हक अधिकार दवा गर्नको लागि विभिन्न तथ्याङ्क तथा सूचनाहरु संकलन गर्ने साथै सभा, गोष्ठी र तालिमहरु आफ्नो सहभागिता जनाउन थालेका छन् साथै समूहको कार्ययोजना अनुरुप समूदायमा परिवर्तन ल्याउन अन्य श्रोत साधनको खोजी गर्ने कार्यको थालनी भएको छ। यस क्रममा २०६५ श्रावण देखि २०६६ असार सम्म समूहको सक्रियतामा र संस्थाको सहयोगमा गरिएका क्रियाकलापहरु निम्न छन् :

### तार्किक ढाँचामा (तीन वर्ष) वार्षिक योजना तर्जुमा

संस्थाले आफ्नो रणनीतिक योजना अनुसार उदयपुर जिल्लाको कटारी र रिस्कू गा.वि.स.मा कार्यक्षेत्र विस्तार गरी खाद्य सुरक्षा कार्यक्रम शुरु गरेको छ। यस क्रममा छनौट भएका टोलमा समूदायसंग बैठक गरी विभिन्न चरणका भेलाहरु गर्दै आएको छ। यसरी परीयोजनाको रणनीतिक योजना तथा समूदायले उठाएका समस्यालाई आधार मानेर तार्किक ढाँचामा (तीन वर्ष) वार्षिक योजना तयार पारेको छ। यसबाट कार्यलाई अगाडी वढाउन सहयोग पुग्नुको साथै तोकिएको समयमा कार्य गर्न सजिलो भएको महशुस गरीएको छ।

### तथ्याङ्क सङ्कलन र टोल बैठक

परियोजनाको योजना अनुरुप छनौट भएका लक्षित टोलमा तथ्याङ्क सङ्कलन गर्ने कार्य पुरा भयो जसमा कटारीमा १८ वटा टोल बैठक र रिस्कूमा २० टोल बैठक सम्पन्न भयो। कटारीमा ३७२ घरधुरीको तथ्याङ्क



संकलन गर्ने कार्य र रिस्कूमा ४९४ घरधुरीको तथ्याङ्क संकलन गरी तालिकीकरण गर्ने कार्य पनि सम्पन्न गरियो । यसरी टोल टोलमा भेला गराई समुदायसंग छलफल र अन्तरकृया गर्दा समुदायसंग छिटो घुलमिल हुने अवसर भएको छ। समुदायको वास्तविक समस्या पहिचान गर्न सहयोग पुगेको छ । सङ्कलन गरेको तथ्याङ्क विश्लेषण गरी समूहलाई आफ्नो गाँउको वास्तविक तस्वीर सुनाउँदा समुदायका सदस्यहरु थप उत्प्रेरीत र उत्साहीत भएको महशुस गरीएको छ । विभिन्न संघ संस्थाहरुले तथ्याङ्क लिने तर समुदायलाई केही पनि उपलब्धी नहुने भनी कतिपय समुदायमा जानकारी दिन समेत इन्कार गरेको पाइयो । तथ्याङ्क संकलन गर्दा अधिकांश सहभागीहरुले खाद्यान्य समस्या, खानेपानीको समस्या, समुदायमा एकता नभएको र सेवा सुविधा नपाएको गुनासो राखेको थियो। घरभेट कार्यक्रमबाट समुदायमा छिटो घुलमिल हुने र समुदायले सहासको कार्य प्रक्रिया बुझ्ने अवसर पाएका थिए । अधिकाँश लक्षित समुदायहरुको आफ्नो नाममा जग्गा नभएको र ऐलेनी जग्गामा बसोवास गरेको पाइएको थियो। खान र वासको सधै चिन्ता गर्नु पर्ने हुनाले अन्य विषयमा त्यती चासो नदिएको बताएका थिए। वर्षभरि खानको लागि ज्याला मजदुरी गर्नु पर्ने, समुदायहरुको बाहुलिएता बढी रहेको पाइयो ।

## समूह गठन



सहास नेपाल लक्षित वर्गलाई सगठित गराई आफ्नो समस्याको समाधानका लागि विभिन्न उपायहरु खोजी गर्न सशक्तिकरण गर्दै आइरहेको छ । यस क्रममा संस्थाले उदयपुर जिल्लाको कटारी र रिस्कू गा.वि.स.मा कार्य शुरु गरेपछि विभिन्न संघ संस्था, व्यक्तिहरुसंग अन्तरकृया छलफल, भेला, गोष्ठी आदिको माध्यमद्धारा लक्षित टोल छनौट गरी घरभेट कार्य सम्पन्न गरेको छ। टोल बैठक सम्पन्न पश्चात समुदायलाई समूहमा संगठित भई कार्य गर्न उत्प्रेरित गर्दै आइरहेको छ । फलस्वरुप कटारीमा १८ र रिस्कूमा १९ समूह गठन भइसकेका छन् । गठित समूह मध्ये महिला समूह २०, दलित ४, भूमिहिन ६, मिश्रित ८ र मुस्लिम १ समूह गरी जम्मा ३७ वटा समूह रहेका छन् । भूमिहिन तथा दलित समुदायमा संगठित गरी समूहमा आवद्ध गर्न उनीहरुलाई अली वढी समय दिनु पर्ने महशुस गरीएको छ । गठित समूहहरु लक्षित टोलका भएको र भूमिहिन तथा जग्गा भएका पनि ऐलेनी जग्गामा बसेका हुनाले उनीहरुको चासो संगठित हुनमा भन्दा आफ्नो खाने व्यवस्था मिलाउनमा वढी पाइएको छ । समुदायहरु समूहमा आवद्ध भई आफ्नो टोलको समस्या बारे छलफल चलाउन थालेका छन् । आफ्नो हक अधिकार खोज्न संगठित हुन आवश्यक छ भने महशुस गरेका छन् । सामुहिक वचत गर्ने, बाटो मर्मत गर्ने, स्थानीय श्रोतको प्रयोग गरि खाल्टे चर्पी निर्माण गर्ने, समूहको बैठक बस्ने घरको निर्माण गर्ने जस्ता कार्य थालेका छन् । प्राकृतिक श्रोत माथि आफ्नो अधिकारको दावा गर्न र आवाज उठाउन शुरु गरेका छन्। यसबाट उनीहरुमा एक जुट भई सामुहिक कार्य गर्न उत्साहा पैदा भएको छ। आफ्नो समस्या समाधानको लागि गा.वि.स.मा श्रोतको अनुरोध गर्न थालेका छन्।

### मडयान पाखामा पनि समूह बन्यो

रिस्कू गा.वि.स. वार्ड नं. ९ मड्यान ५,००० घरधुरी समूहमा आवद्ध छन् । पाखा भुमीहिनहरूको बसोवास गर्दै आएको टोल हो । दमाई, मगरहरू गरी जम्मा १६ घरधुरी उक्त टोलमा झुप्रो बनाई बसोवास गर्दै आइरहेका छन् । यहाँका समुदाय अती गरिव छन् । ज्याला मजदुरी गरी दैनिक गुजारा चलाउ छन् । सरकारी तथा गैरसरकारी संस्थाको सेवामा पहुँच छैन । एक जुट हुन नचाहाने र महिलालाई घर बाहिर निस्कन दिनु हुन्न भन्ने मान्यता यहाँका समूदायमा दरो रूपमा रहेको छ । बाल बच्चाहरू कुपोषित छन् । विद्यालय पठाउने कुरामा अभिभावकहरू त्यती चासो दिदैनन् । घर वरीपरी दिशा पिसाब र फोहोर मैला नभएको घर पाउन गाह्रो छ । एक घरमा परिवार बराबर ७ जना बच्चा छन् । गाईवस्तु र मानिसले एउटै कुवाको पानी प्रयोग गर्छन ।

जब सहास नेपाल रिस्कूमा काम गर्न शुरू गऱ्यो । गा.वि.स. तथा वार्ड भेलाले उक्त टोललाई लक्षित टोलको रूपमा छनौट गऱ्यो । घर भेट कायक्रम मार्फत तथ्याङ्क संकलन गरियो । उनीहरूलाई समूहमा एकता बद्ध भई अधिकार खोज्न र टोलको हित हुने कार्य गर्न उत्प्रेरित गरियो । तर शुरूमा समूह बन्न मानेनन् धेरै पटकको प्रयास पछि समूह त बन्ने भयो तर समूहमा महिलालाई सदस्य राख्न मानेनन् । महिलाको काम घर भित्रको र वस्तुभाउ गर्ने हो भन्ने मान्यता पुरूषको रहेको पाइयो ।

निक्कै लामो कसरत पछि मुस्किलले समूहमा २ जना सदस्य महिला राख्ने सहमत भए । १६ जनाको समूह बन्यो । सहास नेपालले आयोजना गरेको समूह अवधारणा गोष्ठीमा सहभागी भए पछि बल्ल तल्ल समूहको सक्रियता अलि अलि बढ्न थालेको छ । हाल उनीहरूले रू ५/- का दरले वचत शुरू गरेका छन् । साना किसान सहयोग अन्तर्गत २ जनाले बाख्रा पाल्न शुरू गरेका छन् । बच्चाहरूलाई पोषण जाँच गरी सर्वोत्तम पिठो बनाउने तरिका सिकाइदै छ । कार्यालयमा बालकक्षा र खानेपानीको लागि कुवा संरक्षण माग गरेका छन् र विकासमा चासो दिने र सोध खोज गर्न थालेका छन् । अभियानको रूपमा खाल्टे चर्पी बनाउने कार्ययोजना बनाएका छन् ।

## विश्व साक्षरता दिवस



विश्व साक्षरता दिवसको अवसरमा कटारी र रिस्कू गा.वि.स.का निम्न माध्यमिक स्तरीय हाजिर जवाफ प्रतियोगिता त्रिवेणी उच्च मा.वि. र सहास नेपालको संयूक्त प्रयासमा आयोजना गरीयो । उक्त कार्यक्रममा १० वटा विद्यालयले भाग लिएका थिए । कार्यक्रमको आयोजना तथा सञ्चालनको जिम्मेवारी त्रिवेणी उच्च मा.वि.ले गरेको थियो भने विद्यार्थीलाई सामन्य पुरस्कारको व्यवस्था सहास नेपालले गरेको थियो । उक्त कार्यक्रममा सगरमाथा इङ्गलिस स्कूल र क्रमश प्रभात, मदरल्याण्ड द्वितिय र तृतीय भएका थिए । उक्त कार्यक्रममा २०० विद्यार्थीहरुको सहभागिता रहेको थियो । कार्यक्रमबाट स्थानीय विद्यालयसंग सम्बन्ध विस्तार हुने र संस्थाको परिचय गराउने राम्रो अवसर मिलेको थियो ।

## समूह अवधारणा गोष्ठी



सहास नेपालले रिस्कू र कटारीमा कार्य शुरु गरेपछि गरिव समूदायलाई संगठित गरी लक्षित समूदायमा सहयोग पुऱ्याउने उद्देश्यले संगठीत भएका समूहहरुलाई र संगठित हुन चाहने समूदायका अगुवाहरुलाई ३ दिने समूह अवधारणा गोष्ठी रिस्कू र कटारीमा आयोजना गरियो । समूदायका अगुवाहरुलाई समूहको महत्व, अधिकारमा आधारित विकास अवधारणा र अगुवाइ गर्ने सीपको विकास जस्ता विषय समेटी उक्त गोष्ठी सञ्चालन गरिएको थियो । रिस्कू गा.वि.स.मा ३५ जना २२ महिला र १३ पुरुष र कटारीमा २५ जना १३ महिला र १२ पुरुष समूहका अगुवा तथा प्रतिनिधिहरुले भाग लिएका थिए । गोष्ठीमा समूदायले भोगेका समस्या र समूह आफैले गर्न सक्ने कार्यको वारेमा विश्लेषण र छलफल गरिएको थियो । समूहका अगुवाहरुले सहास नेपालको कार्य प्रक्रिया खुलेर छलफल गर्ने र बुझ्ने मौका पाएका थिए । गोष्ठीको अन्त्यमा समूहलाई दिगो बनाउन समूहको नीति नियम बनाउने र समस्या विश्लेषण गरी लिखित रुपमा कार्ययोजना बनाउने प्रतिवद्धता गरे अनुरुप हाल सम्म ३३ वटा समूहहरुले लिखित निति नियम, उद्देश्य र कार्ययोजना बनाई विभिन्न क्रियाकलापहरुको शुरुवात गरेका छन् ।



### सकरात्मक कार्यहरूको शुरूवात समूह आफैले थाले

सामुदायिक विकास क्रियाकलाप संचालन गर्ने क्रममा लक्षित समूदाय छनौट गरी लक्षित समूहहरू गठन गरी संस्थाको कार्य प्रणाली, नीति नियम लगायतका कुराहरूको जानकारी गराउदै । समूदायको समस्या र जिविकोपार्जनका लागि हातेमालो गर्दै समूदाय/समूहसंग सम्बन्ध विस्तारको थालनी भयो । व्यक्तिगत सम्बन्ध विस्तार संस्थाको जानकारी समूह अवधारणा र अन्य तालिम, गोष्ठीमा भाग लिए पश्चात समूदाय/समूहको सक्रियतामा वृद्धि हुँदै आईरहेको छ । अरूको मुखमात्र ताकेर हुँदन, आफैले पनि केहि गर्न सकिने रहेछ भनि आत्माबल र आत्म विश्वासलाई कार्यमा लगाउने थालेका छन् । कति समूहमा आवद्ध नभएका आवद्ध भएर काम शुरू गरेका छन् भने केहि निश्क्रिय अथवा विलिन अवस्थामा रहेकाहरू पनि जागरूक भएका छन् । जसलेगर्दा समूदायमा एकबाट अर्कोले सिक्दै सकरात्मक प्रतिस्पर्धाको थालनी भएको छ । जस्तै समूहको वचत गर्ने, नीति नियम र उद्देश्य बनाउने देखि लिएर सामाजिक कामहरू समूहले आफ्नो व्यावहारमा उर्तान थालेका छन् । हाल सम्म कुनै संघ संस्था नपुगेको विकासको लागि कुरेर बसेका रिस्कू गा.वि.स. वार्ड नं. ९ वैरेनी समूहले १९ जनाको समूह बनाई अभियानको रूपमा आफैले स्थानीय श्रोत साधन प्रयोग गरी प्रत्येक घरमा पालो पालो गरी सबै समूहको सदस्यहरू मिलेर खाल्डे चर्पी बनाई प्रयोग गर्न थालेका छन् । विकास आउला र चर्पी बनाउला भनेर बसेका मानिसहरूले आज विकासको थालनी आफैबाट शुरूवात गरेर एउटा उदारण नै बनेका छन् । साथै हामीले विकास गर्न जागरूक हुनु पर्छ । हामी लागि परे विभिन्न संघ संस्थाबाट सहयोग लिन सकिन्छ भन्ने आत्मावल बढेको छ साथै समूहहरूले खुला दिशा रहित क्षेत्र घोषणा, सामुहिक वचत, समस्याको विश्लेषण गरि कार्ययोजना बनाएर कार्यको थालनी गरेका छन् ।

त्यस्तै थालनी कटारी गा.वि.स. वार्ड नं. ८ झोरा टोल समूहले पनि गरेको छ । समूहको ३०–३५ जना जम्मा भईयो र सार्वजानिक चौतारा सर-सफाई र बस्नको लागि फल्याक ५ वटा पनि ठोकेको छौं । पुरानो भत्केको पनि बनायौ । हाल बाटो हिड्ने लाई सितलमा बस्न पनि सहज भएको छ भने हाम्रो समूहको बैठक पनि संचालन गर्न सजिलो भएको छ । सबैले राम्रो मानेको छ । यसरी समूहको अध्यक्ष टेक राज सुनुवार कटारी गा.वि.स. वार्ड नं. ६ ककरू निशानी समूहले पनि गरेको थालनी समूदायमा नै नयाँ र पहिलो पटक भएको कुरा व्यक्त गरे । यस समूहले पुर्खौली बाटो जो हाल चालु भए पनि अप्ठयारो बस्तु हिडाउन पनि गाह्रो हुने थियो । उक्त पुरानो बाटो करिब ८०० मिटर समूहको ३५ जनाले २ दिनमा मर्मत गरी फराकिलो वनाए । साथै हाल वनजंगल जान, वस्तुभाउ हिडाउन, बालबच्चा हिड्ने सजिलो भएको छ । हाम्रो लागि हो भन्न थालेका छन् । त्यति मात्र नभएर खाल्टे चर्पी बनाउन खाल्टो खन्न थालेको छौं ।

यसरी समूहहरू आफैले आफ्नो कामको सकरात्मक कार्यको थालनी गरेका छन् । साथै भविष्यमा अन्य क्रियाकलापमा पनि सक्रियता दिने कुरा व्यक्त गरेका छन् ।

## विश्व खाद्य दिवस

सहास नेपालले आफ्नो कार्यक्षेत्रमा खाद्य अधिकारको वारेमा समूदायले जानकारी गराउने उद्देश्यका साथ विभिन्न चेतनामूलक र आयमूलक कार्यहरु गर्दै आइरहेको छ । यस क्रममा समूहका अगुवाहरुलाई एकदिने

विश्व खाद्य दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम आयोजना गरीएको थियो । उक्त कार्यक्रममा १९ रिस्कू र १५ कटारी गा.वि.स.मा समूहका अगुवाहरुले भाग लिएका थिए । कार्यक्रममा खाद्य दिवस मनाउनुको उद्देश्य र किन यसरी महत्व दिएर विभिन्न कार्यक्रमका साथ यो दिवस मनाइन्छ आदि वारेमा जानकारी दिइएको थियो । समुदायको बुझाई अनुसार खाद्य दिवस भनेको खाद्य बाँड्ने कुरा हो भन्ने थियो । मानिस भोकले मर्नु हुँदैन, मानिसको खान पाउने अधिकार सबैको सुनिश्चित हुनुपर्छ भन्ने सन्दर्भमा सहभागीहरुले खुलेर आफ्ना विचारहरु राखेका थिए । खाद्य अधिकार मानिसको मुख्य अधिकार हो भन्ने कुरा समुदायका व्यक्तिलाई थाहा थिएन तर खाद्य अधिकारको मान्यता वारे प्रष्ट पारेपछि उनीहरुले आफ्नो अधिकारको सुनिश्चितको लागि कहाँ जानु पर्ला, हामीले के गर्नुपर्छ र कसरी अधिकार प्राप्ती हुन्छ भन्ने सन्दर्भमा खुलेर छलफल गरेका थिए । छलफल पश्चात समूहमा खाद्य अधिकारको वारेमा थप जानकारी गराउने प्रतिवद्धता गरेका थिए ।

## अधिकारमा आधारित साक्षरता कक्षा



समुदायले विभिन्न बैठक भेला र अन्तरक्रियामा उठाएका उनीहरुका वास्तविक समस्यामा सहयोग गर्ने संस्थाको लक्ष्य अनुरुप कटारी र रिस्कू गा.वि.स.मा २२ वटा टोलबाट अधिकारमा आधारित साक्षरता कक्षा सञ्चालनको लागि माग आएको थियो । जसमा १२ वटा लक्षित टोललाई प्रथामिकता दिई समूहसंग कक्षा सञ्चालन गर्ने प्रक्रियाको वारेमा छलफल गरी उनीहरुले छनौट गरी पठाएका व्यक्तिलाई सात दिने सहयोगी कार्यकर्ता पूर्व तयारी तालिम मंसीरको ४ देखि १० गतेसम्म कटारीमा सञ्चालन गरियो । तालिममा विभिन्न समूहका १२ जना महिला सहयोगी कार्यकर्ताले भाग लिएका थिए । किताबको प्रयोग नगरी (PRA) सहभागीतामूलक विधिको प्रयोग र छलफलबाट उनीहरुले भोगेका समस्यालाई नै छलफलको विषय बनाई सहभागीहरुले विश्लेषण गरी समस्याको जरो खोतल्ने र समाधानको लागि कार्ययोजना बनाउने र साधन श्रोत र समुदायको हैसियत अनुरुप श्रोत खोजी गरी कार्यान्वयन गर्ने तरीका सिकी सोही समस्या वा सवाललाई अक्षरको रुपमा लेख्न र पढ्न सिकाइने विधि उक्त सहयोगी तालिममा सिकाइयो ।

पढाउने विधि फरक भएकोले तालिमको शुरुमा सहयोगी कार्यकर्तालाई अली असजिलो लागेता पनि व्यवहारीक अभ्यास र नमूना कक्षा अभ्यासले उनीहरुको आत्मा विश्वास बढेको थियो । कक्षा मंसीरको दोस्रो हप्ताबाट सञ्चालन भई आषाढमा समापन भएको छ ।



## अक्षर चिन्दा जिवनमा नै उज्यालो छाएको अनुभव भयो

उदयपुर जिल्ला रिस्कू गा.वि.स. वार्ड नं. ७ जलजले जहाँ अहिले सम्म कुनै संघ संस्था, सरकारी आदिको आखाँबाट ओझेलमा परेको टोल हो । यस टोलमा प्राय दलितको बाहुलियता छ । र केहि जनजातीहरू पनि छन् । नामले जलजले भएता पनि यस ठाँउको जल व्यवस्थापन/स्वच्छ खानेपानीको अति समस्या छ । कुवाको पानीले १७ घरधुरीले पानी खान बाध्यता छ । जव सहयोगी हातहरूको समूह (सहास) नेपालले २०६४ सालबाट उदयपुर जिल्लाको कटारी र रिस्कू गा.वि.स.मा कामको शुरूवात गऱ्यो । यो सबैको छाँयामा परेको जलजले सहासबाट छलिन पाएन, घरभेट कार्यक्रम पछि भएको २०६५ साल भदौमा १६ घरधुरी मिलेर गठन भएको समूहले आफ्नो समूहको निरन्तरता र दिगो बनाउन पहिला साक्षरता बनौ भन्ने सोच राखेर सहास नेपलसंग जोडदार साक्षरता केन्द्रको माग राखे ।

२०६५ मंसिर महिनाबाट संचालित अधिकारमा आधारित साक्षरता केन्द्र संचालन गरे जब केन्द्र संचालन भयो उनीहरूको अनुहार र जीवनमा नै उज्यालो छाएको अनुभव भयो । किनभने केन्द्रमा जम्मा १७ घरका सबै दिदी बहिनीहरू आफ्नो सबै काम भ्याएर दिनको २ घण्टा शिक्षाको अधिकारको उपयोग गरिरहेका छन् ।

हिजो सम्म मेलापात घर धन्दा, गफगाफमा मात्र जीवन बिताई रहेका दिदी बहिनीहरू आज सबै गर्न भ्याएर पनि सामुदायिक काम, अक्षर चिन्ने, पढ्ने कुरामा समय छुट्टाएर "जहाँ इच्छा त्यहाँ उपाय" भन्ने शब्दको चरितार्थ बनेका छन् ।

साक्षरता कक्षा आफ्नो नाम, गाँउ साथै आफ्नो पहिचान बताउन सक्ने भएका छन् । त्यति मात्र नभएर आफ्नो केन्द्रमा सिकेको तथा छलफल भएका आफ्नो समूदायका समस्याहरू अक्षरमा सिक्दै व्यावहारमा पनि उर्तान थालेको पाइन्छ । जस्तै पानीको लागि सहास नेपालसंग निवेदन दिएर बनाउनलाई आवश्यक स्थानीय सामाग्री जुटाएका छन् । सबैले घरमा फोहोर फाल्ने खाल्डो बनाएका छन्, करेसाबारी लगाउन थालेको छन् । गाँउका स्थानीय बाटोहरू मर्मत गरेका छन् । यस भन्दा पहिला यस्तो कुरामा ध्यान दिने र सोच्ने सम्म नगरेका दिदी बहिनीहरूको आज यस्तो एकता, उत्सुकता र जागरूकता देखेर समूदाय पनि खुशी छन् । केन्द्रमा सहभागी हुने दिदी बहिनीहरू पनि भन्न थालेका छन् । अब हामीमा आँट बढेको छ । केहि गर्छौ, आफैले सिकेको अक्षर बाहिर फेर हिड्दा पढ्न सक्छौ भनि केन्द्रका सहभागीहरू व्यक्त गर्छन ।

आगामी दिनमा फेरी अर्को थप कक्षा पनि माग गरेर अझ पढने भनि पटक पटक संस्थाका कर्मचारी साथीहरूलाई सुनाउने गर्दछन् । सहभागीहरूले महिला हक अधिकार, बारे खुलेर छलफल गर्ने र आफ्ना बाल बालिकाहरूलाई बिद्यालय पठाउने जस्ता कार्य गर्न शुरू गरेका छन् ।

## एच.आई.भी. एड्स सचेतना गोष्ठी

समूदायमा स्वास्थ्य शिक्षा मार्फत चेतना जगाउने कार्यक्रमको उद्देश्य अनुसार विश्व एड्स दिवसको अवसरमा एकदिने सचेतना गोष्ठी समूहका प्रतिनिधिहरुलाई आयोजना गरियो । गोष्ठीमा रिस्कू गा.वि.स. मा २१ महिला र ५ पुरुष गरी २६ जनाले भाग लिएका थिए भने कटारीमा ७ महिला र ५ पुरुष गरी जम्मा १२ जनाले भाग लिएका थिए । एच.आई.भी. एड्सको वारे माकुनै जानकारी नभएको सहभागी मध्ये केहीले वताएता पनि शुरुमा खुलेर कुरा गर्न र छलफलमा भाग लिने निक्कै असजिलो महशुस गरेका थिए । तर अधिकांस महिला सहभागीहरुले घुमाउरो भाषामा यौन जन्य सरुवा रोगको वारेमा घुमाउरो विभिन्न जिज्ञासाहरु राखेका थिए । गोष्ठीको अन्त्यमा यस्तो स्वस्थ्य सम्बन्धि छलफल फेरी पनि आयोजना गर्दा अझै राम्रो हुने सुझाव दिएका थिए । गोष्ठीबाट एच.आई.भी. एड्स खतरनाक रोग हो भन्ने कुराको सूचना प्रभाह गर्न र समूहका अन्य सदस्यहरुलाई सुनाउने प्रतिवद्धता सहभागीहरुले गरेका थिए । तालिम पछि समूहमा पनि जानकारी गराएका छन् भने आफ्नो समूदायमा हुने चेलिबेटी वेच विखन रोक्नलाई कुनै नयाँ व्यक्तिको गाँउमा प्रवेश हुँदा समूहले खोजीनिती गर्न थालेका छन् ।

## भूमीहिनहरुसंग अन्तरक्रिया कार्यक्रम र घुम्ती कोष परिचालन

भूमिहिनहरुको जीवन स्तर उकास्न आयको वैकल्पीक श्रोतको खोजी उनीहरुसंगै बसेर आम्दानीको उपाय निकाल्ने उद्देश्य साथ भूमिहिन समूदायसंग एक दिने अन्तरक्रिया, छलफल कार्यक्रम सम्पन्न गरियो । कटारी र रिस्कूमा दुई अवस्थाका भुमिहिन रहेको पाइयो जसमा ऐलेनी जग्गा तथा सामुदायिक वनमा बसोवास गर्दै आएका समूदाय छ भने अर्को थरी बस्ने ठाँउकै समस्या भएर खोलाको किनार पाखा जग्गामा झुप्रो बनाई बसोबास गर्दै आएका समूदायका जम्मा सात वटा समूहका २१ जना भूमिहिन र समूहका अगुवा प्रतिनिधि ७ जना गरी जम्मा ३० जना सहभागीले उक्त कार्यक्रममा भाग लिएका थिए । अन्तरक्रियामा आफ्नो नाममा एकटुक्रा जग्गा नहुँदा सधै भरी कस्ले आएर कति बेला बसीरहेको झुप्रोबाट लखेट्ने हो भन्ने डरले सताइ रहने कुरा प्रमुखताका साथ उठाएका थिए । सधै ज्याला मजदुरी गरेर जीवन गुजार गर्नुपर्ने र कति समय त भोकै रहनु पर्ने वाध्यताले सामाजिक कार्य र अन्य कार्यमा ध्यान दिन नसकेको कुरा व्यक्त गरेका थिए ।

वैकल्पीक आम्दानीको उपायको लागि उनीहरुसंग ज्याला मजदुरी बाहेक केही नरहेको महुशस गरेतापनि विभिन्न अवसरहरु जस्तो जंगलको नजिक रहेकालाई बाखा पालन, बजार नजिक सुंगुर पालन, ढाकी बुन्ने जंगलको कन्दमुल जम्मा गरी बेच्ने जस्ता उपायहरु आम्दानीका सम्भावना हुन सक्ने कुरा व्यक्त गरेका थिए । आम्दानी बढाउनका लागि आय आर्जन बढाउन एउटा समूहलाई रु. ५,००० (अक्षेरुपी पाँच हजार मात्र) घुम्ती कोष परिचालनको रुपमा समूहलाई प्रदान गरिएको थियो । समूहले विभिन्न मौकाको खोज गरी भूमिहिनलाई प्राथामिकताका साथ सहयोग पुऱ्याउने कुरा समूहका अगुवाले व्यक्त गरेका थिए । भूमिहिनको अन्तरक्रिया कार्यक्रममा सहभागी कटारी वार्ड नं. ९ का जोगीडाँडा महिला समूहका महिलाहरुले कार्यालयबाट प्राप्त कोष लिन पनि मानेनन् किनभने श्रीमान्हरु ज्यालादारी गरेर कमाएको पनि जाडरक्सीमा खर्च गरेर सिध्याउने हुनाले समूहमा बसेको महिलामा श्रीमानको व्यवहारले दिक्क भएको हुनाले सहयोग लिन आटँ गरेनन्



तर सबैले उत्साह र हौसला दिएपछि मात्र साहास बटुलेर उक्त रकम ग्रहण गरी सुंगुर पालनमा लगाएका छन् । समूह मार्फत परिचालित उक्त कोषबाट सानो खुद्रा पसल र तरकारी पसल शुरु गरेका छन् भने स्थानीय सामाग्रीको संकलन गरी कटारी बजारमा बेच बिखान गर्न शुरु गरेका छन् र ७ वटा समूहले पाएको अनुदानले समूहमा आवद्ध भूमिहिन व्यक्तिहरुले उक्त अनुदानलाई प्राथमिकताको आधारमा वितरण गरी आफ्नो आय आर्जन वृद्धि गर्नमा लगानी गरेका छन् । कसैले आफ्नो हाते सीपलाई अगाडि बढाएका छन्, कसैले साना तिना पसल गरेका छन्, बाखा, वंगुर पालेका छन् । उक्त क्रियाकलापले समूहको व्यक्तिहरुमा केही आय आर्जन वृद्धि गर्ने मौका मिलेको छ । जसले गर्दा समूहको बैठकमा नियमितता बढेको छ । तालिम, गोष्ठीमा सहभागिता बढेको छ भने आफ्नो घरयासी समस्यामा पनि सहयोग पुगेको छ । जस्तै : बच्चाको पढाईमा, खानको लागि, विरामी पर्दा साथै समूहमा वचत गर्न आदि । हिजो सहयोग लिन डराउने जोगीडाँडाको दिदी, बहिनीहरुले पनि फाइदा लिन थालेपछि श्रीमान् र श्रीमती बीचको सम्बन्धमा फरक आएको छ । जस्तै हिजो समूहमा जानु पर्दैन केहि हुँदैन भन्ने श्रीमानहरु हाल केहि हुने रहेछ जानु पर्छ भन्न थालेका छन् ।

## भोकी फूलो मल्लीक (डुम) र समूहको बैठक

कटारी वार्ड नं. ३ को तावा खोलाको किनारमा ९ घर भुमिहिनहरूको बसोवास छ । दैनिक बजारमा चर्पी सफा र सर-सफाईको कार्य गरेर होटलमा भाडा माझेर गुजारा चलाउँदै आएका डुमहरू आफ्नो जात मल्लीक भनेर चिनाउन रूचाउँछन् । विभिन्न संघ संस्थाले आ-आफ्नै तरिकाले सहयोग प्रदान गर्दै आईरहेतापनि उनीहरूको जीवन स्तर अहिले सम्म फोहोर सफा गर्दैमा विती रहेको छ । सहास नेपालले पनि उनीहरूको समूहसंग कार्य गर्ने उद्देश्यले पटक पटक उनीहरूसंग भेटघाट गर्ने कार्यलाई निरन्तरा दियो । शुरूमा उनीहरूले पटक्कै कर्मचारीको कुरा विश्वास गरेनन्, निक्कै लामो प्रयास पछि उनीहरूले सहास नेपालको कर्मचारी प्रति विश्वास गरे र समूह बनाई सहास नेपालसंग मिलेर केही कार्य गर्ने इच्छा गरे छलफल भयो र समूह गठन पनि भयो । जहिले पनि उनीहरूको पहिलो प्रश्न हुन्थ्यो सहास नेपालले के खान दिन्छ ? के के पाइन्छ ? समूहको बैठक बसी योजना बनाउने उद्देश्यले सहास नेपालका कर्मचारी ०६५/८/७ गते त्यहाँ पुगे । फूलो मल्लीक लगायत अन्य केही सदस्य बैठक हुने ठाँउमा उपस्थित थिएनन् । सबै सदस्य नभएको कारणले छलफल नगर्ने निधो भयो । उपस्थित सदस्यहरू आ-आफ्ना घर तिर लागे । सबै सदस्य उपस्थित नहुनुको कारण पत्ता लगाई सहास नेपालका कर्मचारी फूलोको घर तिर गए । फूलो बडो गम्भीर मुद्रामा बच्चाको नजिक बसी नुन खोर्सानी सिलौटामा पिन्दै थिइन । फूलो बैठकमा आउनु भएन त के सोधेको मात्र थियो उनी रून थालिन, कुरा के रहेछ भने सधै काम गर्ने होटलमा काम गर्न गएको फूलो त्यस दिन पनि गएकी रही छन् । काम सकी तरकारी किन्ने पैसा माग्दा खान पनि दिनु पैसा पनि भनी गाली गरेर अब उप्रान्त काम नदिने धम्की साथ रित्तो हात काम गर्ने ठाँउबाट पठाएका रहेछन् । उनी घर फर्कदा ३ (तीन) बजी सकेको थियो । यती भनि सेलाएको निस्तो भात र नुन खोर्सानीसंग बच्चाहरू हाँप र जाँप गरी खान थाले उनी चुप चाप भाँडा खोतल्दै थिइन । भूमिहिनको अन्तरक्रिया गोष्ठीमा तपाई पनि सहास नेपालको कार्यालयमा आउनु ल भनी सहास नेपालका कर्मचारी बाटो लागे । अन्तरक्रिया गोष्ठीमा मजदुर गर्न छाडेर उनीले पनि भाग लिएकी थिइन । गोष्ठीमा सबैले आम्दानीका उपाय बारे बताउथे तर फूलो डराई डराई म सुंगुर पाल्छु सर त्यती मात्र भन्थिन । धेरै पटक उनको सुंगुर पाल्ने भित्री असायको अभिव्यक्तिले हामीलाई पनि पगाल्यो र उनीलाई समूह मार्फत एक सुंगुर दिने निधो भयो । गोष्ठीमा उनी त्यस दिन भोकै आएकी रहिछन् । गोष्ठीका सहभागीलाई कार्यालयले प्रदान गरेको खाजाले त्यस दिनको भोक फूलोले पनि शान्त पारी सुंगुर पाल्ने उनको आसय पुरा हुने आशाका साथ उनी फर्कीइन हेरौ उनको सुंगुरसंग गाँसिएको सपना कसरी अगाडी बढला ?

## साना किसान



गरिव समूदायको जीवन स्तर उकास्नको लागि आम्दानीको वैकल्पीक उपाय खोज गर्ने र समूदायले गर्न चाहेको योजनामा सहयोग गर्न सहास नेपालको उद्देश्य अनुसार भूमिहिन तथा गरिव समूहका सदस्यहरुलाई आफ्नै सक्रियताबाट आम्दानी बढाउन सकुन भन्ने आशाका साथ साना किसान सहयोग कार्यक्रम अन्तर्गत विभिन्न समूहमा बाख्रा तथा वंगुर वितरण गर्ने कार्य गरियो जसबाट २० जना गरिव सदस्यहरु लाभन्वित हुने अवसर पाएका छन् ।



वंगुरबाट आएको आम्दानीले आफ्नो घरको खानाको समस्या टारीरहेको पैसाबाट बच्चालाई स्कूलमा पढ्न सहयोग पुग्ने आशा लिएका छन् । हालसम्म कटारीमा १५ जना र रिस्कूमा २४ जनालाई बाख्रा, वंगुर सहयोग गरीयो । यसबाट सहयोग प्राप्त समूहको सदस्यहरुले राम्रोसंग पालन पोषण गरी आयमा वृद्धि गर्न थालेका छन् । करिव १०० देखि ३०० सम्म फाइदा हुने भएकाले उनीहरुमा खुशी छाँएको छ साथै घरायसी समस्यामा पनि सहयोग पुगेको छ । सामुदायिक छलफल, क्रियाकलाप, तालिम, गोष्ठी र अन्तरक्रियाहरु आदिमा सहभागिता बढ्न थालेको छ ।

## समूह बैठक सहजीकरण (उद्देश्य, नीति नियम र योजना तर्जुमा)



समूहमा छलफल गरी समूहका सम्पूर्ण सदस्यहरुलाई सामूहिक कार्यमा सहभागी गराउन र समूह सञ्चालन प्रक्रिया बारे जानकारी गराउन समूहसंग निरन्तर भेटघाट अनुगमन छलफल र अन्तरक्रिया गर्दै आइरहेको छ । यस क्रममा गठित समूह मध्ये २२ वटा समूहमा लिखित निति नियम, उद्देश्य र कार्ययोजना तयार भएको छ । यसबाट समूहलाई सामूहिक कार्य व्यवस्थित गर्न निक्कै सहयोग पुगेको महशुस गरिएको छ । समूहहरुले योजना बनाई खाल्टे चर्पी निर्माण, चौतरा मर्मत, सामूहिक वचत गर्ने कार्य शुरु गरेका छन् । सामूहिक भावनाको विकास भएको छ भने समूहको महत्व बुझ्न थालेका छन् । समूहहरु कार्ययोजना लिएर गा.वि.स.मा श्रोत माग गर्न थालेका छन् । समूहको मासिक बैठकमा सहजीकरण कार्य भई रहेको छ । यस क्रममा रिस्कूमा १९ वटा समूह र कटारीमा १८ समूह गठन भएका छन् । ३३ वटा समूहले आफ्नो नीति नियम, उद्देश्य र कार्ययोजना अनुरुप अगाडि बढ्दै रहेका छन् भने केही ३, ४ वटा समूह प्रक्रियामा छन् । समूहमा नियमित भेटघाट तथा अन्तरक्रिया र विभिन्न विषयमा सहजीकरण जस्तै : मानव अधिकार, महिला अधिकार, स्वास्थ्य तथा सरसफाई, पोषण, शिक्षा, श्रोत आदिको बारेमा थप जानकारी पाएकाले समूह सदस्यहरुको आत्मावल बढेको छ । आफ्नो समूह र समूदायका समस्याहरु केही व्यक्ति माझ, संघ संस्थामा राख्न सक्ने भएका छन् । साथै आफ्नै अग्रसरतामा सामुदायिक विकास र परिवर्तनका कामहरुको थालनी गरेका छन् । बाटो निर्माण तथा मर्मत, स्थायी, अस्थायी चर्पी निर्माण, फोहोर फाल्ने खाल्टा, टोल सरसफाई, चौतरा मर्मत, सामूहिक वचत गर्ने कार्य थालनी भएको छ । जसले गर्दा सामूहिक भावनाको विकास हुनुको साथै साना तिना कामहरु आफैले समाधान गर्न सकिने रहेछ । परनिर्भर भन्दा आत्मनिर्भर हुनु नै समूदायको परिवर्तन हो भन्ने भावनाको विकास भएको छ । समूहको नियमित बैठकमा भाग लिने तथा समूहलाई सशक्त बनाउने विभिन्न विषयमा छलफल चलाउने कार्य नियमित रुपमा गर्दै आइरहेका छन् । समूहले आफ्नै सक्रियतामा र संस्थाको सहयोगमा

सञ्चालन गरिएका क्रियाकलापहरुको नियमित अनुगमन तथा अनुभवको आदन प्रदान गर्ने र समूहलाई श्रोतको खोज गर्न र कार्ययोजना बनाई कार्य गर्न उत्प्रेरित गर्दै आईरहेको छ । विशेष गरि दलित र भूमिहिन समूहमा कति पय क्रियाकलाप सञ्चालन गर्न गाह्रो भएता पनि घुम्तेकोष परिचालन, सुंगुर पालन, सामुहिक वचत जस्ता आयमूलक कार्यक्रमले सहयोग पुगेको देखिन्छ । समूहले आफ्नै साधन, श्रोत र सीपबाट बिभिन्न क्रियाकलाप सञ्चालन गरेका छन् । खाल्टे चर्पी १३० वटा, बाटो मर्मत ३००० मिटर, वचत कोष १५०० देखि ४०००० फोहर फाल्ने खाल्टा ३० वटा, बैठक बस्ने घर २ वटा, श्रोतको लागि गा.वि.स.मा निवेदन पेस १५ वटा समूहले गरेका छन् ।

## अधिकारमा आधारित साक्षरता कक्षा अनुगमन



समूहका सदस्यहरु विशेष गरी महिलालाई साक्षरता गराउने र उनीहरुको अधिकारको बारेमा सचेत गराउने उद्देश्यका साथ संचालित कक्षा नियमित अनुगमन गर्ने कार्य भइरहेको छ। कक्षाहरु नियमित रुपमा सञ्चालन भइरहेका छन् । कक्षामा २३३ जना महिला सहभागीले पढने अवसर पाएका छन्। कक्षामा टोलमा भएका समस्या विश्लेषण गर्ने र समाधानको लागि योजना बनाउनुका साथै सहभागिता राम्रोसंग भइरहेको र महिलाहरु परिचय गर्न नडराउने र नलजाइकन आफ्नो नाम भन्न थालेका छन् । रिस्कू र कटारीमा जम्मा १२ वटा कक्षा सञ्चालनमा रहेका छन् र साक्षरता केन्द्र सञ्चालन पश्चात संचालित केन्द्र सदस्यहरु बीच झन आफ्नोपनको विकास भएको छ । हिजो नाम, गाँउ भन्न नसक्ने दिदीबहिनी आज लेख्न र पढ्न सकेकोमा खुशी साथै आत्मवल बढेको छ । त्यतिमात्र नभएर समूदायमा साना तिना घटना मिलाउने कार्य, गा.वि.स. र अन्य संघ संस्थामा गएर पाउने कुराहरु अधिकारको रुपमा खोज्न थालेका छन् भने केही त तालिम, गोष्ठीमा लेखेको कुरा सार्न थालेका छन् । साथै सिकेका कुरालाई व्यावहारमा उर्तादै अगाडि बढेका छन् ।

### सिकाईलाई व्यवहारमा उतारे महिलाहरूले

कटारी गा.वि.स. वार्ड नं.३ वैरेनीमा सहास नेपालका सहजकर्ताहरू घर भेटमा जादाँ तथ्याङ्क लिने अति गाह्रो भएको थियो । किन ? के दिन्छ भन्थे भने पटक पटक भेटघाट र समूह गठन गर्नलाई संस्थाले गरेको उत्प्रेरणा आत्मासाथ गर्दै छरिएर रहेका दिदि बहिनीहरू समूहमा आवद्ध भएर समूहको उद्देश्य, निति नियम र कार्ययोजना बनाउदै अगाडी बढ्न थाले । यसै क्रममा अधिकारमा आधारित साक्षरता कक्षाको जोडदार संस्थासंग माग राखी साक्षरता कक्षाको शुरूवात पनि गरे । जब केन्द्रमा "अधिकार" भन्ने शब्दबाट विभिन्न अधिकार सम्बन्धि सहजकर्ताले सहजीकरण गर्दै सिकाउन थाले र अब हामी अधिकार खोज्न गा.वि.स. जाने भन्दै २ घण्टाको सिकाइलाई १ घण्टा सिकी १ घण्टाको समयमा गा.वि.स.मा आई १० वटा चर्पीको लागि सहयोग आर्थिक सहयोग माग गरे ।

यस समूहमा जम्मा ३५ जना महिला भएता पनि साक्षरता कक्षामा २५ जनाले सिक्दै आइरहेका छन् । यसरी पढाईलाई निरन्तर दिदै, सिकेका कुरा व्यवहारमा लगाउदै अगाडी बढ्न थालेका छन् । पानीको समस्या भएकाले हातकल जडान गरि सफा पानी खाएका छन् र भविष्यमा समूहलाई दिगो बनाउने उनीहरूको उद्देश्य रहेको छ ।

## पोषण परिक्षण



समूदायमा रहेका गरिव व्यक्तिको स्वास्थ्यको स्थितीले खाद्य सुरक्षाको अवस्था झल्काउन मद्दत गर्छ। खाद्यन्नको अभाव खाद्य असुरक्षाको एउटा मुख्य पाटो हो भने भएको खाने वस्तुलाई पोषणयुक्त ढङ्गले प्रयोग गर्न जान्नु अर्को पाटो हो । यी दुवै कुरालाई मध्यनजर राखी घरभेटबाट संकलित तथ्याङ्कको आधारमा कुपोषित बच्चाहरुलाई भएको लक्षित टोलमा (रिस्कू वार्ड नं. ९) पोषण परिक्षण गर्ने कार्य सम्पन्न गरियो जसमा ६४ जना पाँच वर्षमुनिका बालबालिकाको पोषणको स्थिती जाँच गर्दा ३४ जना बालबालिका कुपोषित पाए । उक्त कुपोषित बालबालिकाको अभिभावकलाई पोषण र सर-सफाईबारे शिक्षा प्रदान गर्नुको साथै बच्चाको लागि सर्वोत्तम पिठो बनाउने तरिकाको प्रदर्शन र अति कुपोषित बच्चालाई सर्वोत्तम पिठो वितरण गर्ने कार्य गरियो । स्थानीय स्तरमा पाइने साग, सिस्नु र दानादुनीबाट पाइने पोषण तत्वको बारेमा जानकारी गराई बजारमा पाइने प्याक खानाले पार्ने असरबारे पनि उनीहरुलाई छलफल गराइएको थियो। यसबाट समुहका सदस्यहरुको बाल बच्चालाई खुवाउने र खाने बानीमा सुधार ल्याउने प्रतिवद्धता व्यक्त गरेका थिए । कुपोषित बच्चाहरु अधिकांस दलित समूदायबाट थिए । बच्चाहरुको तौल र पाखुराको नाप लिएको थियो । कुपोषित बच्चाको नियमित अनुगमन गर्ने कार्य भइ रहेको छ। पोषण परिक्षण पश्चात कुपोषित बच्चाहरुको वृद्धि र विकासमा सहयोग पुऱ्याउन र आमाहरुमा स्थानीय स्तरमा सस्तो साथै

पोषिलो खाना बनाएर खुवाउन भन्ने उद्देश्यले प्रत्येक कुपोषित बच्चाहरु ३७ जनालाई प्रति व्यक्ति २ के.जी. को दरले सर्वोत्तम पिठो वितरण गरीयो जसले गर्दा बच्चाको वृद्धि र विकासमा सहयोग पुग्नुको साथै आमाहरुले पुनःस्थानीय स्तरमा पाइने खाद्य सामग्रीको सर्वोक्तम पिठो बनाएर खुवाउन थालेका छन् ।

## अन्न भण्डारण तथा विऊ छनौट तालिम



समूहका सबै जसो सदस्यहरु कृषीमा आश्रित रहेका छन् । परम्परागत रुपमा बाउ बाजेबाट खेती गर्ने तरिका सिक्दै आए र विस्तारै नयाँ प्रविधिको प्रयोगको नाममा रासायनिक मल, रासायनिक विषादीहरु प्रयोग गर्न शुरु गरे । परम्परागत निर्वाहमूखी खेती प्रणाली र पुरानो मल बनाउने तरिका र विऊहरु छाड्दै जान थाले । जसको परिणाम स्वरुप उत्पादन बढनुको साटो घट्दै गएर समस्या सृजना भएको छ। यसै सन्दर्भलाई मध्य नजर राखी उत्पादित सामाग्रीहरुको उचित भण्डारण गर्न नसक्दा मुखमा आइ सकेको खाद्यन्न लगायत खानको लागि प्रयोग गरिने अन्य सामाग्री नष्ट भएर जाने भएकोले गाँउ घरमा परम्परादेखि प्रयोग गर्दै आएका विऊको संरक्षण र उत्पादित सामाग्रीको उचित भण्डारण गर्न सिकाउने उद्देश्यले २ दिने अन्न भण्डारण तथा विऊ छनौट तालिम कटारी र रिस्कूमा आयोजना गरियो तालिममा समूहका प्रतिनिधिहरुले गाँउमा अन्न भण्डारण गर्दै आएको तरिका र विऊ छनौट गर्दा अपनाएको तरिकाबारे अनुभव आदन प्रदान गरेका थिए। अन्न भण्डारण गर्दा र विऊ छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरुको बारेमा छलफल भएको थियो। तालिममा परम्परादेखि लगाउदै आएका तर लोप हुन लागेका धान, गहुँ, मकै, बोडी लगायत अन्य जातका विऊको संकलन गर्ने कार्य गरिएको थियो । तालिम पश्चात स्थानीय स्तरमा पाइने जडीबुडी प्रयोग गरी अन्न तथा विऊको भण्डारण गर्ने र खाद्य बैंक स्थापनाको लागि मुठी दान गर्ने तथा पुरानो विऊको संरक्षण गर्ने कार्ययोजना तय भएको छ ।

## समूहमा शिक्षण (मानव अधिकार, खाद्य अधिकार, महिला तथा बाल अधिकार र स्वास्थ्य तथा सरसफाई)

समूह तथा अधिकारमा आधारित साक्षरता कक्षाको बैठकमा स्वास्थ्य तथा महिला, बाल अधिकारको बारेमा समूहसंग छलफल गराउने कार्य निरन्तर रुपमा भई रहेको छ। यस क्रममा १२ वटा अधिकारमा आधारित साक्षरता कक्षामा र ३३ वटा समूहको नियमित बैठकमा पोषण सम्बन्धि र महिलाको



हक अधिकारको बारे छलफल गराइएको थियो । यस्तो छलफलबाट समूहका महिला दिदीबहिनीहरुले महिला अधिकार बारे जानकारी लिन विभिन्न महिलाले भोगेका समस्या बारे घरेलु हिंसा बारे जिज्ञासाहरु उठाएका थिए। महिलाले भोगेका समस्याबारे कानुनी परामर्शको लागि वकिलसंग अन्तरक्रिया कार्यक्रम राख्ने योजना रहेको छ । विभिन्न विषयमा गरिएको शिक्षणले महिलाहरुमा थप आँट बढेको छ भने जन्मदर्ता, विहेदर्ता र नागरिकता लिने वारे खोजी नीति भएको पाइन्छ ।

## समूहको कार्ययोजनामा सहयोग

समूहलाई आफ्नो टोलको समस्या विश्लेषण गर्ने र समाधानको लागि लिखित कार्ययोजना बनाएर कार्य गर्न शुरु गरेका छन् । अधिकार दावा गर्न विभिन्न तालिम तथा गोष्ठी मार्फत शशक्तिकरण गर्ने तथा प्राकृतिक श्रोतमा दलित तथा महिलाको पहुँच बढाउन समूहको निर्णायक तहमा अर्थपूर्ण सहभागिताको लागि सहजिकरण गर्ने कार्य निरन्तर भईरहेकोछ। यसबाट समूहका व्यक्तिहरु उत्साहित भएका छन्। समूहले स्कूल मर्मत, खानेपानीको श्रोत संरक्षण, घर तथा जग्गालाई बाढीबाट बचाउनको लागि संरक्षण गर्ने जस्ता काम विभिन्न संघ संस्थाबाट श्रोत जुटाउने कार्य गरी मर्मत तथा संरक्षणका कार्य गरीरहेका छन् । यसरी कार्य गर्दा सामुहिक कार्य गर्न समूहलाई थप उत्प्रेरणा मिलेको महशुस गरेका छन् ।

## विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थासंग समन्वय र सहकार्य

जिल्ला तथा गा.वि.स. स्थित सरकारी तथा गैर सरकारी संघ संस्थासंग नियमित भेटघाट गर्ने तथा कार्यक्रमको आदन प्रदान गर्ने कार्य भइरहेको छ । यस क्रममा जि.वि.स. तथा गा.वि.स.मा प्रगती प्रतिवेदन पेश गर्ने र आगमी कार्यक्रमको बारेमा जानकारी गराउने कार्य भै रहेको छ । यसबाट संस्थागत सम्बन्ध बढनुको साथै कार्यक्रममा आपसी सहयोग र समन्वयका साथ कार्यक्रमहरु अगाडि बढी रहेको छ । यस क्रममा प्रगती प्रतिवेदन तथा आगामी वर्षको योजना गाँउ परिषदमा पेश गर्ने कार्य सम्पन्न भएको छ । समूहले पेश गरेका योजनामा गा.वि.स.ले पनि श्रोत साझेदारीमा सहयोग पुऱ्याएको छ । यस क्रममा कटारी तथा रिस्कू गा.वि.स.मा योजना छनौट उप समितिमा र साक्षरता समितिमा सहास नेपाल पनि सदस्य रहेको छ ।

## राहत सहयोग

सहास नेपाल गरिव समूदायले भोगेको समस्यालाई कम गर्न उनीहरुसंग हातेमालो गरी कार्य गर्दै आइरहेको छ । यस क्रममा रिस्कू गा.वि.स. वार्ड नं. ९ लामी दुवाली समूहको सदस्य तेज कुमारी मगरको घर आगलागी भएर कुनै सामान निकाल्न नपाएकोले तत्कालको लागि जीउनलाई सहयोग

पुग्ने उद्देश्यले रु २,००० (अक्षेरुपी दुई हजार मात्र) बराबरको अन्न र लता कपडा सहयोग गरिएको थियो । उक्त पिडित परिवारलाई समूहका सदस्यको सक्रियतामा घर बनाउने कार्यमा सहयोग गरेका थिए ।

## तरकारी खेती तालिम

यहाँका समूदायहरुको आफ्नो बारीमा तरकारी खेती गर्न बानी निक्कै कम रहेको पाइयो । अन्नसंग तरकारी साटेर खाने चलन विद्यमान छ । तरकारीको साटो मासु धेरै प्रयोग गर्ने चलन छ । गरीब समूदायलाई मासु किनेर खाने कुरा झन गाह्रो छ । तरकारीको फाइदा कम देख्दा रहेछन् । समूदायलाई तरकारी खेतीमा उत्प्रेरणा गर्नु आवश्यक ठानी सहास नेपाल समूदायले महसुस गरेको आवश्यकता बमोजिम समूहसंग हातेमालो गरि सीप, ज्ञान र साधन श्रोतको परिचालनमा सहयोग गर्दै आईरहेको छ । यस क्रममा २०६५ माघ २२ देखि २८ सम्म रिस्कू र कटारी गा.वि.स.का प्रतिनिधिहरुलाई तीनदिने तालिम सम्पन्न गरियो । कटारी गा.वि.स.मा ३२ जना जसमा २७ महिला ५ पुरुष र रिस्कू गा.वि.स.मा ५३ जना ४८ महिला र ५ पुरुषको सहभागिता रहेको थियो । आफूलाई घरयासी प्रयोगमा चाहिने तरकारी आफ्नै बारीमा उब्जाएर प्रयोग गरुन भन्ने आशा र व्यवसायिक रुपमा तरकारी खेती गर्न, उत्प्रेरण गर्ने उद्देश्यले उक्त तालिम सञ्चालन गरिएको थियो । आफ्नो बारीमा तरकारी उब्जाउनुको साटो बजारमा बाहिरको तरकारी किनेर खाने समूदायको बानीमा सुधार ल्याउनु अर्को उद्देश्य थियो ।

तीनदिने तालिममा बेमौसमी तरकारी लगाउने तरिका, रोग किरा नियन्त्रण गर्ने घरेलु प्रविधि, कम्पोष्ट मल बनाउने तरिका र घरमा प्रयोग गरेर खेर जाने पानीको सदुपयोग कसरी गर्ने भन्ने विषयमा तालिमका सहभागीसंग छलफल गराइएको थियो । तालिम पश्चात मुला, गाजर, बन्दा, टमाटर, भण्टाको विऊ उपलब्ध गराइएको थियो । तालिम पश्चात सहभागीहरुलाई समूहमा गई तरकारी लगाउने तरिकाको व्यवहारिक अभ्यास गराइएको थियो । केही समूहमा तरकारी राम्रो उत्पादन गरि बिक्रि वितरण गरेको पाइयो । भने व्यवसायिक तरकारी खेतीको लागि ब्याडको तयारी गरेको र रोग किरा नियन्त्रणको लागि घरेलु विषादी, निमको पात, बकाइनो, तितेपाती, सूर्तीको मिश्रण गरि प्रयोग गरेको पाइएको थियो । ५० प्रतिशत समूहले करेसाबारी बनाई आफ्नो घरपरिवारमा चाहिने तरकारी उत्पादन गरी तरकारीमा लाग्ने खर्चमा सहयोग पुगेको छ । भने समूहको सदस्य मध्ये ४० प्रतिशत सदस्यले लगाएको छ । साथै ५ प्रतिशत सदस्यले परिवारमा खाएर पनि रु ६०० देखि २० हजारसम्म आम्दानी गरेका छन् । जतिले आम्दानी गरे उनीहरुले थप पुन: व्यावसायिक रुपमा अगाडि बढ्ने योजना बनाई तालिमको पनि माग गरेका छन् । यसरी तरकारीबाट आम्दानी भएपछि घरको आर्थिक बोझमा सहयोग भएको छ । साथै ताजा तरकारीले त्यसमा पनि स्थानीय स्तरको घरेलु विषादीको मात्र प्रयोगले गर्दा खेतबारीमा नै तरकारी किन्न जान्छन् भने छिमेकीहरुले पनि शुरुवात गरेका छन् ।



### तरकारी फलाए दनुवार महिलाले

दनुवार महिलाहरूलाई धान फल्ने खेतमा तरकारी पनि फल्छ भन्ने विश्वास थिएन किन भने हामीले लगाउँदा हुँदैन भन्थे र प्राय समय मिलाएर माछा मारेर खाने गर्थे । कुनै समय साइकलमा डुल्याउँदै/घुमाउँदै ल्याएको तरकारी भेट्दा आफूले खाने धान तीन किलो दिएर १ किलो कुनै न कुनै तरकारी साट्थे । त्यतिकै नुन खुर्सानी मात्र पिसेर भए पनि खाना खान्थे । जब २०६५ श्रावण १५ गते (पटक पटकको भेटघाट र छलफल पछि महिलाहरू समूह बनाइ कार्य गर्न राजि भए तत्पश्चात अधिकारमा आधारित साक्षरता कक्षाको थालनी गरे अनि केन्द्रमा सिकेको कुरालाई व्यावहारमा उर्तान तरकारी खेती सम्बन्धी कार्ययोजना बनाई, करेसाबारी सम्बन्धि तीन दिनको तालिम सहास नेपालद्धारा लिए तब वल्ल यिनिहरूको घैंटोमा घाम लाग्यो । हाम्रो खेतमा पनि तरकारी फल्ने रहेछ भन्ने महशुस गरी समूहका तिन जना दनुवार महिलाले १ कट्टा खेतमा तरकारी लगाई अरूको माझ उदाहरणीय कार्यको थालनी गरे । आफ्नो खेतको ताजा तरकारी खान पाउँदा मनमा आनन्द र खुशी लाग्दो रहेछ । यसले धेरै कुरामा फाइदा भएको छ । अवदेखि लगातार तरकारी लगाई खाने र अझ बढी खेती गरी आम्दानी बढाउने योजना उनीहरूको रहेको छ । सहास नेपालले आंखा खुलाई दियो अब भिटामिन "ए" आफैं फलाउदछौं । साथै समूह एक भएर बिभिन्न क्रियाकलपको पनि थालनी भएको छ । जस्तै हातेकल निर्माण नियामित बैठक वचत र लगानी चर्पी निमार्ण आदि कार्यको थालनीले दनुवार समूदायमा परिवर्तन आएको अनुभब समूहका सबैले गरेका छन् । समूहमा पहिले भन्दा घरको वरीपरी र गल्ली सफा भएको छ । दनुवार महिलाहरू नछुटाई तालिम गोष्ठीमा भाग लिन्छन् ।

## ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम



समूदायहरु विभिन्न सेवा र पहुँचबाट बञ्चित छन् । यस क्रममा समूहका व्यक्तिहरु कृषि र पशु पालनबाट आफ्नो जीवन गुजार गरिरहेको हुनाले पशु सेवाको पहुँच गरिव समूदायमा पुगोस भन्ने आशाले रिस्कू गा.वि.स. बाट २ जना समूहले छनौट गरि पठाएका व्यक्तिलाई (राज कुमार गौतम रिस्कू ९ र धनराज दनुवार रिस्कू १) ३५ दिने तालिममा सहभागी गराई तालिम पशु स्वास्थ्य तथा परामर्श सेवा पोखराको सहयोगमा सम्पन्न भएको थियो । तालिम पाई कार्यकर्ताले गाँउमा सेवा प्रदान गर्न शुरु गरिसकेका छन् । स्थानीय स्तरमा नै पशु उपचारले समूदायलाई त राहत मिल्यो नै कार्यकर्ताहरु पनि आफ्नो राम्रो आय आर्जन र सेवा माग भएकोले सामाजिक सेवामा लागिपरेका छन् । हाल सम्म विभिन्न रोग लागेका पशुको उपचार गर्न सफल भएका छन् । भने श्रोतको खोजीको लागि जिल्ला पशु कार्यालयमा गई दर्ता गरेर सेवा, सुविधा र श्रोतको माग राखेका छन् । समूदायले हाल स्थानीय स्तरमा सेवा पाउन थालेका छन् । कार्यकर्ताले हालसम्म २०० वटा रोगी र विरामी पशुको उपचार गरिसकेका छन् ।

## अब मेरो गाउँमा सामान्य रोगले पशु मर्दैनन्

मेरो गाउ रिस्कू गा. वि. स. वार्ड नं ९ बैरेनी टोलमा पर्छ, मेरो नाम राज कुमार गौतम हो । यो टोल अति पिछडीएको टोल हो । कुनै सेवा सुविधा के आउछ कता जान्छ कुनै सूचना पाइदैनथ्यो । गाउँमा बिभिन्न समस्याहरू झेल्दै जिवन गुजरा चलाउने बाहेक अन्य सामाजिक विकासका कार्यहरू केहि हुँदैनथे । पशु बिरामी भएमा स्थानीय झारफुक र जडीबुटी खुवायो । बाचे बांच्छ नत्र मर्छ । धेरै गाइ बाखा अकालमा मरीएछ ।

जब सहास नेपालले यस टोलमा समूह बनाएर सामाजिक कार्य गर्न उत्प्रेरीत गर्‍यो । हाम्रो टोलमा पनि समूह बनायौं । समूहले पशु स्वास्थ्य कार्यकर्ता तालिममा मलाइ छनौट गरेर पठायो । पोखरा गएर तालिम लिएर आएं । अब मेरो गाउँका पशुहरू सामान्य रोगले अकालमा मर्नु पर्दैन । मैले छिमेकिको लम्पसार परेर मर्न लागेको गोरू र एकै पटक बिरामी परेका २२ वटा बाखा बचाएं । छिमेकिहरू पनि खुशी भए । १२० भन्दा बढी पशुको सानो ठूलो उपचार गरी सकें ३ वटा बचाउन सकिन । यो कार्यबाट मासिक ५०० देखि ८०० सम्म आम्दानी हुन्छ । समाजमा प्रतिष्ठा पनि बढेको छ । भविष्यमा गाउमा एग्रोभेट खोल्ने योजना छ । समूहलाई दिर्घकालिन र दरीलो बनाउने मेरो लक्ष्य हो ।

## नगदेवाली तालिम



समूहका गरिव समूदायको आय वृद्धि गराउने वैकल्पीक उपाय खोज गर्नु जरुरी छ । उनीहरुको आम्दानीका बाटाहरु अत्यन्त न्यून रहेका छन् । गरिव समूदायको आम्दानी नबढाए सम्म उनीहरु विभिन्न सेवा बञ्चित रहेको पाइएको छ । उनीहरुले दैनिक गुजार चलाउन समय वेतित गर्नु परेको छ । पेटभरी खान पाउने कुरा त परै जाओस भोक टार्न समेत धौ धौ छ । खाद्य अधिकार वा खान नपाउनु आफ्नो अधिकार हो भन्ने समेत थाहा छैन । यिनै कुरालाई मध्यनजर गरि भूमिहिन तथा अति गरिव समूहका सदस्यहरुलाई दुईदिने नगदेवाली तालिम फागुन २० देखि २२ मितिमा सम्पन्न गरियो । तालिममा रिस्कू र कटारी गा.वि.स.का समूहका गरिव सदस्यहरु जम्मा १५ जनाले ७ जना पुरुष र ८ जना महिला भाग लिएका थिए । तालिममा अदुवा, वेसार र खोर्सानी खेतीलाई जोड गरिएको थियो । जुन चिज स्थानीय बजारमा राम्रोसंग बिक्रि गर्न सकिन्छ । सहभागीहरुलाई अदुवा, वेसार र खोर्सानीको विऊ संस्थाबाट उपलब्ध गराइएको थियो । विऊ पाएपछि सबैले आफ्नो आम्दानी वृद्धि गर्नलाई विऊ रोपण काम गरिसकेका छन् । एक समूहले गा.वि.स.संग बेसार पिस्ने मेशिनको माग राखेका छन् । बेसार पिसेर प्याक गरी स्थानीय बजारमा विक्रि गर्ने योजना समूहको रहेको छ ।



## कम्पोष्ट मल तयारी तालिम

समूहका सदस्यहरुको मुख्य पेसा भनेको नै कृषि हो । गरिव समुदायको जग्गा थोरै हुने हुनाले आफ्नो खेतीको कमाईबाट निर्वाहा गर्न गाह्रो परि रहेको हुन्छ । थोरै जग्गाबाट बढी उब्जा लिनको लागि माटोको उवराशक्ति बढाउनु जरुरी छ । समुदायले स्थानीय स्तरमा गाँउको श्रोत साधन प्रयोग गरि मल बनाउने र उब्जाउ बढाउन उद्देश्यका साथ रिस्कू र कटारीमा एकएकदिने कम्पोष्ट मल तयारी बनाउने तालिम सम्पन्न गरियो । तालिममा कटारी गा.वि.स.का समूहबाट १४ जना जसमा १२ जना महिला र २ जना पुरुष र रिस्कू गा.वि.स.मा ३१ जनामा २७ जना महिला र २ पुरुषले भाग लिएका थिए । कम्पोष्ट मल बनाउने तरिकाको व्यवहारिक अभ्यास गराएको थियो । तालिम पश्चात सहभागीहरुले आ-आफ्नो ठाँउमा कम्पोष्ट बनाउन शुरु गरेका छन् । ३० प्रतिशत सहभागीहरुले कम्पोष्ट मलको लागि आफूसंग भएको मल बनाउने खाडलको सुधार र नहुनेले खाडल खनी कम्पोष्ट मल बनाएका छन् ।

## साना किसान अन्तरक्रिया गोष्ठी



समूहका गरिव किसानको आम्दानी वैकल्पीक उपाय खोज गर्ने सन्दर्भमा समूहका सदस्यले चाहेको योजनामा मद्दत गर्ने संस्थाको उद्देश्य अनुरुप गरिव कृषकहरुलाई बाखा र वंगुर पालनमा सहयोग गरिएको छ । यस क्रममा रिस्कूमा २४ जना र कटारीमा १५ जनालाई सहयोग गरियो । यसबाट समूहका सदस्यहरुले थप आम्दानी गर्ने आशा गरिएको छ । यस भन्दा अगाडि वितरण गरिएको सुँगुर तथा बाखाबाट रु. ३,००० आम्दानी गरेको पाइएको छ । समूदायको परिवारलाई खाना व्यवस्था गर्न सहयोग पुगेको छ । गरीब समूदायको आम्दानीको बैकल्पीक उपाय न्यून छ । दैनिक जिवन चलाउन ज्याला मजदुरी गर्नु पर्ने बाध्यता छ । आफ्नो दैनिक गुजाराको कार्यलाई अगाडि बढाउदै अन्य आम्दानीको उपाय खोज्नु उनीहरुको बाध्यता हो । गरीब समूदायको आम्दानीको बाटोको लागि सहयोग पुऱ्याउने उद्धेश्यले समूहका अती गरीब किसानलाई सहास नेपालले बाखा तथा वंगुर पालनमा सहयोग पुऱ्याउदै आइरहेको छ । यस क्रममा कटारी गा.बि.स.मा १५ जना र रिस्कू गा.बि.स. मा २५ जना समूहका अति गरीब सदस्यहरुले यस्तो सहयोग पाउँदै आएका छन् । जंगल तथा खोलाको किनार प्रशस्त भएकोले र कटारी वजारमा मासुको खपत राम्रोसंग हुने हुनाले पशुपालनबाट राम्रो अम्दानी लिन सकिने सम्भावना पनि यस क्षेत्रमा रहेको छ । सहास नेपालको सहयोग र समूहको सकृयतामा पशु पाएका कृषकहरुलाई पशु पालन सम्बन्धि एक दिने अनुभव आदान प्रदान

अन्तरक्रिया गोष्ठीको आयोजना गरीयो । गोष्ठीमा रिस्कू गा.वि.स.बाट २५ जना जसमा २१ जना महिला र कटारी गा.बि.स.बाट १५ जना जसमा १३ जना महिला समूहका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । पशु पालन सम्बन्धि अनुभव तथा सिकाई आदन प्रदान गर्ने उद्धेश्यले उक्त गोष्ठीको आयोजना गरीएको थियो । सहभागीहरुले खोर निर्माण गर्ने तरीका, राम्रो पशु छनौट गर्ने तरीका, रोग किरा नियन्त्रण र घाँस दानाको व्यवस्थापन जस्ता कुरामा छलफल तथा अन्तरक्रिया गरेका थिए। पालेको पशुबाट पाँचसयदेखि तीनहजार सम्म आम्दानी लिएको पाइयो । आफूले पाएको पशुबाट उत्पादन भएको पाठापाठी समूहको अर्को सदस्यलाई दिने क्रम शुरु भएको छ । आगामी समयमा गोठको व्यवस्थापन र घाँसको लागि बिरुवा रोपण गर्ने कार्ययोजना तयार पारेका छन् ।

### " निर्मलाको आम्दानीले घरखर्च टर्छ "

निर्मला सार्की (२२) रिस्कू ५ बुढाबुढी टोलमा बस्छिन् । उनीले एक बर्ष अगाडी थापामगरसंग अन्तर जातिय विवाह गरीन । उनको एक छोरी छिन् । तल्लो जातकी छोरीले आफू भन्दा माथिल्लो जातसंग विवाह गर्नु अहिले पनि समाज तथा परिवारले स्वीकार्दैन । निर्मला पनि यो सामाजिक जातिय विभेदबाट पिडित भइन र उनी र उनका श्रीमानले निक्कै छि छि र दुरदुर तथा दुःख भोग्नु पर्‍यो । घरपरिवारदेखि छर छिमेकले पनि उनीको परिवारलाई हेला होचो गर्थे । सहास नेपालले उनको टोलमा समूह गठन गर्न उत्प्रेरीत गर्‍यो । निर्मला पनि समूहमा अबद्ध हुने मौका पाइन । समूहको सकृयता र संस्थाको सहयोगमा संचालित साक्षरता कक्षामा निर्मला पनि पढन शुरू गरीन । अहिले उनी नेपाली अक्षर पढन र लेख्न सक्छिन् । सहास नेपालबाट भूमि हिनहरूलाई आय आर्जनको लागि प्राप्त घुम्ते कोष रकमबाट उनले रू. एक हजार ऋण लिइन र उक्त रकमबाट स्थानीय स्तरमा पाइने बाँस किनेर डोरीको बस्ने मुढा बनाएर विक्री गर्न शुरू गरीन यसरी विक्री गर्दा रू. एक हजार ऋण समूहलाई तिरी कन उनीलाई दुइ हजार नाफा भयो । मुढा बनाउने कार्यलाई निरन्तरता दिंदै उनीले उक्त रकमबाट सानो खुद्रा पसल पनि शुरू गरीन । यसरी कार्य गर्दा उनीलाई दैनिक रू. १०० कम्तिमा खुद अम्दानी हुन थाल्यो । यो आम्दानीले उनीलाई दैनिक खानेकुरा ब्यवस्थापन गर्न ठूलो सहयोग पुगेको छ । उनका श्रीमान् ज्याला मजदुरीको लागि भारतको सिक्किम पुगेका छन् । यसरी समूहको कार्यले र उनको लगनसिलताले उनीले पहिले भोग्नु परेको छुवाछुतको विभेद कम हुँदै गएको छ । परिवारका सदस्य र छिमेकीहरू पनि उनको घरमा आवत जावत गर्न शुरू गरेका छन् । समूहका अन्य सदस्यहरूले उनीलाई नमूनाको रूपमा हेर्न थालेका छन् । मुढा बन्ने कार्यलाई पेसाका रूपमा निरन्तरता दिने उनको योजना रहेको छ ।



## अधिकारमा आधारित साक्षरता कक्षा सहयोगी पुर्नताजगीय तालिम

समूहले बनाएको योजनामा सहयोग गर्ने उद्देश्य अनुरुप १२ वटा अधिकारमा आधारित साक्षरता कक्षा सञ्चालन गरिएको थियो । उक्त कक्षाका सहयोगी कार्यकर्तालाई दुईदिने पुर्नताजगीय तालिम सम्पन्न गरियो । तालिममा कक्षामा भोग्नु परेको समस्या र शिक्षण विधि बारे छलफल गराइएको थियो । छलफलमा केन्द्रमा आउने सहभागीहरुले ज्याला मजदुरी गर्न दैनिक हिडनु पर्ने हुनाले पढ्ने केन्द्रमा सहभागीहरु नियमित आउन नसक्ने भएकोले केही सहभागीहरुलाई अक्षर सिकाउन गाह्रो भएको कुरा व्यक्त गरेका थिए । कटारीमा ६० जना र रिस्कूमा १२० जनाले कक्षामा पढने अवसर पाएका छन् । साक्षरता कक्षामा गाँउको समस्या बारे छलफल गरि मुख्य समस्यालाई अक्षरको रुपमा लेख्ने पढने कार्य गर्दै समस्या समाधानको लागि कार्ययोजना समेत बनाउने गरिएको छ । जस अन्तर्गत बाटो मर्मत, सरसफाईको लागि चर्पी निर्माण र फोहोर फाल्ने खाल्टो निर्माण जस्ता कार्यहरु केन्द्रका सहभागीले गर्दै आएका छन् ।

### " पढन पाउनु मेरो अधिकार रहेछ "

उदयपुर जिल्लाको कटारी गा.वि.स. वाड नं. ३ चिम्टाघारी बस्ने वर्ष २० कि मनिता तामाङ गरिब परिवारमा जन्मेकी हुन् । उनको घरमा १२ जना परिवार छन् । यो परिवारले सधैं ज्यालादारी काम गरेर जीवन निर्वाह गर्दै आएका छन् । गरिवीकै कारण उनले पढ्न समेत पाएकी थिइनन् । पढ्न र काही घुम्न नपाएको कारण उनी आफ्ना गाँउका साथीहरूसंग समेत उनी बोल्न डराउने गर्थिन । मिति २०६५ श्रावण महिनामा सहास नेपालको सहयोगमा यस टोलमा २३ जना महिलाहरू मिली समूह गठन गरियो । यस समूहमा मनिता पनि सदस्य बसिन समूहले नियमित बैठक बसी समूहले कार्ययोजना बनाएर संस्थामा पेश गर्‍यो । कार्ययोजनामा अधिकारमा आधारित साक्षरता कक्षा, साना किसान सहयोग, बाँध, खानेपानी र हातेकल सहित राखिएको थियो । पहिलो प्राथमिकता अधिकारमा आधारित साक्षरता कक्षालाई दियो समूहले किनकी यस बस्तीमा पढ्न लेख्न नसक्ने महिलाको संख्या धेरै थियो र अधिकारमा आधारित साक्षरता कक्षामा १९ जना सहभागी थिए । तिमध्ये मनिता पनि एक सहभागी थिइन् ।

उनलाई पढनु पर्छ भन्ने यसै समूहमा बसेपछि महसुस भयो र उनी दैनिक दुई घण्टा आफूले घरमा गर्नु पर्ने काम सबै सकेर केन्द्रमा विभिन्न अधिकार सम्बन्धि सवालमा छलफल र लेख्न पढ्न सिक्छिन् । उनी अहिले घरमा कसैले पढ्न नजा भन्यो भने पढनु पाउने मेरो पनि अधिकार हो अरू भाइ बहिनीलाई पढाउन सक्ने मैले चाँही पढन नपाउने भनेर पढन आएको भनेर उनी बताउछिन । गाँउको साथी भाइसंग बोल्न लाज मान्ने मनिता अहिले निर्धक्क साथ बोल्न सक्ने भएको छु भनेर उनी भन्छिन् । समूहमा बसेपछि "मेरो जिवनले धेरै महत्वपूर्ण अवसर पाएको छु" किनकी समूहमा नबसेको भए अवसरबाट म बञ्चित हुने थिए भन्छिन । उनको भविष्यको योजना सिंलाई कटाई तालिम लिई सिलाई गरेर आफ्नो जिवन निर्वाह गर्ने रहेको छ ।

## फोहोर संकलन रिक्सा सहयोग



कटारी बजारको फोहोर व्यवस्थापन यस ठाँउको लागि निक्कै ठूलो चुनौतीको विषय बनेको छ । यस क्रममा यहाँ वर्षौ देखि फोहोर सरसफाई गर्ने कार्यमा संलग्न डुम तथा मुसहर समूदायको लागि आम्दानीको बाटोमा सहयोग पुगोस भन्ने उद्देश्यले कटारी गा.वि.स.संग मिली फोहोर संकलन गर्ने रिक्सा व्यवस्थाको लागि आवश्यक सहयोग गरियो । जसबाट २ वटा रिक्सा नियमित रुपमा फोहोर संकलनको लागि प्रयोगमा ल्याउने र डुम समूदायको व्यक्तिले काम पाउने र यसको निरन्तर अनुगमन तथा अन्य व्यवस्था गा.वि.स.ले गर्ने गरि यसको व्यवस्था गरिएको छ। यसबाट दलितहरुको नियमित आम्दानीको वैकल्पीक उपाय हुने हुनाले उनीहरुको खाद्य अधिकार सुरक्षित गर्न सहयोग पुगेको छ। हाल २ जना व्यक्ति उक्त रिक्साको सदुपयोग गरी आफ्नो घरपरिवार पाल्नमा सहयोग पुग्नुको साथै आर्थिक संकटको कमी भई खानामा सहयोग, शिक्षामा सहयोग पुगेको छ । साथै २ जना दलितहरुको रोजगारीको अवसर सृजना भई कामको थालनी भई रहेको छ । यसबाट भूमिहिन दलित समूदायलाई नियमित आम्दानीको बैकल्पीक बाटो भएको छ । रिक्सा खरिदको लागि गा.वि.स. कटारीबाट पनि श्रोत प्राप्त भएको थियो ।

## श्रोत साझेदारीमा पूर्वधार निर्माण

गरिव समूदायको विभिन्न प्रकृतिक श्रोत र साधनमा पहुँच न्यून छ । उनीहरुको पहुँच र अधिकार विभिन्न श्रोतमा बढाउन आवश्यक छ। सरकारी तथा गैर सरकारी संस्थाले सञ्चालन गरेका विभिन्न समिति तथा संयन्त्रहरुमा उनीहरुको सहभागिता न्यून देखिन्छ। तसर्थ स्वास्थ्य, शिक्षा तथा स्वच्छ खानेपानीमा लक्षित वर्गको सहभागिता र पहुँच बढाउन उनीहरुलाई उत्प्रेरीत गर्नु जरुरी छ। यिनै कुरालाई ध्यानमा राखी समूहले बनाएको योजनामा श्रोत साझेदारीको रुपमा सहयोग गर्ने उद्देश्यले ५ वटा विद्यालयको छाना मर्मत, ३ वटा खानेपानी मर्मत, १२ वटा हातेकल जडान र १ वटा सिंचाई कुलो मर्मत र २ ठाँउमा बाँध मर्मत गर्ने कार्यमा सहयोग पुऱ्याइएको छ। यसरी श्रोत साझेदारीमा कार्य गर्दा गा.वि.स., जिल्ला शिक्षा कार्यलय, जि.वि.स., रेडक्रस, समुदायिक वन र समूदाय आफैको संलग्नताबाट कार्य अगाडि बढीरहेको छ।



## विद्यालय मर्मत

स्थानीय स्तरमा पाइने सिमित साधन र श्रोतबाट समूदायहरुले सामुहिक कार्यलाई अगाडि बढाइ रहेका हुन्छन् । समूदायको सक्रियतामा सञ्चालन भएका विद्यालयहरु जिर्ण भई मर्मत गर्नु पर्ने अवस्थाले कतिपय ठाउँमा बालबालिकाहरु खालि भुइमा र खुला ठाउमा पठनपाठन गर्न र गराउन बाध्य छन्। जसको करणले बच्चाहरु स्कूल जान मन नपराउने तथा विद्यालय छोडने गरेको पाइएको छ । यिनै कुरालाई मध्यनजर राखि ५ वटा विद्यालयको मर्मत कार्य गर्न समूह तथा व्यवस्थापन समूहलाई सहयोग गर्ने कार्य सम्पन्न गरीयो। उक्त कार्य सम्पन्न गर्नको लागि समूह, गा.बि.स. तथा सामुदायिक वन जि.शि.का. बाट श्रोत जुटेको थियो । यसबाट विद्यालयको पठनपाठनमा सहयोग पुगेको छ। विद्यालय छोडेका बाल बालिकाहरु पून भर्ना हुन शुरु गरेका छन्। विद्यालयमा पढ्न नपठाउने दलितका बच्चाहरुलाई स्कूल पठाउनको लागि उत्प्रेरित गर्ने कार्य निरन्तर भइरहेको छ। ५ वटा विद्यालयको मर्मत कार्यवाट ५०३ छात्र र ५३४ छात्रा लाभन्वित भएका छन्।

## सिंचाई कुलो मर्मत



भूमिहिन समूदाय जग्गा नपाएर खाद्य असुरक्षीत छन् भने ऐलेनी जग्गामा बसोबास गर्दै आएका समूदायहरु सिंचाइको अभावले एक दुइ कट्ठा जग्गामा पनि उत्पादन लिन सके का छैनन् जसको कारणले उनीहरु खानको लागि सधैं भरी संर्घष गरी रहनु परेको छ। यिनै कुरालाई मध्यनजर राखि कटारी गा.वि.स. वार्ड न. २ च्याङ्ग्रा महिला समूहको माग बमोजिम उनीहरुको आफ्नै सकृयतामा खन्न सुरु गरीएको अस्थायी कुलो मर्मतको लागि सहास नेपालले, गा. बि. स. कटारी र समूहको संयूक्त सहयोगमा कुलोको मुहान मर्मत कार्य सम्पन्न गरीएको छ। उक्त कुलो मर्मतबाट ५६ घरपरिवार लभान्वित भएका छन् भने २८ बिघा जमिन सिंचित भई तीन कमाई उत्पादन शुरु भएको छ। यसबाट ३० घरपरिवार समूदायहरुलाई ३ महिना थप खाना पुऱ्याउन सहयोग पुगेको छ।

## खानेपानी मर्मत तथा श्रोत संरक्षण

प्राकृतिक श्रोत माथि गरीब समूदायको संलग्नता र पहुंच न्यून रहेको छ। सफा र स्वच्छ खानेपनि पिउनबाट उनीहरु बन्चित छन्। प्राकृतिक श्रोत साधन उपभोग गर्न पाउनु उनीहरुको अधिकार हो भन्ने कुरा समेत उनीहरुलाई जानकारी छैन्। यस्ता श्रोत साधनहरु समूदायमा रहेका बोलवालाहरुको अधिनमा छ। एक डेढ घण्टा धाएर पनि फोहोर पानी पिउन बाध्य छन् सहास नेपालले यस्ता प्राकृतिक

श्रोत साधन माथि छेउ लागेका समूदायको पहुंच बढाउन उनीहरुलाई सशक्तिकरण गर्दै आइरहेको छ। यस क्रममा रिस्कू गा.वि.स. वार्ड नं ९ बकपति र मडियान पाखामा र वार्ड नं ७ जलजलेमा खानेपानी मर्मत गर्ने कार्यमा समूहलाई सहयोग पुऱ्याउने कार्य गऱ्यो उक्त कार्यबाट वकपति समूहमा ७० घरपरिवार र जलजले समूहमा २२ घरपरिवार र मडियान पाखामा ६ घरपरिवार भोर्ले सिरान टोलमा २४ घरपरिवार लभान्वित भएका छन्। उक्त योजनाबाट समूदायको पानी लिन जाने समयको बचत हुनुको साथै झाडापखाला रोगबाट बच्न सहयोग पुग्ने देखिन्छ।

## हातेकल जडान



तराइ क्षेत्रमा जमिन मुनीको पानीको श्रोत प्रयोग गरीन्छ। वातावरणमा आएको परीवर्तनले गर्दा जमिन मुनिको पानीको श्रोत सुक्ने क्रम तिब्र रुपमा बढेको छ विषेश गरी भूमि हिन समूदायहरु कल जडान गरेर पानीको प्रयोग गर्न असमर्थ छन् र उनीहरु खोलामा बहेको फोहोर पानी पिउन बाध्य छन्। उनीहरुलाई सफा पानी उपलब्ध गराउने उद्धेश्यले सहास नेपालले रिस्कू गा.वि.स. मा ५ वटा र कटारी गा.वि.स.मा ८ वटा हातेकल जडानको लागि समूहलाई सहयोग पुऱ्याउने कार्य सम्पन्न गरीयो। जसबाट १७५ घरपरिवार लाभान्वित भएका छन्। खोलाको फोहर पानी खाएर लाग्ने रोगबाट बचावट भएको छ।

## बाँधमा सहयोग



उदयपुर जिल्ला अत्याधिक भू-क्षय, कटान र बाडी पिडित जिल्ला हो। वाडिको कारणले धेरै मान्छेहरु भूमिहिन हुन पुगेका छन्। गरीब समूदायहरु खोलाको किनार र भू-क्षय यूक्त भूभागमा बसोबास गर्ने हुनाले सबै भन्दा बढी मार उनीहरुलाई परेको छ। यिनै कुरालाई मध्यनजर गरी कटारी वार्ड नं ५ र ३ मा श्रोत साझेदारीको रुपमा खोला नियन्त्रणको लागि सहयोग पुऱ्याउने कार्य सम्पन्न भएको छ। वार्ड नं ५ मा ५७ घरधुरी बाडीबाट बचत भएको छन् भने २५ बिघा जग्गा कटानबाट बचत भएको छ यसै गरी वार्ड नं ३ मा ७०० बिघा जमिनको बचत भई २९ घरपरिवारले जमिनको उपभोग गर्न र कमाइ लगाउन शुरु गरेका छन्। यसबाट १५ जना भूमिहिन लाभान्वित भएका छन्। उनीहरुलाई थप ३ महिनाको लागि खानाको व्यवस्था हुनेछ।



## खाद्य बैंक अवधारणा तालिम

गरिव समूदायको खान पाउने अधिकारलाई निश्चित गर्नको लागि संस्थाले विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ। लक्षित समूहमा खाद्यन्न अभाव हुने र मुल्य बढेको बेलामा झन मारमा पर्ने हुनाले समूह भित्र जे वचत गर्न सम्भव छ सोही कुरा वचत गरि समूहमा अप्ठायारो परेको बेला चलाउने उद्देश्यले रिस्कूमा दुई वटा समूह र कटारीमा दुई समूहमा मुठीदान कार्यक्रम शुरु गरेका छन्। तिनै समूहका पदाधिकारीहरुलाई एक दिने खाद्य अवधारणा गोष्ठी सम्पन्न गरियो। गोष्ठीमा कटारीमा १२ जना १० महिला र रिस्कूमा १० जना ९ महिलाहरुको सहभागिता रहेको थियो। खाद्य बैंक अवधारणा र खाद्य अधिकारबारे छलफल गराइएको थियो। गोष्ठीका सहभागीहरुले आफूले जे कुरा खाइन्छ त्यसबाट एक मुठी वचत गर्ने शुरु गरेको र अन्न उठाउने र पाक्ने समयमा समूहमा वचत गरि समूहका सदस्यलाई समस्या परेको बेला प्रयोगमा ल्याउने र उठेको अन्नलाई सुरक्षित राखी अर्को बाली पाक्ने बेलामा जब मुल्य बढछ। त्यसबेला समूहमा प्रयोग गरेर बाँकी रहेको अन्न बिक्रि गरि पून अन्न सस्तो भएको बेला किनेर भण्डारण गर्ने योजना बनाएको थिए। समूहको योजनामा सहयोग पुगोस भन्ने उद्देश्यले संस्थाबाट रु. १,००० (अक्षेरुपी एकहजार मात्र) बराबरको अन्न सहयोग गरिएको र यसबाट चक्रिय रुपमा समूहले परिचालन निरन्तर गरुन भन्ने आशा गरिएको छ। यस कार्यक्रमबाट गरिव समूदायहरुको वचत गर्ने बानीमा विकास हुनुको साथै खाद्य असुरक्षित सदस्यहरुलाई सहयोग पुगेको छ।

## अधिकारमा आधारित विकास अवधारणा गोष्ठी

संस्थाले गरिव समूदायको खाद्य अधिकार बारे जानकारी गराई उनीहरुलाई आफ्नो अधिकार दावा गर्न सशक्तिकरण गर्ने र आम्दानीका वैकल्पीक बाटाहरु खोज गरि उनीहरुको आम्दानी बढाउन विभिन्न सीप, ज्ञान र श्रोतको सहयोग गर्दै आइ रहेको छ। यस क्रममा कटारी र रिस्कू गा.वि.स. मा एक एक दिने अधिकारमा आधारित विकास अवधारणा र खाद्य सुरक्षा अवधारणा बारे गोष्ठी सम्पन्न गरियो। गोष्ठीमा समूहको अगुवा प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, गा.वि.स. तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। लक्षित वर्गको साधन, श्रोत र सेवामा पहुँच पुगोस भन्ने हेतुले उनीहरुलाई आफ्नो अधिकारको दावा गर्न उपयुक्त वातावरण तथा उत्प्रेरणा दिनु सबैको कर्तव्य हो भन्ने कुरा सबै प्रतिनिधिले व्यक्त गरेका थिए भने गा.वि.स.का प्रतिनिधिले समूहले गा.वि.स.मा ल्याएको योजनालाई मद्दत गर्न सदा सहयोगीको भूमिका खेल्ने बताएका थिए। त्यस्तै गरि राजनीतिक दलका प्रतिनिधिहरुले गरिव समूदायको जीवनस्तर उकास्न र सरकारी तथा गैर सरकारी तथा गैर सरकारी संघ संस्थाका सहयोग लक्षित वर्गमा पुगुन र हाम्रो पनि सहयोग रहनेछ र समूहले ल्याएको योजनाहरु गा.वि.स.मा प्राथमिकता दिनलाई सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेका थिए।

## गा.वि.स. स्तरिय समिक्षा तथा योजना तर्जुमा गोष्ठी

सहास नेपाल समुदाय र सरोकारवाला सरकारी र गैर सरकारी संघ संस्थासंग समन्वय र सहकार्यमा जोड दिदै कार्य गरि रहेको छ। यसरी कार्य गर्दै श्रोत साझेदारीमा लक्षित वर्गमा सहयोग पुग्न काम गर्न सकिने हुनाले लक्षित वर्गको सहभागिता तथा पहुँच बढाउन थप सहयोग भएको छ। यस क्रममा गा.वि.स., रेडक्रस, सामुदायिक वन जस्ता संस्थाबाट श्रोत जुटाएर विद्यालय, खानेपानी मर्मत, (बाँध) तटबन्ध निर्माण, सिंचाई कुलो मर्मत जस्ता कार्य सम्पन्न भएका छन्। सहास नेपालको हाल सम्म गरेको काम र अब कसरी अगाडि बढन सकिन्छ, योजना तर्जुमाको लागि एक दिने गोष्ठी रिस्कू र कटारीमा सम्पन्न गरियो। गोष्ठीमा समुहका अगुवा, राजनीतिक दलका प्रतिनिधि, गा.वि.स. प्रमुख, संघ संस्थाका प्रतिनिधि गरि कटारीमा २८ जना जसमा १९ जना महिला र रिस्कूमा ४६ जसमा ३१ जना महिलाहरुको सहभागिता रहेको थियो। गोष्ठीमा समूहको सक्रियता र सहास नेपालको सहयोगमा सम्पन्न क्रियाकलापको प्रतिवेदन तथा भएको खर्चको विवरण प्रस्तुत गर्नुको साथै अगाडी आर्थिक वर्षमा गरिने योजनाको विवरण प्रस्तुत गरिएको थियो। जुन योजना समूहको कार्ययोजना अनुसार रहेको थियो। यसबाट सहास नेपालको कार्यक्रमको बारेमा सबैले थाहा पाउने अवसर पाएका थिए। यसबाट कार्यक्रम पारदर्शिता झल्केको र अगाडी समयमा समन्वय तथा श्रोत साझेदारीमा कार्य गर्न थप सहयोग पुग्ने कुरा सहभागीहरुले व्यक्त गरेका थिए।

## दलित समूदायसंग अन्तरक्रिया गोष्ठी

मौकाबाट बञ्चित दलित, महिला, जनजाति तथा मधिसे समूदायसंग मिलेर सहास नेपाल आफ्नो कामलाई अगाडि बढाउँदै आई रहेको छ। पहाडको तुलनामा तराईमा दलितहरुसंगको जातिय भेदभाव झनै बढी भएको पाइएको छ। दलितहरु छुवाछुतको समस्याबाट ग्रसित त छदै छन्। शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराहरु अझै पनि उनीहरुको पहुँच भन्दा बाहिर रहेको छ। सबै भन्दा बढी खाद्य असुरक्षित समूदाय दलितहरु नै हुन भने अधिकांश दलित बच्चाहरु कुपोषणले ग्रसित छन्। सधैं भरी खाना कसरी व्यवस्थापन गर्ने भन्ने सवालले अन्य सोचाई तिर उनीहरुको ध्यान जान नसक्ने हुनाले स्वास्थ्य तथा सरसफाईको स्थिति पनि दलित समूदायको नाजुक रहेको छ। यस क्रममा कटारी र रिस्कू गा.वि.स.मा रहेका दलितहरुसंग उनीहरुले भोग्नु परेको जातिय भेदभाव लगायत अन्य समस्याका बारेमा उनीहरुसंग अन्तरक्रिया गर्ने उद्देश्यका साथ एक दिने जातिय भेदभाव विरुद्ध अन्तरक्रिया गोष्ठी आयोजना गरियो। उक्त गोष्ठीमा १० जना महिला र ११ जना पुरुष गरि २१ जना विभिन्न दलित समूदायको प्रतिनिधित्व रहेको थियो। गोष्ठीमा दलितसंग सम्बद्ध विभिन्न संघ संस्थाका प्रतिनिधिको पनि संलग्नता रहेको थियो। दलितसंग यसरी जातिय विभेदबारे अन्तरक्रिया गरेको पहिलो गोष्ठी भएको कुरा सहभागीले व्यक्त गरेका थिए।

- दलित भित्रै रहेको अन्तर जातिय विभेद नगरी अगाडि बढनु पर्ने भन्ने कुरा महसुस गरे।
- सरकारले सुचिकृत गरेका दलितको बारे जानकारी पाए।
- दलितहरु पछाडि पर्नुका कारणहरु थाहा पाइ शिक्षा ठूलो कुरा रहेछ तसर्थ बाल बच्चाहरुलाई जुनसुकै दुःख सहेर पनि विद्यालय पठाउने प्रतिवद्धता व्यक्त गरेका थिए।
- विभिन्न सभा, गोष्ठी सम्मेलन तथा समूह र समितिहरुमा आफ्नो अर्थ पूर्ण सहभागिताको लागि सदा तत्पर रहने र आफ्नो हक अधिकारका बारे आवाज गाँउ स्तर देखिनै उठाउनु पर्ने महसुस गरेका थिए।
- कटारी र रिस्कूमा रहेका सम्पूर्ण दलितहरुको तथ्याङ्क र उनीहरुको वास्तविक स्थितिको तथ्याङ्क संकलन गर्न ९ सदस्यीय कुमार दियालीको संयोजकत्वमा कार्यदल गठन भएको छ। तथ्याङ्क संकलन पश्चात पून अर्को बैठक बसी पाएको तथ्याङ्कका बारेमा छलफल र थप कार्ययोजना बनाउने साझा सहमती भएको थियो। गोष्ठीका सहभागीहरुले बेला बेलामा यस्तो गोष्ठी गरेर विभिन्न कानुन र अधिकारसंग सम्बन्धित र अन्य तथ्य जानकारी गराई रहनु पर्ने जसले उनीहरुको सशक्तिकरणमा सहयोग पुग्ने कुरा व्यक्त गरेका थिए र समय छोटो भएको पृष्ठपोषण दिएका थिए।

## नारी दिवस



महिलाहरु संस्थाको मुख्य लक्षित वर्ग हो। महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्यको अवस्था नाजुक छ। उनीहरुको पहुँच, अधिकार सुनिश्चित गर्न उनीहरुलाई सशक्तिकरण गर्नु र हरेक संयन्त्रमा उनीहरुको सहभागिता सुनिश्चित गर्न उत्प्रेरणा प्रदान गर्नु अति आवश्यक छ। अधिकार पाएर मात्र पुग्दैन त्यसको प्रयोग र उपभोग गर्ने वातावरण र सक्षमता भएन भने त्यसको कुनै अर्थ रहँदो रहेनछ। सहास नेपालले कटारी र रिस्कूमा महिलासंग हातेमालो गरि महिला समूह मार्फत विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ। यस क्रममा उनान्सयौं नारी दिवस समूहको सक्रियतामा र संघ संस्थाको सहभागितामा कटारी तथा रिस्कूमा विभिन्न कार्यक्रमका साथ सम्पन्न गरियो। कटारीमा नारी कल्याण बचत तथा ऋण सहकारी संस्था र रिस्कूमा मुनाल सहकारी संस्थासंगको समन्वयमा कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधि भाग लिएका थिए। नारीको अधिकार सुनिश्चित गर्न विभिन्न नारीका साथ बजार तथा गाँउ परिक्रमा गरि सभामा परिणत भएको उक्त कार्यक्रममा रिस्कूमा २३५ जना कटारीमा २०० जना महिलाको सहभागिता रहेको थियो। कार्यक्रममा विभिन्न खेल तथा मन्तव्य, कविता, गीतहरुको प्रस्तुति गरिएको थियो। महिलाले यस कार्यक्रमलाई चाडको रुपमा लिएको पाइएको थियो। यसबाट महिलाले आफ्नो हक अधिकारको लागि दावा गर्न र आफ्नो सहभागिता बढाउन चासो दिनु पर्ने रहेछ भन्ने राम्रो सन्देश प्रवाह भएको थियो।

## मकैको विऊ वितरण

समूहका व्यक्तिहरुको जीवन धान्ने मुख्य आधार भनेको नै खेती हो । समूदायहरु अहिले पनि विऊ मलको चाहाना भएता पनि पाउनलाई गाह्रो छ। पाए भने पनि गरिव किसानले किनेर लगाउन सक्ने अवस्था छैन। तसर्थ कृषकहरुलाई उनीहरुले लगाउने गरेको बालीको विऊ कृषकलाई प्रचार प्रसारको लागि दिने गरिएको छ। यस क्रममा रामपुर कम्पोजीट मकैको विऊ ५० के.जी. समूहका सदस्यहरुलाई वितरण गरियो । गरिव किसानहरु नयाँ विऊ लगाउन डराउछन् । थोरै वारी भएको कारणले नयाँ विऊ राम्रोसंग उत्पादन भएन भने खाने आफ्नो कमाई पनि विग्रने डरले गर्दा यस वर्ष खडेरी लामो भएकाले रोपेको मकैको विऊ पनि नउम्रने संभावना बढेको छ। यहि मकैको उत्पादन राम्रो भयो भने। यस वर्ष पाएको र उत्पादन भएको विऊ अर्को वर्षको लागि समूहका सदस्यलाई वितरण गर्ने योजना रहेको छ। मकैको विऊ ४५ जनालाई वितरण गरिएको छ।

## विद्यालय शिक्षण कार्यक्रम

कार्यक्षेत्रका विभिन्न प्रा.वि. तथा मा.वि. विद्यालयहरुमा बाल अधिकार स्वास्थ्य तथा सरसफाई सम्वन्धमा शिक्षण दिने कार्य निरन्तर गर्दै आइरहेको छ। यस क्रममा रिस्कूमा ३ वटा विद्यालय र कटारीमा ३ विद्यालयमा शिक्षण कार्य सम्पन्न गरिएको थियो। बाल बालिकाले उनीहरुको हक अधिकारका बारेमा निक्कै चासो दिएर प्रश्न राखेको पाइएको थियो। चर्पीको महत्वबारे छलफल गरेका बालबालिकाको आफ्नो अभिभावकलाई चर्पी बनाउन अनुरोध गरेको र चर्पी बनाउन शुरु गरेको पाइएको छ।

## लैङ्गिक सचेतना गोष्ठी



महिला पुरुष बीचको विभेद घरेलु हिंसा र महिलाहरुलाई हेप्ने र विभिन्न सभा, बैठकमा सहभागिता हुन नपाउनु अहिले पनि महिलाहरुले खेप्दै आएका समस्याहरु हुन्। आर्थिक पहुँच नहुनु स्वास्थ्य र शिक्षाको सेवाबाट पछि पारीनु महिलाहरुले भोगेका अर्को ठूलो समस्या हो। घरेलु कामको बोझबाट पनि उनीहरु अहिले सम्म हल्का महसुस गर्न सकेका छैनन्। सहास नेपालले महिलाहरुको विभिन्न समूह तथा समितिमा अर्थपूर्ण सहभागिताको लागि महिला समूहको सशक्तिकरण गर्ने कार्यमा सघाउ पुऱ्याउँदै आइरहेको छ। यस क्रममा रिस्कू र कटारी गा.वि.स. मा गठित समूहका प्रतिनिधिहरुलाई दुई दिनको लैङ्गिक सचेतना गोष्ठीको आयोजना गरीयो। गोष्ठीमा कटारीमा २२ जना रिस्कू २८ जनाको सहभागिता रहेको थियो। गोष्ठीमा महिलाले भोग्नु परेको समस्याबारे खुलेर छलफल गरेका थिए। घरमा अपमान देखि लिएर घरेलु हिंसाले महिलालाई निक्कै अप्ठयारो पारेको कुरा महिलाले उठाएका थिए। गोष्ठी, तालिम, सभा, बैठकमा भाग लिन सधैं गर्दै आएको घरको कार्य सकाएर मात्र बल्ल भाग लिन पाउने कुरा उठाएका थिए। गोष्ठीको अन्त्यमा यस्तो खालको छलफल प्रत्येक समूहमा महिला तथा पुरुषसंगै राखेर छलफल गराउँदा अरु फलदायी हुने र भेदभाव न्यूनिकरणमा सहयोग पुग्ने सुझाव महिलाहरुले दिएका थिए। महिलाहरुलाई समूहमा अगुवाईको जिम्मेवारी लिन तयार हुनुपर्छ भन्ने महसुस गरेका थिए। गोष्ठीमा लैङ्गिक सम्बन्धि जानकारीका साथै महिला बिकास सन्धी अभिसन्धी र अधिकारको बारेमा पनि स्पष्ट गराइएको थियो।

## समूह सवलीकरण



मिति २०६६ वैशाख ३० देखि जेठ ५ गते सम्म ३/३ दिनको समूह अवधारणा गोष्ठीको आयोजना गरीयो जसमा रिस्कूबाट ४२ जना र कटारीमा ३४ जनाले भाग लिएका थिए। विभिन्न टोल र जातजातिसंग मिलेर समूह गठन मार्फत समूदायको जीवनस्तर उकास्न साथै समूहहरुलाई संस्थागत विकास, दिगो र सशक्तिकरण गर्दै लैजाने उद्देश्यले समूहको अगुवाहरुको क्षमता विकासको लागि विभिन्न विषयहरुमा जानकारी गराइयो। श्रोतको पहिचान, परिचालन, श्रोत साझेदारीता किन, कसरी, कार्ययोजना लगायत नेतृत्व विकास सम्बन्धि सहजीकरण गरिएको थियो। जुन तालिमबाट समूह संस्थागत हुने कुरामा विश्वास भएको बढेको छ साथै नेतृत्व वर्गमा जिम्मेवारी बढेको छ भने समूहले आफूले गर्ने कामको प्राथमिकता तोकी समूहमा छलफल गरी कार्ययोजना तयार पारेका छन् भने आफूले सफलतापूर्वक सम्पन्न गरेको समूहको क्रियाकलापको प्रगती समेत दिन थालेका छन्। साथै समूहकै सक्रियतामा विभिन्न ठाँउमा, विभिन्न क्रियाकलापको लागि श्रोतको खोजी गर्न थालेका छन् भने आफ्नै श्रम र श्रोत पनि परिचालन गर्न थालेका छन्।

## महिला स्वास्थ्य स्वयं सेविका तालिम

समूदायमा रहेका महिलाहरुको अहिले सम्म पनि स्वास्थ्य स्थितिमा खासै परिवर्तन भएको पाइन्दैन। अरु पनि परम्परागत धारणा र संस्कारले गर्दा कति महिलाको स्वास्थ्य समस्या ओझेलमा परेको छ। देशको मेरुदण्डको रुपमा रहेको महिला स्वास्थ्य स्वयं सेविकाद्वारा केहि स्वास्थ्य परामर्श र सेवा लिने क्रममा जनचेतनामा सहयोग पुगेको छ। यस्तो अवस्थालाई केहि न्यूनिकरण गर्न टेवा पुऱ्याउँदै आइरहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई तालिम सञ्चालन गरीयो। २०६६ वैशाख २० र २१ गते दुईदिन

सञ्चालन गरिएको तालिममा जम्मा १९ जनाको सहभागिता थियो । तालिममा सेविकाले समुदायमा देखेका, भोगेका महिला स्वास्थ्य समस्याबारे छलफल विश्लेषण गर्दै थप स्वास्थ्य विषयमा जानकारी गराइयो र सेविका समूह बनाई अरु स्वास्थ्य अधिकार र आफ्नो अधिकारको लागि अगाडि व्यक्त गरेका थिए । तालिम पश्चात नँया विषयमा पाएको जानकारीले अझ आफ्नो काममा सहयोग पुग्ने कुरा व्यक्त गरेका थिए र बेला बेलामा यस्तो तालिमको आयोजना गरी अझ सिक्ने सिकाउने वातावरण बनाउनु पर्ने सुझाव पनि दिएका थिए ।

## फलफूल रोपण परिचयात्मक गोष्ठी

कटारी र रिस्कू गा.वि.स. फलफूल खेतीको लागि राम्रो संभाबना भएका गा.वि.स. हुन् । केहि समय यता फलफूलमा लाग्ने रोग र किराले कृषकहरु दिक्क छन् । पहिले लगाएका एक दुई बोट फलफूलका रुखहरु राम्रो ब्यवस्थापन र उचित काँटछाँटको अभाबले आम्दानी लिन र उपभोग गर्न पाइरहेका छैनन् । समूहहरुले फलफुल ब्यवस्थापनको लागि र फलफूल रोपणको लागि तालिम शुरु देखि नै अनुरोध गर्दै आएको हुँदा फलफूल खेतीको ब्यवस्थापन र ब्यवसायिक ढङ्गले खेती गर्न उत्प्रेरणा जगाउने उद्धेश्यले समूहका सदस्यहरुलाई एक एक दिने फलफूल रोपण परिचयत्मक तालिमको आयोजना गरीयो । तालिममा रिस्कू गा.वि.स.बाट २४ जना जसमा १६ जना महिला र कटारी गा.बि.स.बाट २१ जना जसमा १८ जना महिला समूहका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । तालिममा सहभागीहरुले बिरुवा लगाउने तरीका, विरुवा नबढनुको कारण, फल कम लाग्ने तथा कुहिने र रोग किरा नियन्त्रण बारे जान्ने चासो राखेका थिए । सहभागीहरुले बिरुवा रोप्ने खाडलको तयारी गर्ने कार्ययोजना तयार भएको थियो । सहभागीहरुले वगैंचा ब्यबस्थापन सम्बन्धि थप तालिमको माग राखेका र विरुवा उपलब्ध गराउन अनुरोध समेत गरेका थिए ।

## उपलब्धी

- तालिम, गोष्ठीमा महिलाहरुको सहभागितामा वृद्धि ।
- सामुदायिक कार्यमा एकता र आफ्नो पनाको महसुस ।
- समूहको लिखित नीति नियम र कार्ययोजना तर्जुमा ।
- श्रोतको खोजीको लागि विभिन्न ठाँउमा निवेदन पेश र प्राप्त श्रोतको परिचालन ।
- स्थानीय साधन श्रोत र सीपको परिचालनबाट विभिन्न क्रियाकलापहरु सञ्चालन । (चर्पी निर्माण, वचत कोष, बैठक घर निर्माण)
- समूहका सदस्यहरु जिम्मेवारी लिन र कार्य गर्न उत्साहित ।
- महिला तथा दलितहरुले समूहमा अगुवाईको जिम्मेवारी लिएर कार्य शुरु ।
- नियमित बैठक, छलफल र समस्या समाधानको लागि कार्ययोजना तर्जुमा ।
- समूहका सदस्यको आम्दानीमा वृद्धि ।



## सिकाई

- गरीब र दलित समूदायको सहभागिता र क्रियाशिलता बढाउन धेरै समय दिनु पर्छ ।
- अति गरीब समूदायको लागि एकदिन मात्रै भए पनि रोजगारी सृजना हुने कार्यमा ध्यान दिदाँ उनीहरु उत्साहित हुदाँ रहेछन् ।

## समस्या

- भूमिहिन र अति गरीब समूदायको सहभागीता जुटाउन गाह्रो ।
- बन्द हडतालले गर्दा आवत जावतमा कठिनाई र ठिक समयमा निर्माण सामाग्री उपलब्धता हुन नसक्नाले तोकिएको समयमा योजना पुरा गर्न गाह्रो ।
- समूह भन्दा बाहिरका समूदायका सदस्यहरुले समूहलाई विभिन्न माग राख्न भनेर हौसियाउने ।

# स्थानीय झोलुङ्गे पूल कार्यक्रम

सहयोगी हातहरुको समूह (सहास) नेपाल, स्थानीय झोलुङ्गे पूल कार्यक्रम, काठमाडौं र जिल्ला विकास समिति ओखलढुङ्गा विचको त्रिपक्षिय सम्झौतामा ओखलढुङ्गा जिल्लाको विभिन्न क्षेत्रमा निर्माण भइरहेको झोलुङ्गे पूलमा सहास नेपालले विगत २०६१ सालदेखि सामाजिक र प्राविधिक पक्षमा सहयोग गर्दै आइरहेको छ। मिति २०६५ साल श्रावण महिनादेखि असारसम्म निम्न बमोजिम कृयाकलापहरु सम्पन्न भएका छन् ।

## सम्पन्न भएका पूलहरु

- चामन झोलुङ्गे पूल, रुम्जाटार र माम्खा विचको ठोट्ने खोलाको लम्वाई ६५.९० मी.
- कुमिल्टार झोलुङ्गे पूल, ज्यामिरे र कुन्तादेवी विचको लिपेखोलाको लम्वाई ६०. १० मी
- माहादेवस्थान झोलुङ्गे पूल, फेदिगुठ भोङ्गेखोलाको लम्वाई ५९.८० मी.
- जुके झोलुङ्गे पूल, गाम्नाङ्गटार र यसमा विचको जुके खोलाको लम्वाई ५३ मी.

यसरी सम्पन्न भएका कृयाकलापहरुले स्थानीय समूदायहरुमा प्रत्यक्ष रुपमा करीव १४१८ व्यक्तिहरुलाई फाइदा पुगेको छ। जसले गर्दा ढुक्कसंग खोला वारी पारी गर्न सक्दा खेतीपाती लगाउन, विद्यार्थीहरुलाई स्कूल आवत जावत गर्न, भरीयाहरुलाई ढुक्कसंग भारी बोकेर आवत जावत गर्न र बर्षाको समयमा पनि खोलाको बाढीले समस्या नपार्ने हुँदा आवत जावत गर्न सजिलो भएकोले गर्दा समूदायहरु धेरै खुसी भएका छन् ।

## निर्माणाधिन पूलहरु

- देउराली ट्रष्ट विलन्दु पात्लेखोला
- लिम्ति झो.पु, रगनी र दुरागाँउ

समूदायहरुको सकृयतामा निर्माण भईरहेको पूलहरुको कामहरु करीव ९० प्रतिशत सम्पन्न भई सकेका छन् भने यहि २०६६ साल श्रावण महिना भित्र पूलको सम्पूर्ण कामहरु सम्पन्न गर्ने योजना उपभोक्ता समितिहरुले बनाएका छन् ।

## बिस्तृत सर्बेक्षण गरीएका पूलहरु

- धारापानी झोलुङ्गे पूल
- बलौटे ट्रष्ट
- पहरे फेदी झोलुङ्गे पूल
- सेप्ली ट्रष्ट
- ढाँडखोला झोलुङ्गे पूल
- स्यागु दोभान झोलुङ्गे पूल
- ढाँडखोला बुधबारे झोलुङ्गे पूल



## सामुदायिक सम्झौता

बृस्तित सर्बेक्षण गरीएका पूलहरुको स्थानीय स्तरमा उपभोक्ता समिति गठन गरी जिल्ला विकास समिति र स्थानीय उपभोक्ता समितिहरु वीच द्बिपक्षिय सम्झौता गर्ने काम सम्पन्न भएको छ । आगामी समयमा निर्माण हुने पूलहरुलाई नियमित रुपमा अगाडि बढाउन र पूल निर्माण गर्दा के कस्ता प्रकृयाहरु अपनाउनु पर्ने हुन्छ भन्ने बारेमा स्थानीय उपभोक्ता समितिहरुले पूल सम्झौता पछि थाहा पाएका छन् । यसरी पूलहरुको लिखित सम्झौता सम्पन्न भएपछि स्थानीय उपभोक्ताहरु पूल बन्ने कुरामा ढुक्क भएका छन् ।

## उपलब्धिहरु

विगत ५ वर्ष देखि ओखलढुङ्गा जिल्लामा जिल्ला विकास समिति, स्थानीय झोलुङ्गे पूल कार्यक्रम र यस संस्थाको त्रिपक्षिय सम्झौतामा झोलुङ्गे पूल निर्माण हुँदै आइरहेको छ । स्थानीय उपभोक्ताहरुको काम प्रतिको प्रतिवद्धताले गर्दा सम्झौता भएका पूलहरु समयमा नै सम्पन्न भएका छन् । हालसम्म सहास नेपालसंगको सम्झौता पछि ११ वटा पूलको निर्माण कार्य सम्पन्न भई सकेको छ । पूलहरुको निर्माण पछि समूदायहरुले भोग्दै आएका समस्याहरु (वारीपारी गर्न, खेती गर्न, विद्यालय जान, भारी बोक्न आदि) हटेर सहज रुपमा कामहरु गर्न सकेका छन् ।

# जैविक इन्धन परियोजना

ओखलढुङ्गा जिल्लाको ७ वटा गा.वि.स.मा विगत २०६४ चैत्र महिनादेखि कार्यान्वयन हुँदै आइरहेको जैविक इन्धन परियोजना अन्तर्गत स्थानीय स्तरमा भएका सजिवन खेतीलाई प्रवर्द्धन गर्दै विकासे सजीवन विरुवाहरु सहयोग गरी बढी भन्दा बढी विऊहरु फलाएर स्थानीय स्तरमा नै तेल प्रशोधन गरी बैकल्पिक उर्जाको रुपमा प्रयोग गराउने पहल अनुरुप विभिन्न कृयाकलापहरु सम्पन्न भइसकेका छन् । हालसम्म समूदायहरु खेर गएका विरुवाहरुबाट पनि तेल उत्पादन गरी बैकल्पिक उर्जाको रुपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरामा विश्वास हुनथालेपछि अहिले समूदायहरुले पनि खोजी खोजी विरुवा खेर गएको जग्गामा रोप्न थालेका छन् ।

**यस अवधिमा सम्पन्न भएका कृयाकलापहरु निम्न छन् :**

## सजीवन विरुवा रोपण

बुटवलको नर्सरीबाट विकासे सजीवनको विरुवा करीव ६००० वटा ल्याई ७ वटा गा.वि.स.मा वितरण गरीएको थियो । स्थानीय स्तरमा बढी चासो राख्ने समूदायहरुको छनौट गरी आफ्नो खेर गएको

पाखाहरु र बाटोको छेउमा लगाउने गरी विरुवाहरु लगेको थिए र कर्मचारीहरुको सहयोगमा तत्काल विरुवा रोपेका थिए । रोपेको विरुवाहरु मध्ये करीव ७५ प्रतिशत विरुवा राम्ररी हुर्केको र २५ प्रतिशत विरुवा मरेको पाइयो । यस विकासे विरुवा रोपेपछि समूदायहरुमा नयाँ उत्साह र जाँगर थपेको र अझ स्थानीय विरुवाहरुलाई पनि राम्रोसंग लगाउने प्रतिवद्धता जनाएका छन् ।

## स्थानीय विऊ संकलन

समूदायहरुलाई आफ्नो घर वरीपरी वा जंगलमा भएका सजीवन रुखबाट फलेका विऊहरु जम्मा गर्न उत्प्रेरणा जगाए पछि करीव ५० के.जी. विऊ संकलन भएको थियो । यस विऊ संकलन प्रकृयापछि समूदायहरुमा खेर गईरहेको विऊहरुको पनि सदुपयोग हुन थालेपछि सजीवन रुखलाई स्याहार सुसार गर्न थालेको छ । यस विऊ संकलनले समूदायहरुमा सजीवन खेती गर्नु पर्छ भन्ने कुरामा विश्वास पनि बढेको छ ।

## आधारभूत तथ्याङ्क संकलन

बैकल्पिक ऊर्जा कार्यक्रमको कार्यक्षेत्रको ७ वटा गा.वि.स.हरुमा विशेष गरी बैकल्पिक ऊर्जा कार्यक्रम अन्तर्गत सजिवन खेती गर्नलाई बर्तमान अवस्था कस्तो छ भन्ने बारेमा थाहा पाउन घरभेट कार्यक्रम सम्पन्न भयो । स्थानीय समूदायहरुको घर घरमा गएर अवस्थाको विश्लेषण गर्न सम्वन्धित व्यक्तिहरुसंग भेटी विभिन्न प्रश्नावली मार्फत आवश्यक जानकारी लिने काम सम्पन्न भयो जसले स्थानीय अवस्थाको बारेमा थाहा पाई कार्यक्रम अगाडि बढाउन सजिलोको महशुस भएको छ ।

## विऊ पिसानी

समूदायहरुद्धारा स्थानीय स्तरमा संकलन भएका सजीवन विऊहरुको गुणस्तर कस्तो छ भन्ने कुरा थाहा पाउन संकलन भएका करीव ४० के.जी. विऊहरु लहानमा लगी पिसानी गर्ने काम भयो । समूदायहरुले अव्यवस्थित रुपमा जहाँको पायो त्यहिको संकलन गरी ल्याएको विऊ हुदाँ राम्रो गुणस्तरको भएन की भन्ने कुराको निचोड निस्केको थियो किनकी जम्मा ५ लिटर मात्र तेल निस्केको थियो । यसबाट कर्मचारी साथै समूदायहरुलाई राम्रो खालको विऊहरु संकलन गर्नुपर्ने रहेछ भन्ने कुराको सिकाई भएको छ ।

## तेलबाट जेनरेटर चलाएको



समूदायहरुलाई सजीवनको विऊबाट निस्केको तेलले पनि जेनरेटर चलाउन सकिन्छ भन्ने कुराको विश्वास दिलाउन ओखलढुङ्गा सदरमुकाममा अवस्थित सामुदायिक अस्पतालमा भएको जेनरेटरमा सजीवनको तेल राखि जेनरेटर चलाईएको थियो । जुन तेलले डिजेलले जस्तै नै चलेको समूदायहरुले प्रत्यक्ष रुपमा देख्न पाइएको थियो । यसपछि समूदायहरुमा अझ सजीवन खेती गर्नु पर्ने रहेछ भन्ने कुराको ज्ञान बृद्धि भएको छ ।

## नर्सरी स्थापना र बेर्ना वितरण



ओखलढुङ्गा जिल्लामा विकासे विरुवा वितरण गर्ने उद्धेश्यका साथ भारतबाट विऊ झिकाई कार्यक्षेत्रको ५ वटा गा.वि.स.मा विऊहरु वितरण गरी नर्सरी व्याड राख्ने काम भएको थियो । स्थानीय स्तरमा नै जिम्मा दिई स्थापना भएको नर्सरीमा जम्मा गरेर १५१५ विरुवाहरुको उत्पादन भएको थियो । प्रत्येक गा.वि.स.मा विगत देखि सजीवन खेती गर्दै आइरहेको व्यक्तिहरुलाई छनौट गरी विरुवाहरु वितरण गर्ने काम भएको थियो । यसले कृषकहरुलाई नयाँ हौसला मिल्नुको साथै स्थानीय स्तरमा भएको सजीवन र विकासे सजीवन विच के-कस्ता फरक हुन सक्छ भन्ने कुराको समेत जान्ने मौका समूदायहरुलाई मिलेको थियो ।

## सजीवन खेती अवधारणा गोष्ठी

यस परियोजनालाई अझ प्रभावकारी बनाउने लक्ष्य अनुरुप ३ वटा ठाँउमा ७ वटा गा.वि.स.का समूहका सदस्यहरुलाई एकदिने सजीवन खेती अवधारणा गोष्ठीको आयोजना भएको थियो । यस गोष्ठीमा जम्मा १२८ जना सहभागीहरुको सहभागिता रहेको थियो । यस गोष्ठीको मूख्य उद्धेश्य सजीवन खेतीको महत्व र फाईदाको बारेमा समूदायहरुलाई उत्प्रेरणा जगाउनु थियो । सहभागीहरुले खेती अयोग्य जमीनको सदुपयोग र बातावरणलाई पनि असर नपुऱ्याउने सजीवन खेती गर्न उत्प्रेरित भएको कुरा बताएका थिए ।

# पहाडि मकै अनुसन्धान परियोजना

सहयोगी हातहरुको समूह (सहास) नेपाल र सिम्याट नेपालको द्विपक्षिय साझेदारी सम्झौतामा ओखलढुङ्गा जिल्लाको इलाका १० का ४ वटा इलाका ९ को ५ वटा गा.वि.स.मा अनौपचारीक अनुसन्धान तथा विकास (IRD), गुणस्तरीय विऊ उत्पादन र अन्तरबालि खेती कृयाकलापहरु कार्यान्वयन गर्दै आइरहेको छ। यसमा ८११ सेट IRD, ८ हेक्टर जमीनमा विऊ उत्पादन र ३० सेट अन्तरबालि खेती कृषकहरुले लगाउदै आइरहेको छ। कृषकहरुको आफ्नै खेती योग्य जमीनमा मकै उत्पादनको स्थानीय प्रविधिद्धारा नै अनुसन्धान गर्दा उनीहरुमा विगतमा परम्परागत रुपमा लगाउदै आइरहेको भन्दा फरकता पाएको अनुभव कृषकहरुले सुनाएका र मकै पनि धेरै फलेको थियो। कृषकहरु आफैले आफ्नै जमीनमा उनीहरुको सकृयतामा उन्नत विऊ उत्पादन गरे विऊको पहुँच सरल बनाउने अनुरुप विऊ उत्पादन खेती कार्यन्वन भईरहेको छ।

# ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम

सहास नेपालले ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिसंगको साझेदारीमा ओखलढुङ्गा जिल्लाको इलाका ९ को २ वटा गा.वि.स. (च्यानाम र सिस्नेरी) मा ३ वटा खानेपानी स्कीम सञ्चालन गर्दै आइरहेको छ। यस समितिको कार्य प्रकृया अनुसार विकास चरण समाप्त भई कार्यान्वयन चरण शुरु गरी खानेपानी स्कीम सिध्याउने योजना अनुसार यस संस्थाले हाल कार्यान्वयन चरणका कृयाकलापहरु शुरु गरेका छन्। जस अनुसार :

### सामुदायिक आमभेला र स्थानीय सामग्रीको संकलन

खानेपानी सञ्चालन हुने ठाँउहरुको उपभोक्ताहरुलाई जम्मा गरी कार्यान्वयन चरणमा के के कृयाकलापहरु कसरी गरीन्छ भन्ने बारेमा जानकारी दिनको लागि प्रत्येक ठाँउमा एकदिने आमभेलाको आयोजना गरीएको थियो। यस आमभेलामा उपस्थित सम्पूर्ण उपभोक्ताका सदस्यहरु अब खानेपानी बन्ने रहेछ भन्ने कुरा ढुक्क भएका थिए। त्यस्तै यस भेलामा स्थानीय सामग्रीहरुको संकलन समूदायहरु आफैले गर्नु पर्छ भन्ने जानकारी अनुसार बालुवाहरु जम्मा गर्न थालिसकेका छन्।

### निर्माण सामग्री खरीद तथा ढुवानी

डिजाईन स्टीमेटमा भए अनुसारको बाह्य सामग्रीहरु उपभोक्ताका खरीद समितिका सदस्यहरु कटारी बजार सम्म आई खरीद गरी तत्कालै ढुवानी समेत गरेका छन्। यसले समूदायहरुलाई अपनत्वको भावनामा बृद्धि गर्नुको साथै सामग्री खरीददेखि ढुवानीसम्म प्रत्यक्ष संलग्न भएकोले उपभोक्ताहरुमा काम छिटो गर्नु पर्छ भन्ने जोस जाँगर बढेको छ।



### सरसफाई र स्वास्थ्य

उपभोक्ताका सदस्यहरुलाई उनीहरुकै टोलमा गई सफा खानेपानी पिउनको लागि के कुराहरुमा ध्यान दिनु पर्छ र हामी स्वस्थ रहन के गर्नु पर्छ भन्ने बारेमा पनि छलफल गराएको थियो। विशेष गरी सरसफाईको महत्व, चर्पीको महत्व, शुद्ध पानी र पानीको महत्व, झाडा पखाला/जलवियोजन र पुर्नरजलिय झोलको बारेमा छलफल भएको थियो। यस छलफलले समूदायहरुलाई खानेपानी निर्माण भन्दा अगाडि नै थाहा पाउने मौका मिल्नुको साथै व्यबहारमा समेत प्रयोग गर्ने बताएका थिए।

# नागरीक शिक्षा परियोजना



यस संस्थाले संविधान सभाको निर्वाचनमा स्थानीय समूदायहरुको बढी भन्दा बढी सहभागिता र समाबेशिकरणको लागि ३ वटा जिल्लामा (सोलु, ओखलढुङ्गा, उदयपुर) नागरीक शिक्षा परियोजनाको पहिलो चरण सफलतापूर्वक सम्पन्न गरेको छ। यस परियोजनाले तल्लो स्तरको समूदायहरुलाई संविधान सभा भनेको के हो ? संविधान सभा निर्वाचनमा हामीले किन भाग लिनु पर्छ ? संविधान सभामा समावेशि कसरी बनाउन सकिन्छ भन्ने बारेमा चेतनाको स्तर बृद्धि गर्न यस परियोजनाले ठूलो सहयोग पुऱ्याएको थियो। जसको परिणाम कार्यक्षेत्रका समूदायहरुको निर्वाचनमा उल्लेखनिय सहभागिता थियो।

संविधान निर्माण प्रकृयामा स्थानीय स्तरको मुद्धाहरुलाई राष्ट्रियस्तर सम्म बहस पैरवी गरी तल्लो स्तरको समूदायहरुको आवाजलाई नयाँ बन्ने संविधानमा समावेश गर्न यहि २०६५ साल माघदेखि नागरीक शिक्षा परियोजना दोश्रो चरण ५ वटा जिल्लाहरुमा-ओखलढुङ्गा, उदयपुर, तनहु, गोरखा र धादिङ्गमा कार्यान्वयन भईरहेको छ। यस परियोजनाले जिल्लाबाट प्रतिनिधि गरेको सभासदहरुलाई प्रत्यक्ष राखेर स्थानीय स्तरबाट उठेका मुद्धाहरुलाई राष्ट्रियस्तर सम्म पुऱ्याउन पहल गर्नु पर्छ भन्ने मान्यता अनुरुप काम गर्दै आइरहेको छ। यस परियोजनाले हाल सम्म सम्पन्न गरेको कृयाकलापहरु निम्न छन्।

### परियोजना अभिमुखिकरण तथा कर्मचारी क्षमता विकास तालिम

परियोजनाको बारेमा कार्यरत कर्मचारीहरुलाई विस्तृत जानकारीको साथै संविधान निर्माण प्रकृयामा आवश्यक पर्ने विषयहरु संघियता, मस्यौदा समिति आदिको बारेमा क्षमता विकास गर्न तीनदिनको क्षमता विकास तालिमको आयोजना गरीएको थियो। यस तालिममा १५ वटा जिल्लाबाट जम्मा २४

जना कर्मचारी साथीहरुको सहभागिता थियो । यसै तालिममा प्रत्येक जिल्लाबाट दुई जना नागरीक समाजका प्रतिनिधिहरुलाई बोलाई संविधान निर्माण प्रकृयामा भएका १४ वटा मस्यौदामा बिस्तृत रुपमा छलफल भएको थियो । यस छलफलमा संविधान निर्माण गर्दा के के सवालहरु समेट्नु पर्छ भन्ने बारेमा समेत विषयगत समूह अभ्यासबाट विभिन्न सुझावहरु निकालिएको थियो । उक्त सुझावहरुलाई सम्बन्धित जिल्लाका सभासदहरुको सहभागितामा आयोजना हुने राष्ट्रियसम्मेलनमा पेश गर्ने योजना बनेको थियो ।



## राष्ट्रिय सम्मेलन

सहास नेपाल, सन्जाल संस्था र स्त्री शक्तिको त्रिपक्षिय साझेदारीमा कार्यान्वयन भईरहेको १५ वटा जिल्लाहरुबाट पार्टी प्रतिनिधि, नागरीक समाजका प्रतिनिधि र सभासदहरुलाई एकैठाँउमा भेला गराई राष्ट्रियस्तरको गोष्ठीको आयोजना भएको थियो । यस गोष्ठीको मूख्य उद्धेश्य तालिमबाट छलफल भई अन्तिम रुप दिएका १४ वटा मस्यौदाहरुलाई सभासदहरु समक्ष प्रस्तुत गरी आगामी बन्ने संविधानमा राख्नलाई पहल गर्नको लागि यस सम्मेलनको आयोजना गरीएको थियो । यस सम्मेलनमा सहभागी सभासदहरुले अव बन्ने संविधानमा प्रत्येक विषयका मस्यौदाहरुलाई लगेर छलफल गर्नुको साथै आवश्यकता अनुसार राख्नलाई समेत प्रतिवद्धता गरेका थिए ।



## जिल्ला स्तरीय सरोकारवाला समन्वयात्मक गोष्ठी र भेटघाट

कार्यक्षेत्र जिल्लाहरुमा परियोजनाको बारेमा विस्तृत जानकारी दिने उद्धेश्यका साथ सञ्चालित यस गोष्ठीले जिल्लामा भएका सरकारी तथा गैरसरकारी संस्थाहरुसंग सम्बन्ध र समन्वयमा थप सहयोग पुग्नुको साथै आगामी दिनमा सञ्चालन गरीने कृयाकलापहरुमा कसरी एक आपसमा मिलेर गर्न सकिन्छ भन्ने बारेमा समेत छलफलको साथै योजना बनाउनमा समेत यस गोष्ठीले सहयोग पुऱ्याएको थियो भने कृयाकलापहरु गर्दा दोहोरोपना गर्न हुँदन भन्नेमा समेत एकमत देखिएको थियो ।



## गा.वि.स. स्तरीय परियोजना अभिमुखीकरण तथा क्षमता विकास तालिम

कार्यक्षेत्र गा.वि.स.हरुमा त्यहाँका महिला, जनजाति, दलित, सिमान्तकृत समूदायहरु साथै शिक्षक, स्थानीय बुद्धिजिवी र स्थानीय नेतृत्व गर्ने व्यक्तिहरुलाई समावेश गरी एकदिनको गोष्ठीको आयोजना गरीएको थियो । यस गोष्ठीको मूख्य उद्धेश्य स्थानीय स्तरका सम्पूर्ण व्यक्तिहरुलाई संविधान निर्माण प्रकृया साथै अन्य विषयहरुमा जानकारी गराउने उद्धेश्य रहेको थियो । यस गोष्ठीमा महिलाहरुको सहभागिता उल्लेखनिय थियो । यस गोष्ठीले संविधान निर्माण प्रकृयामा हाम्रो भूमिका के हुन सक्छ भन्ने बारेमा सहभागीहरुलाई स्पष्ट बनाउन सकेको थियो ।

## जिल्ला स्तरीय नागरीक श्रोत केन्द्र स्थापना

संविधान निर्माण प्रकृयालाई सहयोग पुग्ने पूस्तकहरु, संघिय राज्य अवधारणा पूस्तकहरु साथै अन्य पूस्तकहरु खरीद साथै संकलन गरी प्रत्येक जिल्लाहरुमा नागरीक श्रोत केन्द्र स्थापना गर्ने काम सम्पन्न भएको छ । यस श्रोत केन्द्रले स्थानीय व्यक्तिहरुलाई विभिन्न विषयहरुमा जान्ने मौका दिनुका साथै संविधान सभामा भईरहेका गतिविधिबारे समूदायहरुलाई तत्काल सूचना प्रवाह गर्न समेत सहयोग पुऱ्याएको छ ।

## जिल्ला स्तरीय नागरीक सचेतना समूह गठन

स्थानीय स्तरबाट उठेका संविधान निर्माण प्रकृयामा सहयोग पुऱ्याउने मुद्धाहरु र जिल्ला स्तरबाट समेत राष्ट्रिय स्तरमा मुद्धाहरुलाई लान सहयोग गर्ने लक्ष्यका साथ प्रत्येक जिल्लामा नागरीक सचेतना समूहको गठन गर्ने काम सम्पन्न भईसकेको छ । यस समूहमा जिल्लामा अवस्थित विभिन्न संघ संस्थाहरुहरुको प्रतिनिधि रहेको छ जसले स्थानीय समूदाय, जिल्ला र राष्ट्रियस्तरमा समेत बहस पैरवी गर्न सहयोग गर्दै आइरहेको छ ।

# घर वगैचा परियोजना

सहयोगी हातहरुको समूह (सहास) नेपाल र लि-वार्ड पोखरा संगको द्बिपक्षिय सम्झौतामा ओखलढुङ्गा जिल्लाको विभिन्न गा.वि.स.हरुमा घरबगैंचा परियोजना कार्यान्वयन गर्ने कार्य अगाडि बढेको छ । यस परियोजनाको मूख्य उद्धेश्य गरीब घरपरिवारहरुले स्वस्थ्य भएर बाँच्नको लागि आफ्नो घर वरीपरि एकिकृत खेतीको रुपमा तरकारी फलफुल, पशुपालन, माछा आदि लगाउन उत्प्रेरणा जगाउने रहेको छ । यस परियोजनाले कृषकहरुको आफ्नो जीवन निर्वाहमा सहज हुनुको साथै बढी भएको बस्तुहरुलाई बेचेर केहि थोरै भए पनि आम्दानी गर्न सकोस भन्ने रहेको छ । जस अन्तर्गत लि-वार्ड संस्थाबाट केहि कर्मचारीहरु ओखलढुङ्गा र उदयपुरको भ्रमण गरी आवश्यक सूचनाहरु लिने काम समेत भएको थियो ।

ओखलढुङ्गा जिल्लाका इलाका १० को टोक्सेल र माधावपुर गा.वि.स.का ७० वटा घरधुरीमा परियोजना कार्यान्वयन गर्न शुरु गरेका छन् । यस अवधिसम्म ७० वटा घरधुरीहरुको आवश्यक जानकारीहरु संकलन गर्ने कार्य भईरहेको छ ।

## स्थानीय प्रयासद्वारा जीविकोपार्जन सुधार परियोजना

धादिङ्ग, गोरखा र तनहु जिल्लामा परियोजना कार्यान्वयन गर्ने गरी ६ वर्षको अवधिको लागि FELM नेपालको आर्थिक सहयोगमा यहि २०६६ साल जेष्ठ महिनादेखि स्थानीय प्रयासद्वारा जीविकोपार्जन सुधार परियोजना शुरु भईसकेको छ। सम्वन्धित जिल्ला विकास समितिबाट यस परियोजनालाई कार्यान्वयन गर्न अनुमति पत्र समेत प्राप्त भइसकेको छ । विशेष गरी गरीब समुदायहरुको पहिचान गरी समूह गठन मार्फत कार्य गर्ने अनुरुप तिन वटा जिल्लाको ६ वटा गा.वि.स.मा कृयाकलापहरु कार्यान्वयन गर्ने रहेको छ। यस परियोजनाले विभिन्न प्रविधिहरुको विकास गरी भौतिक पूर्वाधार साथै सामाजिक विकासमा समेत जोड दिदै गरीब समूदायहरुको आय स्तरमा बृद्धि गर्ने र खाद्य सुरक्षामा सहयोग पुऱ्याउने लक्ष्य लिएको छ। स्थानीय स्तरको कर्मचारी भर्ना गर्ने प्रकृयामा स्थानीय गा.वि.स.बाट छनौट गरेका १२ जना सहभागीहरुलाई एक हप्ताको तालिममा सामुदायिक विकास अवधारणा तालिमको आयोजना भएको थियो । यस तालिम पश्चात छनौट भएका ६ जना सहभागीहरुलाई स्वयंसेवकको रुपमा सम्वन्धित गा.वि.स.मा काम गर्ने गरी जिम्मेवारी दिएको छ। कार्यक्षेत्र गा.वि.स.हरुमा आवश्यक सूचना संकलन गरी बास्तविक समस्याहरुको पहिचान साथै समूह गठन प्रकृयालाई अगाडि बढाउन विभिन्न कृयाकलापहरु शुरु भएको छ । जस अनुसार समुदायहरुसंग सम्बन्ध विस्तार गर्दै अगाडि बढिरहेको छ ।

## समूदायमा आधारीत सञ्जाल संस्था क्षमता विकास

सहयोगी हातहरुको समूह (सहास) नेपाल ओखलढुङ्गा जिल्लामा विगत १४ वर्ष देखि सामुदायिक विकासका कार्यहरु गर्दै आइरहेको छ । यस क्रममा सामाजिक रुपमा पछाडि परेका समूदायहरुको सहभागितामा कार्यक्षेत्र गा.वि.स.हरुमा स्थानीय समूदायहरुको सकृयतामा समूहहरु गठन गर्दै काम गर्दै आइरहेको छ। स्थानीय समूदायमा आधारीत सञ्जाल संस्था स्थापना गरी ओखलढुङ्गा जिल्लामा कोटगढी शिखर समाज - कोशिस नेपाल, इलाका १ लिखु देम्वा सामुदायिक विकास मञ्च, इलाका ६ र ग्रामीण महिला जागरण समूहले इलाका ३, ४ र ५ मा गाउँको विकासको जिम्मेवारी लिई सामुदायिक विकासका गतिविधिहरुलाई निरन्तर रुपमा कार्यान्वयन गर्दै आइरहेको छ। यी संस्थाहरुको संस्थागत विकास अन्तर्गत लेखा प्रणालि चुस्त र दुरुस्त राख्न तालिम, प्रस्ताव पत्र विकासमा सहयोग, जिल्ला र बाहिर भएका दातृ निकायहरुसंगको समन्वय गर्ने काममा सहास नेपालले सहयोग पुऱ्याउँदै आइरहेको छ। समूदाय स्तरमा कार्यक्रम कार्यान्वयन गर्ने गरी खाद्य सुरक्षा कार्यक्रम चलाउन ३ वटा संस्थाहरुलाई आर्थिक रकम पनि २०६५ साल माघ महिनादेखि २०६६ साल पौष महिना सम्मको लागि सहयोग गरेको छ। यस्ता कृयाकलापहरुले संस्थाहरु आफै प्रस्ताव पत्र तयार गर्न सक्ने भएका छन् । विभिन्न दातृ निकायहरुसंग साझेदारी गरी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेका छन् ।

## मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रसंग साझेदारी

सहास नेपालले नेपालमा भएका विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय गैससहरुसंग साझेदारी गरी विभिन्न जिल्लाहरुमा कार्यहरु गर्दै आइरहेको छ । यस क्रममा CMC नेपालसंग ओखलढुङ्गा जिल्लामा मनोसामाजिक तालिम सञ्चालन गर्ने गरी १ वर्षे लिखित सम्झौता भएको छ। यस कार्यक्रमको मूख्य उद्धेश्य समूदायमा मानसिक समस्या भएका व्यक्तिहरुको पहिचान गरी आवश्यक उपचारको लागि उत्प्रेरणा जगाउनु र तत्काल परामर्श सेवा प्रदान गर्नु रहेको छ। ओखलढुङ्गा जिल्लामा सहास नेपालको कार्यक्षेत्रबाट समूदायहरुको प्रतिनिधि गराई पाँचदिनको तालिम सञ्चालन भएको थियो । यस तालिम पश्चात आफ्नो क्षेत्रमा गई सहभागीहरुले मानसिक समस्या भएका व्यक्तिहरुको पहिचान गरी आवश्यक परामर्श सेवा प्रदान गर्दै आइरहेको छ । यस कार्यक्रमलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न संस्थाको अध्यक्ष डा. सुरेन्द्र कुमार श्रेष्ठसंग काठमाडौंमा CMC नेपालका प्रतिनिधिले भेट गरी आवश्यक योजनाको विकास भएको थियो ।

## स्कूल अफ शान्ति कार्यक्रम

संस्थागत विकास सञ्जालको सहयोगमा ओखलढुङ्गा जिल्लामा स्कूल अफ शान्ति कार्यक्रम च्यानाम गा.वि.स.का गरीब तथा दलित समूदायलाई आय आर्जन वृद्धि गर्न विभिन्न कृयाकलापहरु सञ्चालन गरीएका छन्। जस अन्तर्गत दलित समूहका ३० जना सदस्यहरु लाभान्वित भएका छन्। यस कार्यक्रम मार्फत गरीब विद्यार्थीलाई पढ्नको लागि छात्रवृत्ती र आय आर्जनको लागि सुँगुर तथा बाख्रा वितरण गरीएको थियो । यस कार्यक्रमले संस्थागत विकास सञ्जाल र सहास बीच थप संस्थागत सम्वन्ध बढाउन सहयोग पुगेको छ ।

### निष्कर्ष

सहास नेपालको समूदायमा कार्य गर्ने आफ्नै तरिकाहरु र प्रक्रिया छ । जुन समूदायसंग बसेर निर्धारण गरिन्छ। हाल सम्म ओखलढुङ्गा र उदयपुरमा गरेर १९९ वटा समूहहरुसंग मिलेर सामुदायिक विकासको कार्यलाई उनीहरुको योजनामा सहयोग गर्दै आई रहेको छ। ओखलढुङ्गा र उदयपुरमा गरी जम्मा ५००० घरधुरी समूहमा प्रत्यक्ष रुपमा आवद्ध छन् । यस क्रममा समूहले आफ्नो साधन श्रोत र सीपबाट परिचालन गर्ने क्रियाकलापको अलावा खानेपानीको श्रोत मर्मत, विद्यालय मर्मत कटान

रोकथाम र आय आर्जनमा वृद्धि गर्ने कार्य पनि गर्दै आएका छन् । यस अवधीमा समूहमा एकताको महसुसीकरण गराउन र दलित र महिलाको सहभागिता बढाउन, विभिन्न तालिम, गोष्ठी, छलफल, अन्तरक्रिया, भेटघाट जस्ता कार्य निरन्तर भई रहनाले उनीहरु उत्साहित भएका छन्। समूहको लिखित नीति नियम र कार्ययोजनाले काम गर्न सजिलो भएको महसुस उनीहरुले गरेका छन् । विकासको कार्यमा गरीब समुदायको पहुँच बढाउन र उनीहरुलाई अझै उत्साहा दिनु जरुरी छ। विकास कसैको निगाहा भन्दा पनि अधिकार भएको र उनीहरुलाई त्यो अधिकारको दावा गर्ने वातावरण सृजना गर्न सहयोग पुग्दै आइरहेको छ । यसबाट उनीहरुलाई कुरा बुझ्ने, जानकारी पाउने प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभान्वित हुने अवसर पाएका छन् । हाल सम्म संचालित कृयाकलापहरुले प्रत्यक्ष गरीब, दलित, महिला र अन्य पछाडि पारिएका समुदायहरुलाई सहयोग पुऱ्याउदै आइरहेको छ। यस कृयाकलापहरुले उनीहरुको दैनिक जीवन निर्वाहमा समेत परिवर्तन आउन थालेको छ । विशेष गरी गरीब समुदायहरुको आर्थिक अवस्था कमजोर भएको हुँदा सीपमूलक र आयमूलक कृयालकलापहरुले उनीहरुको आय स्तरमा केहि बृद्धि गर्न सकेको छ। यसकारण आफ्नो परिवारमा केहि समयको लागि भए पनि खाद्य सुरक्षा गर्न सकेको छ । समुदायहरुमा विकासका गतिविधिहरुलाई निरन्तर सञ्चालन गर्नको लागि सांगठनीक विकास पनि अति आवश्यक हो भन्ने महशुसीकरण गर्न थालेका छन् । ओखलढुङ्गा जिल्लाको इलाका ९ मा स्थानीय समुदायमा आधारीत संजाल संस्थाको स्थापना भई सकेको र संस्थामा सहभागि सम्पूर्ण सदस्यहरुमा हामी आफैले केहि गर्न सक्छौ भन्ने अवधारणाको विकास समेत भएको पाइएको छ ।

यस अवधि सम्म गरीब र आर्थिक अवस्था कमजोर भएका समूहका सदस्यरुहको जीविकोपार्जनमा संचालित कृयाकलापहरुले सहयोग पुऱ्याउदै आइरहेको छ । लक्षित समुदायहरुको शुरुमा काम गर्दा देखाएको आँकडा र काम गर्दै गएपछि परिवर्तन भएको आँकडालाई मूल्याङ्कन गर्दा तीन महिनासम्म खान पुग्ने घरपरिवारहरुको हाल आएर चार देखि पाँच महिनासम्म खान पुग्न सक्ने स्थितिमा बृद्धि भएको छ । यस कारण समुदायहरुलको साना-साना कृयाकलापहरुले पनि आफ्नो जीवन निर्वाहमा बृद्धि गर्न सकिदो रहेछ भन्ने महशुसीकरण गर्न थालेका छन् ।

SAHAS - NEPAL

सहास-नेपाल

# सहयोगी हातहरूको समूह (सहास) नेपाल

पोष्ट बक्स: ८९७५,ई.पी.सी.: १५९०, ललितपुर, नेपाल
फोन: ९७७-१-५५२३७७६, फ्याक्स: ९७७-१-५०१३५०५
ईमेल:sahasnepal@wlink.com.np
वेबसाइट: www.sahasnepal.org.np